# अध्याय एक

## परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि

ऐतिहासिक सम्मिलन-सम्मिश्रण नेपाली समाज एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक देश हो । बहुलता, विविधता नै नेपाली समाजको पहिचान र गौरव हो । विविध जनजाति आ-आफ्नो सामाजिक सस्कार, रीतिरिवाज, रहनसहन, भाषा धर्म एवं सस्कृतिले धनी देश नेपाल पर्यटन, एवं अनुसन्धानको लागि एक आकर्षक थलो बन्न गएको छ । नेपाली समाज कै महत्वपूर्ण अङ्गको रुपमा आदिबासी जनजाति रहेका छन् । यहाँ कुल जनसंख्याको ३७.२% आदिवासी जनजातिहरु बसोबास गर्दछन् । नेपालमा सुचीकृत ५९ वटामा आदिबासी जनजातिहरु वर्गीकृत गरेको छ (जनजाति प्रतिष्ठान २०६०) । आदिमकालदेखी नै इण्डो-आर्यन र टिबेटो-बर्मनमूलका प्रजातिहरुलाई हिन्दु वर्णव्यवस्थामा समाहित गर्नको लागि वि.स.१९१० को मुलुकी ऐनमा तागाधारी (ब्रह्मण,क्षेत्रीय) र मतवली गरी दुई वर्गमा बाडिएको पाइन्छ । भौगोलिक फैलावट र चेतनास्तरका आधारमा बहुसंख्यक र अल्पसंख्यक गरी दुई वर्गमा विभाजित भएको समुहहरु बसोबास गर्दछन् । बहुसंख्यक जनजातिहरु सामाजिक, आर्थिक, राजनितिक, एवं शैक्षिक रुपले समृद्व हुनुका साथै राज्य द्वारा उपलब्ध सबै सेवा सुविधाहरु उपभोग गर्न सक्षम देखिन्छन भने अल्पसंख्यक जनजातिहरु यी सबै क्षेत्रमा पछि परेकाले राज्यद्वारा उपलब्ध सेवा र सुविधाहरुका उपभोगबाट बञ्चित भई कष्टप्रद जीवन बिताउन विवश देखिन्छन् ।

नेपाल एउटा विविध जातीय रुपरंग वोकेको देशको रुपमा चिनिएता पनि कति पय जातिहरुको बारेमा अध्ययन अनुसन्धान हुन नसकेको अवस्था पाइन्छ । हुन त नेपालमा रहेका विभिन्न जातिहरुको अध्ययन अनुसन्धान वि.स २००७/००८ साल देखि मात्र भएको पाइन्छ । त्यस भन्दा पहिले पनि ऐतिहासीक किंवदन्तीका रुपमा, विभिन्न विदेशी यात्रीले लिएको यात्रा विवरणको रुपमा मात्र लिएको पाइन्छ । केही जातिहरुका  अध्ययन भएपनि त्यति तिव्ररुपमा भने भएको पाइदैन विशेषत केही स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरुले आफ्नो सिमित कार्यक्रम संचालन गर्न केही जातिहरुको तथ्याङ्यि आधारलाई मात्र मानेर खोज गर्ने गरेको पाइन्छ (श्रीनिवास १९५२) । भने इतिहास तथा सामाजशास्त्र/मानवशास्त्रका शोधार्थीहरुवाट थोरै मात्र अध्यायन र अनुसन्धान गरेको पाइन्छ ।

भट्टचन ( २००८) का अनुसार indigenous peoples and nationalities दुवै शब्दहरु (terms) एक अर्काका पर्यायवाचि नभए पनि नेपालको सन्दर्भमा जनजाति पनि आदिवासी नै देखिएका छन् भनि उल्लेख गरेका छन् ।

हालसम्म गरिएको जातिगत अध्ययन अनुसन्धान पूर्ण हुन नसकेको अवस्था देखिनुका साथै लोप हुन लागेका जातिहरुको वारेमा किन लोप भईरहेका छन् भनेर प्रश्न गर्नु आजको आवश्यकता वनेको छ । सुचिकृत ५९ आदिवासी जनजातिहरु मध्ये १० जनजाति लोपोन्मूख अवस्थामा रहेको नेपाल सरकारले देखाएको छ । यी १० लोपोन्मूख जाति मध्ये पनि परापूर्व काल देखी नै बसोबास गर्दै आएको जाति “लेप्चा” पनि जनजातिमा पर्दछन् । यो जाति पूर्वी नेपालको विशेषत इलाम जिल्लाको पनि केही गा.वि.स.हरुमा मात्र छरिएर रहेको सामाजिक, आर्थिक, राजनैतिक आदि पहुँचको कमीले लोप हुन लागेको जाति हुनका साथै यही भूगोलकै सेरोफेरोमा बसोबास गर्ने जाति पनि हुन् । हाल आएर केही परिवार आर्थिक, सामाजिक रुपमा कमजोर भएर झापाको दमकमा बसाई सरेको पाइन्छ । जातिय पहिचान देशको ढुकढुकी भएकोले  लोपोन्मूख अवस्थामा भएका “लेप्चा” जातिको अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ । यो जातिलाई लोप हुनवाट वचाई नेपालका विभिन्न जातिहरुको पहिचानको धरोहर सँगै लेप्चा जातिलाई पनि समावेश गरि राष्ट्रिय सम्पदाको रुपमा भण्डारण गर्नु उपयुक्त मानिन्छ । लेप्चा जाति इलाम जिल्ला र भारतको दार्जिलिङ, कालेम्वुङ्ग, सिक्किम र भूटानमा समेत वसोवास रहेको पाइन्छ, । तर यस अध्ययनमा इलाम जिल्ला भित्रका लेप्चा जातिको मात्र अध्ययन गर्ने उद्धेश्यले वर्तमान शोधकार्य तयार गरिएको छ ।

बिक्रमको १८औ शताब्दी शुरु हुनुभन्दा अगावै उनीहरु यँहाको मूल बासिन्दा भएको र उनीहरुलाई त्यति खेरको सरकारले उच्च प्रसाशनिक पदहरुमा बहाल गरी सकेको लालमोहर पनि प्राप्त छन् ।  ती विभिन्न समयमा जारी लालमोहरबाट इलाममा लेप्चाहरुलाई चार सुब्बा र चार काजी पद दिलाएर सीमाना रक्षा गर्ने, आवदगरी बस्ती बसाउने, शान्ति सुरक्षा कायम गर्ने, स-साना मुद्दा मामिला मिलाउने, मालपोत उठाउने, आफ्नो कामको सहयोगको लागि केही कर्मचारी राख्न पाउँने, क्षेत्रीय प्रशाशनहरु सँग सुमधुर सम्बन्ध राखिरहने र उनीहरुको निर्देशननुसार काम गर्ने, ठुलो युद्व भएमा सरकारलाई सैन्य सहायता गर्नु पर्ने जस्ता प्रशाशनिक अधिकार दिनुका साथै उनीहरुको कामको स्वरुप माना चामल, थारो, मुङग्रो, ढोल नगरा, ढाल तरवार र बन्दुक सम्म पनि उपलब्ध गराइएको थियो ( लेप्चा २०४६) ।

लेप्चा जातिको जनसंख्या नेपाल सरकारले २०५८ मा गरेको जनगणना अनुसार ३६०० भएको पाईन्छ । तर नेपालमा लगभग तीन कडोर जनसंख्या भएको देशमा यति संख्या सारै कम हो । अझ भन्ने हो भने २०११ को सर्वेक्षणमा ३१४४ जना मात्र देखिएको छ (लेप्चा उत्थान मञ्च २०६८) ।

लेप्चा जाति लोपोन्मूख जातिमा गणना हुनु भनेको सामाजिक हिसाबले सिनो खाने, जंगलमा बस्ने जंगली, अन्य जातिहरु सगँ सम्पर्क नगर्ने जाति भनी सामाजिक रुपमा हेरिनु भने आर्थिक पक्षमा पनि आफ्नो पैतृक सम्पती अन्य जातिलाई सामान्य मूल्यमा बेच्दै आफु चाहि योग्य खेती नहुने भिरालो जमिनमा सर्ने अन्य कुनै पनि नोकरी नभएको कारणले आर्थिक अवस्था कमजोड हुदै गएकोले अन्य ठाँउमा जीविकोपार्जन गर्न पलायन भएकोले पनि लेप्चा जातिको जनसंख्यामा ह्रास आएको हो । राजनीतिक क्षेत्रमा लेप्चा जातिको कुनै पनि भूमिका नभएको, राजनीतिक भनेको ठूला ठालुहरुले गर्ने मात्र हो भन्ने भावना राखेको कारणले लेप्चा जातिको यसमा पहुचँ छैन भए पनि अरुको नै निणर्यमा चल्ने भएकोले पनि यस क्षेत्रमा पछि परेको हो । पढेर के काम हामी त जंगलमा बसोबास गर्ने जाति हो, पढ्यो भने मरिन्छ भन्ने सोच भएकोले शैक्षिक क्षेत्रमा पछि पर्नु तथा लेप्चा जातिको आफ्नै मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सास्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको, पृथ्वी शाहले एकिकरण गर्नु भन्दा अघि इलाम जिल्लाको भूभागमा बसोबास गरी आएको बासिन्दाका सन्तान भएको जाति हो । तर लेप्चा जातिको आफ्नै सस्कृति, रितिरिवाज, सस्कार आदि कुराहरु बिर्सदै गएको, आफ्नो पहिचानको बारेमा ज्ञान नभएको कारणहरुले गर्दा आफ्नो सम्पूर्ण सस्कृतिलाई छाडेर अन्य जातिको सामाजिक, सस्कृतिक आदि पक्षहरुलाई अवलम्वन गरेको कारणले लेप्चाहरुले आफ्नो पहिचान नै भूलेका छन् । त्यसैले यी कारणले गर्दा पनि लेप्चा जाति लोपोन्मूख अवस्थामा छन् (लेप्चा २०४६) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

कुनै एउटा देशको कुनै एक जाति लोप हुदै जानु भनेको त्यो देशको सम्पति हराउदै जानु हो । खेती योग्य जमीनको अभाव, आर्थिक हिसाबले कमजोरी, शिक्षा लिनु पर्छ भन्ने चेतनाको कमी, नेपाल सरकारको फितलो शाशन व्यावस्था, सीपमुलक र जनचेतना कार्यक्रम संचालनको लागि बजेटको अभाव, सरकारबाट नेपाली भाषालाई मात्र प्राथमिकता दिएको आदि कारणले गर्दा नेपालमा बसोबास गर्ने जनजातिहरुको अध्ययन अनुसन्धान समान रुपमा हुन नसकेको देखिन्छ । इलाममा बसोबास गर्ने लोपोन्मूख लेप्चा जातिको अध्ययन अनुसन्धान थोरै मात्र भएको पाइन्छ । आज भन्दा करिब २५० वर्ष अगाडि वा पृथ्वीनारायण शाहको एकीकरण र सुगौली सन्धी भन्दा अगाडि सम्म इलाम जिल्लामा लेप्चा जातिको आफ्नै राज्य थियो । आज पनि लेप्चा जातिले प्रयोग गरेको राजदरवारको भग्नावषेश पूर्वी इलामको फिक्कल-पशुपतिनगर सडक खण्डको

सुन्दरेपानीमा पाउन सकिन्छ । त्यस बेला राज्यमा अन्य जातिहरुको तुलनामा लेप्चाहरु कै जनसंख्या बढी थियो (लेप्चा उत्थान मञ्च २०६८) ।

वि.स.२०२८ तिर इलाम जिल्लामा मात्र २१ हजारको हाराहारीमा लेप्चा जातिको जनसंख्या रहेको कुरा लेप्चा बुढापाकाहरुबाट अध्ययनको क्रममा जानकारी पाँउन सकिएको छ । त्यस पछि विस्तारै इलाममा बसोबास गर्ने लेप्चा जातिको आर्थिक अवस्था कमजोर हुदै गए पछि आफ्नो जमिनहरु अन्य जातिलाई बिक्रि गर्दै भारतको सिक्किम, दार्जेलिङ्ग, भुटान आदि ठाँउमा गएकोले जनसख्या घट्दै वि.स. २०३५-३६ तिर १० देखि १२ हजार हुदै वि.स.२०५८ को जनगणनामा लेप्चाको जनसख्या ३६६० जना देखिन पुग्यो । हाल आएर सन् २०११ मा ३१४४ जना जनसंख्या रहेको छ । पशिचमीकरण,अन्य जातिहरुको प्रभाव, आधुनिकीकरण, विश्वव्यापीकरणको प्रभावको कारणले उनीहरुको बसाई, घरको बनावट, खुवाई, भाषा, सस्कृती, धर्म आदिमा परिर्वतन भएको पाइन्छ ।

लेप्चा जाति आफ्नै किसिमको परम्परा, भाषा, सस्कार, धर्म रितीरिवाज आदि बोकेको जाति हो । कुनै पनि जाति लोप हुनु भनेको त्यो जातिको जनसंख्या विभिन्न कारणहरुबाट घट्दै जानु हो । यो जाति लोप हुदै जानुमा अशिक्षाको कारण आफ्नो भाषा, संस्कृति, रीतिरिवाज, धर्म आदिको महत्व नबुझ्रेर प्रयोग नगरी बिर्सदै जानु , राज्यको तर्फबाट कुनै पनि प्रकारको विकास सम्बन्धि कार्यक्रम नल्याएको, सामाजिक हिसाबले यिनिहरुलाई स्थानिय स्तरमा राजनैतिक स्थान नदिनु, अन्तरजातीय विवाह, सरकारी संरक्षणको अभाव, बिरामी पर्दा जडीबुटीहरुको बढी प्रयोग, विवाह नै नगरी बस्ने प्रथा, ढिलो विवाह गर्ने प्रचलन, एक ठाँउबाट अर्को ठाँउमा बसाई सर्ने आदि कारणले गर्दा लेप्चा जाति लोपन्मूख हुनु हो । संस्कृतिकरणको कारणले आफ्नो संस्कृतिलाई छाडेर माथिल्लो जातको संस्कृतिलाई अवलम्वन गरेकोले उनीहरुको संस्कृती लोप भएर जानु पनि हो । यदि लेप्चा जातिको मौलिक संस्कृती लोप हुदै गयो भने हामी पछि को हौ ?हाम्रो देशमा बसोबास गर्ने लेप्चा जाति को थिए ? उनीहरुको अस्तित्व के थियो ? भन्ने पहिचान नै हराएर जान्छ ।

समयको दौरानसँगै यो जातिमा पनि आधुनिकीकरण, विश्वब्यापीकरणबाट आफुले पालन गर्ने सस्कृती बदलिन गई सयुंक्र परिवारबाट एकल परिवार, मागी विवाहबाट प्रेम विवाह, विभिन्न विधुतीय प्रविधीहरुको करणले आफ्नो जातीय नाचगान छोडेर डिस्कोमा विदेशी गीतमा नाचगान गर्ने प्रविधीले गर्दा लोप हुने स्थितीमा पुगेको देखिन्छ । करीब २५० वर्ष अगाडि मात्र सम्म राजकीय हैसियतमा रहेको एउटा सिङ्गो जाति त्यसको एक शताब्दि पछि कसरी यस्तो लोपोन्मूख अवस्थामा आइपुग्यो भन्ने विषय अध्ययनयोग्य कुरा छ । त्यसैले यस अध्ययनले मुख्य गरी लेप्चाहरु लोप हुने कारण र हाल उनीहरुको आर्थिक, सामाजिक,

सास्कृतिक, राजनैतिक पक्ष र जीवनशैलीमा आएको परिर्वतनको अध्ययन गरी वास्तविकता उजागर गर्ने प्रयत्न गरिएको छ ।

समाजशास्त्री तथा मानवशास्त्रीहरुले विभिन्न जाति-जनजातिहरुको खोज अनुसन्धान गरेता पनि खास गरेर इलाम जिल्लामा मात्र बसोबास गर्ने लेप्चा जातिको बारेमा गहिरो अध्ययन नभएकाले गर्दा यस अध्ययनमा मैले गहन अध्ययन गर्ने प्रयास गरेको छु । अध्ययन अनुसन्धानलाई बढी मात्रमा व्यवस्थित एंव विश्वसीय बनाउनको लागि निम्न अनुसन्धान प्रश्नहरु समाबेश गरिएको  छ ।

- किन र कसरी लेप्चा जाति लोपोन्मूख अवस्थामा छन्  ?
- किन लेप्चाहरु विवाह नै नगर्ने, ढिलो विवाह गर्ने,अन्तर जातिय विवाह गर्ने गर्छन् ?
- के कारणले गर्दा लेप्चाहरुको बढी मृत्यू भएको हो ?
- जडीबुटीहरुको कारण के कसरी लेप्चा जातिको जनसंख्यामा असर पर्न गयो ?
- लेप्चा जातिको जीवन शैलीमा के कस्तो किसिमको परिवर्तन आएको छ ?

## १.३ अध्ययनको उदेश्य (Objective of study)

नेपाल अनेकतामा एकता भएर रहेको देश हो । यहाँ विभिन्न आदिबासी जनजातिहरु रहेको पाईन्छ । यी विभिन्न आदिबासी जनजातिहरुको बारेमा अध्यायन अनुसन्धान भए पनि इलाम जिल्लामा लोपोन्मूख अवस्थामा रहेको लेप्चा जातिहरुको अध्यायन अनुसन्धान भएको पाइदैन । यो सामान्य अध्यायन अनुसन्धानबाट लेप्चा जातिको बारेमा केही पनि जानकार भएको पाइदैन । त्यसैले लेप्चा जातिको बारेमा अध्ययन अनुसन्धान गरी उनीहरुको बारेमा स्पष्ट रुपमा जानकारी लिने उदेश्यहरुले निम्न विशिष्ट उदेश्यहरु राखी अध्ययन गरिएको छ ।

**विशिष्ट उद्देश्य :-**

- ▶ लेप्चा जाति लोपोन्मूख हुनको कारण पत्ता लगाउने र
- ▶ लेप्चा जातिको जीवन-शैलीमा भएको परिवर्तनको अध्यायन गर्ने ।

## १.४ अध्ययनको महत्व (Signification of Study)

नेपाल विभिन्न जातजाति तथा धर्म सम्पदाका मानिसहरुको साझा फुलबारी हो । यहाँ विभिन्न भाषा, धर्म, सस्कृती बोकेको जातिले भरिएको पाईन्छ । कुल जनसख्याको ३७.२% आदीबासी जनजातिहरुले ओगटेको देशमा अन्य जाती सरह सवै क्षेत्रमा आफनो सहभागिता समान  छैन । त्यस्तै इलाममा बसोबास गर्ने लेप्चा जातिको अध्ययन गर्दा आजको समयमा किन यो जाति घटदो अवस्थामा छन् ? विगतमा भन्दा लेप्चा जातिका जनसंख्या आज आएर किन कम्ती भएको हो र जीवन शैलीमा आएको परिवर्तन बारे जानकारी गराउन यस अध्ययनको महत्व रहेको पाइन्छ ।

यस अनुसन्धानबाट सैद्वान्तिक र व्यवहारिक पक्षबाट महत्व मिल्छ । सैद्वान्तिक महत्व अन्तरगत अनुसन्धानबाट प्राप्त जानकारीले लेप्चा जातिको विभिन्न पक्षहरु वर्तमान स्वारुपको आवश्यक ज्ञान हुनका साथै बिगतका आवस्थाको बारेमा समेत थाहा पाउन सकिन्छ । लेप्चा जातिको संरक्षणको लागि के गर्नु पर्ने र सामाजिक, आर्थिक, सांस्कृतिक ,धार्मिक ,राजनीतिक आदि परम्पराको बारेमा भईरहेको परिर्वतन र यस परिवर्तनको दिशा एवं गतिको पनि सैद्वान्तिक ज्ञान प्राप्त हुन्छ । यस प्रकारको सैद्वान्तिक ज्ञानबाट अन्य जातिगत स्वाभाव, जाति जाति बीचको अन्तर क्रियात्मक परिणामको बारेमा पनि जानकारी प्राप्त हुन्छ । सैद्वान्तिक ज्ञानबाट लिएको जनजातिहरुको विभिन्न पक्षको वर्तमान अवस्थाको जानकारी लिई त्यस जानकारीको सहायताबाट लेप्चाहरुको उत्थानको लागि थप प्रभाकारी कार्यक्रमहरु संचालन गर्न परेमा वा गप्रमिण विकास निर्माण गर्नु परेमा त्यस्ता सघं सस्था तथा सरकारलाई सहयोग पुग्ने छ ।

यस अध्ययनबाट प्राप्त निष्कर्शहरु (Finding) ले लेप्चा जातीको बारेमा कुनै पनि निकाय वा सरकारलाई निति निर्माण गर्न कार्यक्रम बनाउन कार्यन्वयन गर्न परेमा सहयोग पुग्नेछ । हाल राष्टिय जनजातिहरुको आयोगले नेपालको लोपोन्मूख तथा अति पिछडिएका जातिहरुको उत्थानका लागि कार्यक्रम ल्याउन महत्वपूर्ण भुमिका खेलेको पाइन्छ । यस सन्दर्भमा लेप्चा जातिको अध्ययनले विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुलाई अध्ययन अनुसन्धान गर्नको लागि सहयोग पुग्दछ । यसको साथै यस अध्ययनले भि( वष्यमा लेप्चा जातिको बारेमा अध्ययन गर्न चाहाने अनुसन्धानकर्ताहरुलाई एउटा आधार मिल्दछ । त्यस कारणले यो अध्ययन एक महत्वपूर्ण  रहेको छ ।

## १.५ अवधारणात्मक चित्रण


समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरु मध्ये जातीय दृष्टिकोण पनि एक हो । यस दृष्टिकोणले १९५० पछि मात्र चर्चा पाएको थियो । यसले समाजमा रहेका सम्पूर्ण जातजातिलाई आर्थिक,

सामाजिक, शैक्षिक, राजनीतिक आदि क्षेत्रमा समान रुपमा व्यवहार गरिनु पर्दछ, भन्ने मान्यता लाई जोड दिन्छ । जातीय दृष्टिकोणका अनुसार आदिवासी जनजातिहरुलाई गैरआदिवासी जनजातिहरु सरह समान रुपमा राष्टिय् सुविधा दिने भनिए पनि व्यवहारमा उनीहरुलाई दिईने भूमिका भने फरक रहेको पाईन्छ ।

यस अध्ययनमा लेप्चा जातिको जनसंख्या किन घट्दै गईरहेको छ र यिनीहरुको पहिलाको तुलनामा हाल आएर जीवन शैलीमा कस्तो परिवर्तन आएको छ भन्ने वारेमा जानकारी  हासिल गर्न लेप्चा जातिको जनसंख्या र अन्य कुराहरुको सम्वन्धलाई हेर्ने प्रयास गरिएको छ । जसमा लेप्चा जातिहरुको घट्दै गएको जनसंख्यालाई केन्द्रविन्दु वनाएर लेप्चा समुदायका आर्थिक, राजनीतिक, सामाजिक मूल्य–मान्यता, पेशा, सास्कृतिक पक्ष आदि सगँ लोपोन्मूख लेप्चा जातिको जनसंख्या कसरी जोडिएको छ त्यसलाई केलाउने प्रयास गरिएको छ ।

**चित्र १**

**लेप्चा जातिको  लोपोन्मूख हुनका कारणहरु**




### १.६ अध्ययनको संगठनात्मक स्वरूप (outline of the study)

यो अनुसन्धान ८ वटा भागहरुमा बाडिएको छ ।

पहिलो अध्ययनमा अध्ययनको विषय वस्तुहरूको पृष्ठभूमि, समस्याको पहिचान, अध्ययनको महत्व, अध्ययनका उद्देश्यहरू, अवधारणात्मक चित्रण तथा अध्ययनको सांगठनीक स्वरूपलाई प्रस्तुत गर्ने कोशिस गरिएको छ भने दोस्रो अध्ययनमा अध्ययनसँग सम्बन्धीत साहित्यक समिक्षाको वर्णन गरिएको छ । यस अध्ययनसँग सम्वन्धित विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका, तथा लोपोन्मूख जातिहरु सगँ सम्बन्धित पुस्तक आदिको समिक्षा गरिएको छ ।

तेस्रो अध्ययनमा परम्परागत समाजशास्त्रीय विधिको प्रयोग गरि यसको अध्ययन विधि निर्धारण गरिएको छ । यो अध्ययन विधि अनुसार वर्णनात्मक अनुसन्धान पद्धति अपनाई गुणात्मक तथा संख्यात्मक सूचनाहरूको प्रयोग गरिएको छ । अध्ययनका लागि आवश्यक पर्ने सूचनाहरू अध्ययन क्षेत्रको सबै घरपरिवारको सर्वेक्षण गरि प्राथमीक तथ्याङ्क संकलन तथा प्रयोग गर्नुका साथै उपलब्धताका आधारमा द्वितिय तथ्याङ्कहरूको पनि प्रयोग गरिएको छ तथा अध्ययनको सिमालाई पनि यसमा समावेश गरिएको छ । त्यसै गरि चौंथो अध्ययनमा इलाम जिल्लाको सामान्य परिचय, अध्ययन क्षेत्रको परिचय, भौगोलिक स्थिति, जातजातिको बसोबास, लेप्चा जाति बसोबास गर्ने अध्ययन क्षेत्रहरुको परिचय, इलाम जिल्लामा लेप्चा जातिको जनसङख्या विवरण चर्चा गरिएको छ ।

पाचौं अध्ययनमा लेप्चा जातिको सामाजिक तथा सास्कृतिक पक्षहरुको अध्ययन गर्दै लेप्चाहरुको समाजमा कस्तो खालको स्थिती छ र यो जातिले प्रयोग गरेको सास्कृतिक पक्षहरुको कस्तो खालको भूमिका छ यीनिहरुको जातीय पहिचान दिने कुराहरुलाई समेटेको छ । त्यसै गरि छैटौ अध्ययनमा लेप्चाहरुको जनसंख्या किन र के करणले गर्दा घट्दै गएकोले लोपोन्मूख अवस्थामा रहेको हो त्यो कारणहरुको व्याख्या बिश्लेषण गरिएको छ भने सातौं अध्ययनमा लेप्चा जातिहरुको जीवन शैलीमा आएको परिवर्तन के कारणले गर्दा हो त्यो कारणहरुलाई बुँदागत रुपमा विश्लेषण गर्ने कोशिस गरिएको छ ।

सम्पूर्ण अध्ययन प्रकियामा पहिचान गरिएका सूचनाहरूको बिश्लेषणको आधारमा अध्ययनको सारांश तथा निष्कर्ष निकाल्दै अध्ययनबाट प्राप्त तथ्यका आधारमा आवश्यक सुझावहरूलाई यस अध्ययनको आठौं अध्यायमा राखिएको छ ।

# अध्याय दुई

## साहित्यको समीक्षा (Literature Review)

### २.१ सैदान्तिक पृष्ठभूमि

कुनै पनि विषयको शोध र अनुसन्धान गर्दा सम्बन्धित विषयको अतिरिक्त समाजशास्तीय दृष्टिकोणले लोपोन्मूख नेपाली आदिवासी जनजाति सम्वन्धी र अन्य सन्दर्भ सामाग्रीहरुको अध्ययन गरी जानकारी लिनु आवश्यक हुन्छ । जसको मद्दतले अध्ययन गर्ने लोपोन्मूख विषयको कार्यमा सरलता हुन्छ । नेपाल एउटा बहुभाषिक, बहुजातिय, बहुसांस्कृतिक, बहुधार्मिक, राष्ट्र भएकोले मानवशास्त्रीय तथा समाजशास्त्रीय दृष्टिकोणले अध्ययन अनुसन्धानको निम्ति स्वर्ग नै मानिन्छ । यी विविध विशेषता बोकेको नेपालको सामाजिक पृष्टभुमिलाई विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले विभिन्न समयमा विभिन्न पक्षबाट अध्ययन अनुसन्धान गरेको पाइन्छ । नेपालको इलाम र केही घर झापामा बसोबास गर्ने लेप्चा जातिको आफ्नो छुट्टै बिशिष्ट सस्ंकृति, सामाजिक चिनारी, सस्ंकार धर्म छन् । हाल उनीहरुको बारेमा गहन अध्ययन तथा अनुसन्धान हुन सकेको देखिदैन । राजनैतिक शक्ति आफूमा नहुनु, साधन र स्रोतमा आफ्नो पहुँच नपुग्नु, वदलिदो संसार सँगै परिर्वतन भएर आफ्नो भाषा, संस्कृति, रीतिरिवाजमा परिर्वतन भएर लेप्चा पहिचान नै हराएको कारणले गर्दा लेप्चा जाति लोपोन्मूख अवस्थामा पुगेको, उनीहरुको आफ्नो सस्ंकृति लोप हुने अवस्थामा देखिन्छ । यस बारे केही पनि अध्ययन तथा अनुसन्धान राम्रो रुपमा भएको देखिदैन । यी जातिलाई लाप्चा, लाप्चे हुदै लेप्चा भन्ने गरिन्छ । नेपाल, भारतको सिक्किम, दार्जीलिङ, कालिङ्गपुङमा छरिएर रहेको लेप्चा जातिको अध्ययन केही मात्रमा भएको पाइन्छ । प्राय नेपाल देखि बाहिर रहेको लेप्चाहरुको मात्र अध्ययन भएको भए पनि नेपालमा इलाम र झापामा छरिएर सिमित रुपमा रहेका लेप्चा जातिको बारेमा विस्तृत जानकार भएको पाइदैन । त्यसैले यो शोध कार्यको अध्ययनले त्यस क्षेत्रको लेप्चाहरुको समग्र अवस्थाको बारेमा बुझ्न सहायक सिद्ध हुनेछ । नेपालमा गरिएको विभिन्न जनजातिहरुको अध्ययनले सन्दर्भ सामाग्रीको रुपमा लिई पुनरावलोकन गरिएको छ ।

नेपालमा जाति तथा जनजातिहरुको परम्परागत सामाजिक, आर्थिक, सास्कृतिक, धार्मिक रितिरिवाज आदिको अध्ययन अनुसन्धान विदेशी तथा स्वादेशी विद्वानहरुले गरेको पाइन्छ । यसरी समाजशास्त्री तथा मानवशास्त्रीहरुले चाख लिएर विभिन्न जाति र समाजको अध्ययन अनुसन्धान गरी बेला बेलामा प्रकाशित पुस्तक, रिर्पोट र तिनिहरुको योगदानको यस क्षेत्रको उल्लेखनीय चर्चा गरिएको छ । समाजशास्त्रीहरुले

जातजातिको सामाजिक, धार्मीक, सांस्कृतिक एवंम् ऐतिहासिक परिचयलाई विश्वसामू चिनँउन निकै सहयोग पु-याएका छन् । पछि कमसःअंग्रेज, फेन्च, जर्मन, तथा भारतीय लेखकहरुले पनि नेपालका मानवशास्त्रिय अध्ययनमा चाख लिएको पाईन्छ । यी विदेशी विशेषज्ञहरुमा अदमका लेखकहरु (१९३४,१९३५) सीएका लेख(१९०३) चटर्जी (१९५०) को पुस्तक प्रमुख छन् ।

मिश्र, (२०६७) का अनुसार परिवर्तन भएको बुझ्नका लागि ऐतिहासिक रुपले श्रृजित वस्तुगत अवस्थाको विश्लेशण गर्नु पर्दछ । संस्कृति अर्न्तगत रीतिरिवाज, संस्कार, धर्म, अन्धविश्वास आदि परम्परागत मूल्य-मान्यता मात्र निहित हुने होइन । संस्कृति निरन्तर रुपमा परिवर्तनशील हुन्छ । कुनै पनि ऐतिहासिक खण्डको, कुनै पनि समाजको संस्कृति स्थल र निख्ररुपले एकत्रित र एकछत्रीय हुन सक्दैन । समाजमा रहेका बिभिन्नता र असमानता दुई बीच हुने अन्तर्क्रिया र द्वन्दले सांस्कृतिक अन्तर्बिरोध सिर्जना गर्दै सांस्कृतिक परिवर्तनको ढोका निरन्तर खुल्ला राखेका हुन्छन् । संस्कृति परिवर्तन भयो भने पनि कुनै पनि जातिको जीवन शैलीमा परिवर्तन हुन्छ । बाहिरी संस्कृति सँग पनि यस्तो अन्तर्विरोध रहन्छ । यसले पनि 'आन्तरिक' संस्कृतिलाई परिवर्तित तुल्याउँछ । यसका साथै अर्थतन्त्र र राज्यसत्ता/राज्यब्यबस्थामा भईरहेका परिवर्तनले संस्कृतिलाई परिवर्तन गर्छ ।

## २.२ नेपालका लोपोन्मूख जातिहरु सगँ सम्बन्धित अध्ययनहरु : एक समीक्षा

सन् १९५०/५१ पछि नेपालको समाजशास्त्रीय एवंम मानवशास्त्रीय अध्ययनमा उल्लेखनीय विकास हुन पुग्यो । त्यस समयमा नेपालका जातजातिहरुको अध्ययन गर्न देशी विदेशीलाई पनि अनुमति दिइयो । केही नेपाली अन्बेषकहरुले पनि नेपाली जातजाति, समाज, सस्कृति आदि सम्बन्धमा खोज गर्न थाले । त्यस समयमा विदेशी समाजशास्त्री तथा अन्वेशक Lionel Caplan ले Land and Social Change in East Nepal (१९७०) मा पूर्वी नेपालको इलाम जिल्लामा बसोबास गर्ने ब्राह्मण र लिम्बु वा हिन्दु र लिम्बु जाति बीचको सामाजिक, सास्कृतिक, राजनैतिक, आर्थिक पक्षहरुको बारेमा उल्लेख गरेको पाइन्छ । नेपालको मध्य भागमा बसोबास गरेको लिम्बुहरु हिन्दुहरुबाट अलग रहन पूर्वी भाग तिर बसाई सरे तर हिन्दुहरु पनि लिम्बुहरु कै क्षेत्रतिर बसाई सरी लिम्बुहरुको जमीन आफ्नो कब्जामा लिदै गए । लिम्बुहरुका पूर्खाले लडाँईमा योगदान दिएवापत कीपट भूमि प्राप्त गरेका थिए । तर टाठा बाठा, शक्तिशाली, चतुर, शाशक प्रवृतिका ब्राह्मणहरुले सोझा, अशिक्षित लिम्बुहरुको जमिन माथि प्रभुत्व जमाउदै गएपछि लिम्बुहरु भूमिहीन बन्न पुगे । वि.स. १८१८ अघि १००% किपट भएको जमिन सन १८८८ को भुमिनीति, सन १९०१ को किपट जग्गा बेच्न

र  बन्धकी राख्न नपाउने नियमले गर्दा १९६४ मा आईपुग्दा ६०% रैकरमा परिणत भयो र यस पछि बिस्तारै किपट प्रथा नै हराएर गयो । जसको कारण लिम्बुहरु आदिवासी हो भन्ने पहिचान समेत लोप हुन गयो । लिम्बुहरुको जन्म, विवाह, मृत्यु, अन्य विभिन्न सामाजिक संस्कारमा, सास्कृतिक परम्परागत रितीरिवाजमा अत्याधिक रुपमा खर्च गर्ने प्रवृतिको कारण त्यो खर्च बाहुनबाट ऋणको रुपमा लिने र आफ्नो जमिन, गहना, जनावर आदि बन्धकी राख्ने तर त्यो राखेको वस्तु फर्काउन नसकेपछि जग्गा नै बाहुनहरुलाई सुम्पिएर गोर्खा भर्ति, ज्यालादारी, सानोतिनो व्यापार अपनाएर उनीहरु अन्य क्षेत्र तिर लागेको उल्लेख गरेको छ ।

लिम्बुहरु राजनीतिक हिसाबले पनि पछि पर्दै गएको देखिन्छ । जव इलाम लिम्बुको किपट जमिन हराउदै जान थाले पछि लिम्बुको कर उठाउनेलाई सुब्बा र गैरलिम्बुको थरीले उठाउने चलन रहेकोमा जग्गा रैकरमा परिणत हुने कार्यलेले सुब्बाहरुको भुमिका भन्दा थरीको भुमिका महत्वपुर्ण बन्दै गयो जसको समर्थन सरकारी पक्षबाट पनि भयो  यसले गर्दा  बिस्तारै पछि सम्पुर्ण अधिकार थरीको हातमा भयो यसले गर्दा लिम्बु नेतृत्व बिहिन भई बाहुनहरु सँग निर्भर रहनु पर्ने स्थितिको सिर्जना भएको थियो र पछि लिम्बुहरु इलामबाट भुमिहिन हुदै पलायन भएको कारणले फाइदाबाट बन्चित समुहमा परेको उल्लेख गरेको पाइन्छ । यसरी नै यस्तै कारणहरुले नै गर्दा लेप्चा जाति पनि लोपोन्मुख अवस्थामा पुगेको हुन सक्छन ।

लेप्चा जाति नेपालको पूर्वी भाग बसोबास गर्दै आएकोले उनीहरुको ऐतिहासिक पहिचानको बारेमा अध्ययन गर्न आवश्यक छ । लेप्चाहरुको बारेमा लिखित कति पय पुस्तकहरु भारतको दार्जेलिङ, कालिङपोङ र सिक्किमका लेप्चाहरुका बारेमा लेखिएको छ । इलामको लेप्चाहरुको बारेमा थोरै मात्र विद्वानहरुले कलम चलाएका भए पनि उनीहरुले कुनै एक विषयको बारेमा मात्र प्रकाश पारेका छन् । यी विद्वानहरुको कृतीले लेप्चा जातिको कुन कुन पक्षमा प्रकाश पारेको छ भन्ने कुराको मूल्याङ्कन यस समिक्षाबाट थाहा लाग्ने देखिन्छ भने लेप्चा जातिको अध्ययन गर्न सहयोगको लागि नेपालको आदिवासी जनजातिमा पर्ने लोपोन्मूख जातिहरुको बारेमा पनि यस अध्ययनमा साहित्य समीक्षामा राखिएको छ ।

गर्छन् । वास्तवमा कुसुन्डा वा वनराजाको जनसंख्या ज्यादै थोरै भए पनि विभिन्न ठाँउमा छरिएर एकल परिवारका रुपमा बसोबास गर्दै आएको र एउटै भेग एउटै बस्तीमा आफुले विवाह गर्ने आफ्नै जातको नभेटिएको र नभएको कारण अन्तरजातिय विवाह गर्न वाध्य भएको, मिश्रित विवाहका कारण आफ्नो भाषा बोल्नेको संख्या पनि घटदै जानुको कारण भाषा हराउदा सस्कृति लोप भएर जाने, भाषा र सस्कृति हराउँन पुग्दा जातीय अस्तित्व मेटिएर जानु, र आफुलाई कुसुन्डाको सट्टा ठकुरीमा गणना गर्न लागेको कारणले यो

जाति हराउदै गएको हो । नेपालको तनहुँ, गोर्खा, सुर्खेत र दाङ वरपरका जंगलमा घुम्ने फिर्ने जाति हो तर हाल आएर वन जंगल नास हुदै गए पछि उनीहरु वाध्य भएर ब्राम्हण र क्षेत्रीका घरमा खनजोत गरी बस्न थालेको र अरु जाति सगँ वैवाहिक सम्वन्ध राख्न थालेको कारणले गर्दा पनि यो जाति लोप हुदै गएको हो । जम्मा १६४ जनसंख्या (२०५८ जनगणना) भएको उनीहरु पश्चिम एवं मध्य पश्चिम नेपालमा केही सिमित भागमा अर्ध फिरन्ते, एक शिकार खेल्ने र जगंलबाट कन्दमुल संकलन गरी जीवन निर्वाह गर्ने प्रजातिको रुपमा रहेको यो जाति आर्थिक, सामाजिक, राजनितीक, शैक्षिक, आदिको कारणले गर्दा लोपोन्मूख अवस्थामा पुगेको हो (जनजाति तथा दलित अध्ययन केन्द्र ललितपुर) ।

वनकरिया को हो ?(२०६१) मा अति विप्पन्न वर्ग वा जाती बनकरीया जाति नेपालको जातिहरु मध्ये अती कम जनसंख्या (६१ जना) भएको जाति हो । ७०/८० वर्ष देखी मकवानपुर जिल्लाको हाडी खोला गा.वि.स. को दक्षिण भागमा पर्ने चुरे घाँचको सधन जंगलभित्र बसोबास गर्दै आएको जाति हाल आएर करिव १५/२० वर्ष देखी ट्रवाङग्र खोलाको डाँडामा अस्थायी बसोबास गर्दछन् । यो जातिको इतिहास पहिचान हुन नसकेको र उक्त जातिबारे खासै अध्ययन अनुसन्धान भइनसकेको यो समूह फलाना जाति नै हो भनि किटान गर्न नसके पछि स्थानीय बासिन्धाले वनमा बस्ने भएकाले बनकरियाको दिइएको उल्लेख गरिएको छ । अति कम जनसंख्या भएको लोपोन्मुख यो जाति चेपाङ्गको एउटा समूह जस्तै जता मन लाग्यो त्यतै हिड्ने त्यो घुमन्ते फिरन्ते प्राणी वनकर सहर नै वनमा स्वतन्त्र जीवन विताउँने बाँदरे वनकर स्वभाव भएको वनमै वस्ने, खाने काम गर्ने पिउने विवाह तथा जन्म मृत्यु पनि वनमै सम्पन्न गर्ने बाहिरी सामाजिक प्राणी संग टाडा रहने खेतीपाती गर्न त्यती नरुचाउने र जंगली फलफूल कन्दमुल, जनावर तथा चराचुरुङ्गीको सिकार गरी जीवा धान्ने, आपसी मेल मिलाप गरी आफ्नै समूदायमा घुलमील हुन रुचँउने जाति भएकोले उपेक्षीत एंव तिरस्कृत शब्दमा चेपाङ्ग समुदायलेनै बनकर अनि बनकरिया भन्नथाले (मोक्तान २०६१) । यो जातिको जम्मा जनसंख्या ७१ जना (क्षेत्र अध्ययन २०६१) रहेको देखिन्छ । काम गर्न अल्छि गर्ने यो जातिको कसैको पनि नेपाली नागरिकता नभएको, आफ्नो स्वामित्वमा जग्गा जमिन र जग्गाको लालपुर्जा पनि नभएकोले आर्थिक अवस्था अति नै कमजोर भएको, समाजमा अन्य जातिहरुबाट पनि राम्रो व्यहवार भएकोले सामाजिक, सास्कृतिक रुपमा पछि परेका छन् । आफ्नो मातृभाषामा कुनै कतै प्रयोग नभएको राज्य पक्षबाट पनि यो जातिको भाषालाई उपेक्षा गरेको कारणबाट भाषिक रुपमा कमजोर भएको, स्थानिय स्तरमा उनीहरुको पँहुच नभएको, विकासका कार्यमा उपेक्षा गरेकोले यो जाति राजनीतिक आदि कारणले पिछडिएर नै यो जाति लोपोन्मूख अवस्थामाको रुपमा भएको उल्लेख गरिएको छ (मोक्तान, २०६१) ।

स्थायी बसोबास गरेका राउटे जातिमा भएको परिर्वतन र अवस्था बारे विश्लेषण (२०६१) मा लोपोन्मूख अवस्थामा रहेको राउटे जातिको जनसंख्या जम्मा ६५९ जना (२०५८ जनगणना) छ । दुई समुहमा विभाजित रहेको जाति पहिलो समुह पुखौ देखि मध्यपञ्चिमांञ्चलको विभिन्न जिल्लाहरुको बनजंगलहरुमा घुमेर आफ्नो जीवन चलाउने र अर्को समुह सुदुर पश्चिमाञ्चलको डडेलधुरा जिल्लाको जोगबुढा गा.वि.स.को आम्पानीमा र शिर्ष गा.वि.स. खुमौडा ६ मा स्थानीय बसोबास गर्छन् । साहुको ऋणले आफ्नो जग्गा बेच्नु परि सुकुन्बासी भएको कारण ३६ घरपरिवार राउटे बनजंगलको छेउछाउमा स.सा झुपडी बनाएर बसेको पाइन्छ र बाँकी २९ घरपरिवारको मात्र घर सम्म बस्ने जग्गा जमिन रहेको छ । काठ चिर्ने काठबाट बनाएको सामाग्री बेच्ने, स्थानिय खेतिपाती लर कृषि मजदुरी काम गरि जीवनयापन गरेका छन् । सामाजिक, सास्कृतिक, राजनीतिक, आर्थिक, शैक्षिक, नेपाल सरकारको फितलो शासन व्यवस्था, जातीय भाषाहरुको उपेक्षित गरेको आदि कारणले यो जाति लोपोन्मूख अवस्थामा भएको हो (रानामगर २०६२) ।

ठकुरीको सन्तान भनि चिनाँउने राउटे जातिको आय आर्जनको कमिले गर्दा आफ्नो जग्गा जमिन बेची त्यस ठाउँबाट पलायन भएको हो । यो जातिले पढ्यो भने मरिन्छ भन्ने विश्वासमा बाँचेका यी जातिको सस्कार, सस्कृति र इमानदारीता पनि मर्दो रहेछ यदी आधुनिक संस्कार तिर धकेलिंदै लैजाँदा भन्ने कुरा उल्लेख भएको पाइन्छ । जिविको पार्जनको प्राकृतिक स्रोतमा पहुँच शैक्षिक अवस्था स्वास्थ्य सेवामा पहुंच र जडीबुटी सम्बन्धि ज्ञान सीप, घर व्यवस्थापन, व्यवस्थित तरिकाले बसोबास गरेको पाइदैन । नेपाली नागरीकता पनि केहिको मात्र भएको पाइन्छ । तर हाल आएर अन्य जातिहरुको सम्पर्कका कारण रहन सहनमा भएको परिवर्तन खाना र जीवनयापनमा व्यवहारमा सामाजिक तथा राजनितीकमा केहि परिवर्तन आएको पाइन्छ (थापा २०६२) ।

“नेपालको जनजातिहरु भन्ने पुस्तकमा” किसान जाति अल्पसंख्यक जातिको रुपमा रहेको यिनिहरु झापा जिल्लाको धाइजन नगरपालिकामा बसोबास गर्छन । किसान जाति भारतको उडिसा र बिहार प्रान्त भएर उब्जाउ जमिनको खोजीमा नेपाल प्रवेश गरेको हो । यिनीहरुको जनसंख्या अत्यन्तै थोरै ( २०४८ मा २५०० र २०५८ को जनगणनामा २६७६) रहेको जाति लोपोन्मूख जातिमा पर्दछन् । यो जातिहरु केहीको मात्र भुमि भएको र अन्य भुमि हीन रहेको छन् । आफ्नै भाषा, सस्कृति, सस्कार, धर्म भएको यो जाति सामाजिक, आर्थिक, राजनितीक हिसाबले अत्यन्तै पछि परेको जाति हो । शिक्षा क्षेत्रमा १-२ जनाले मात्र उच्च शिक्षा लिएको भए पनि कतिले गरिबिको कारणले आफ्ना केटाकेटीलाई स्कुल पठाउन सकेको छैन । आधुनिकीकरणले गर्दा नँया पिढीले आफ्नो भाषा, सस्कृतिलाई विर्सेको देखिन्छ । यी विभिन्न कारणहरुले किसान जाति लोप हुदै गएको हो (पाण्र्डेय २०६३) ।

"माझी जातिका संस्कार र संस्कृति"(२०६३) मा महादेवको सन्तान मान्ने माझी जाति नेपालको तराई क्षेत्रको भित्री मधेस र नारायणी अञ्चलका प्राय सबै जिल्लामा बसोबास गरेको पाईन्छ । यो जाति एउटा पछौटे र गरिवीको रेखा मुनि रहेको जाति हो । यो जाति प्राय खोलाको छेउछाउमा बस्ने र जाल हालेर, बल्छी लगाएर माछा मार्ने, ढुगां खियाएर मानिसलाई घाट तार्ने, खेतीपाती र पशुपालन गरेर आफ्नो गुजारा गर्छन । आफ्नै भाषा, धर्म, सस्कार भएको माझी जाति अन्य जातिको सगँ बढी घोलमेल भएको कारण, अन्य भाषाको प्रभाव बढेको कारण, नेपाली भाषालाई बढी प्राथमिकता दिएको कारण आदिको कारणले गर्दा यस जातिले आफ्नो भाषा, सस्कृति बिर्सदै गएको छ । आफुले उर्वर बनाएको जग्गा जमीन अन्य टाठा बाठा वा मुलधारका जनजातीका मानिसहरुले अन्यया अत्याचार, दमन र शोशण, छलकपट गरी हडप्ने गरे र यीनिहरु भुमि हिन भई विस्थापित भएपछि भित्री मधेश, भारत र भुटानमा समेत बसाई सरी जान वाध्य भए । भाषा विश्वकै अमूल्यनीधि भएकोले माझी भाषा माझी जातिको मात्र सम्पति नभएर सम्पूर्ण राष्ट्रको सम्पति भएकोले नेपनली र अन्य भाषाको प्रभावले गर्दा माझी भाषाको शब्दहरु लोप हुदै गएको देखिन्छ । माझी भाषाको प्रयोग सबै तिर एक रुपता नहुनु, यो जातिले प्रयोगमा नल्याउनु, अन्य भाषालाई प्राथमिकता दिएर, मातृभाषाको महत्व थाहा नहुनु, आफ्नो भाषाको प्रकाशन नहुनु, कानुनी मान्यता नहुनु, लिपि नहुनु आदिको कारणले यो जाति लोप हुदै जानु हो (माझी २०६३) ।

"हायू" आदिवासी जनजातिको एथनोग्राफी (२०६७) मा आदिवासी जनजातिहरु मध्ये हायू मंगोल समूदायका लोपो मूख्य जाति हो । छुट्टै मौलिक भाषा, धर्म संस्कृती रहन सहन, भेषाभूषा, जीवन पद्धती भएको यो जातिको भाषा, सस्कृती संकटमा परेको राज्यले हायू आदिवासी जनजाति प्रतिको उपेक्षा र अंसवेदन शीलताका कारण लोपोन्मूल आवस्थामा रहेको हो (लिम्बु २०६७) ।

मुख्य पेशा खेती गर्न यो जाति आफ्नो जीविको चलाउन नसके पछि अति गरिवीले विस्तारै अन्य ठाउँमा बसाई सर्न थालेको उल्लेख गरिएको छ । राणाकाल सम्म दासको रुपमा लिएबाट सरकारी सेवामा भर्ना हुनबाट बन्चित हायू जाती पूर्वमा रोङ्गच्वोला पश्चिममा च्यास्कु खोला उत्तरमा सुनकोशी र दक्षिणमा मूल डाँडा रहेको थियो तर हाल यो जाति यो क्षेत्रहरुमा हायूहरु भुमि हिन अवस्था भएको उल्लेख गरेको पाईन्छ । कुल जनसंख्या १८२१ (जनगणना २०५८) भएको उल्लेख भएपनि हाल यो जाति ३६४० रहेको लिम्बुले उल्लेख गरेको पाईन्छ । (क्षेत्र गत अध्ययन २०६७) अन्य विभिन्न जातिहरुको प्रवेश गर्दा विभिन्न जाल झेल गरी हायू जातिको जमिन आफ्नो विर्ता शोषण गरी यो जातिलाई माथि उमन नदिएको हो । सामान्य साधारण घरहरु भएको हायू जातिले रोजगारीको खोजीको कमममा गाउँ घर बाहिर सेना, नेपाल प्रहरी आदिमा भर्ना हुँदा हायू नलेखि राई तथा अन्य जात लेख्ने गरेको र यसरी लोप हुने अवस्था पुगेको हो । (

लिम्बु) जन्मे देखी मृत्यु सम्म गरिने सस्कार आफ्नै मौलिक भावना बोकेको हायू समुदायको आर्थिक अवस्था खयनिय, राजनैतिक सचेतनाको अभावले उनीहरु निर्णायक तहमा पुग्न नसकिएको कारण शैक्षिक, क्षेत्रमा आफ्नो पहुँच नहुनु आर्थिक सामाजिक आदि सबै पक्षबाट परेको हो । आफ्नो भाषामा कुराकानी गर्न सक्ने केही बुढापाका र युवाहरु मात्र  छन् । एउटा भनाई छ  यदि कुनै जातिको अन्त्य त्यस जातिको भाषा र सस्कृतिको अन्त्य हुनु हो । सुरुमा उसको भाषा र संस्कृति नै मर्दछ भने उसको भाषालाई खत्तम गर्नु पर्दछ । यसरी नै हाल आएर हायूको अवस्थामा यस्तै छ । आफ्नो मातृ भाषा नै लोप भए हायू पनि लोप हुदै गएको उल्लेख छ । नेपाली भाषालाई राष्ट्रिय भाषा भनेको कारण शिक्षकहरु विद्यालयमा नेपाली भाषालाई प्रथमिक दिएको हिन्दु धर्मलाई बढी प्राथमिकता दिएको कारण यो जाति लोप उन्मूख अवस्थामा रहेको हो ।

कुशबाडीया जाति एक छोटो चिनारी (२०५८) मा जंगलबाट अम्लिसो र घाँस ल्याई कुचो बनाई बेच्ने भएको कारणले अथवा कुचोको अर्थ कुर्चा र बदियाको अर्थ बाँध्ने (कुचो+बँदिया)=कुचबदिया नामकरण भएको भनाई छ । शैक्षिक, आर्थिक, सामाजिक दृष्टिकोणबाट ओझेलमा परेको कुसबादिया जाति झिनु सस्कार भएको उत्पिडीत लोपोन्मूख जाति हो । भगतेको सज्ञा दिएर उपेक्षित नामले बँहुचर्चा पाएको भएता पनि एक बृद्ध अन्धा असाहायको कारण भागी हिडे मिनीहरु स्वाभिमान परिक्षम छन् । कामको आधारमा नामाकरण भएको यो जाति शुरुमा भैरहवाको बाटो हुदै आएको कुशबबाडीमा नेपालको मध्ये पश्चिमकमञ्चल विकास क्षेत्रको वर्दियाको गुलरिया नगरपालिका वार्ड नं ७ फुल्टेमा, मानिकापुर गा.वि.स को सातौ र इन्द्रपुरको वार्ड नं ३ को इन्द्र गाउँमा बसोबास गर्छन् । डुल्दै ओडारमा बसि कन्दमुल खाँदै स्थान्तर भई रहने आदिम युगिन मानिसहरु झै इकुच वमदिमा जातिको मुसल्मानहरुको छाड धम्की र मार पिटको प्रतिकार गर्न नसकी आफ्नो जाग्गा जमिन माया मारी बुलबुलियाबाट सोषण अन्यायबाट पिडित र विष्थापित भई विस्थापित भएको हो । जनताको निजी जग्गा दुनियाको सम्पति र विरताहरु माथि लुट र यौन स्वेच्छाचार मनाउँदै आएका राण परिवारकै एक सदस्यबाट जमिन कमाई खान (जंग राणा) नपाई दासको रुपमा सबैलाई राखेपछि विस्थापित भएको यो जाति गरिवीको कारण लोपन्मोख हुँदै गएको हो, (जि.सी. २०५६) ।

संकलन गरेको खाध्य वस्तुबाट जिवीको पार्जन गर्न यो जातिको जम्मा जम्मि ३३ घर धुरी र १७२ जना मात्र जनसंख्या रहेको छ । आफ्नै सस्कारहरुमा प्रतिबद्ध यो जाति सामाजिक आर्थिक राजनीतिक शैक्षिक, भाषिक सरकारी दृष्टिकोण रोजगारीको अवसर आदिबाट एक्लिएको आकासमा कऱ्याङ्ग कुरुङ्ग र छोट आख्यम एक्लिएको बाँदर हौ ठूलो रुखको फेदमा उभिएको विरुवा झै ओझेलमा परेर कचल्टिएको यो जाति शिक्षा स्वास्थ्य रोजगारी आर्थिक सामाजिक राजनीतिक धार्मिक संचारहरुबाट बन्चित भई लोप हुन लागेको हो भनि जि.सि.ले उल्लेख गरेका छन् ।

सुरेल जातिको उत्पति धर्म र सस्कृति  एक परिचयमा दोलखा जिल्लाको दुर्गम उत्तरी भेग सुरीखोलाको आसपासमा मूख्य बसोबास गर्न सरेल जाति छलकपट नभएको सरल सिधासाधा इमानदार एवं मलनसार प्रकृतिका छन् । लोपोन्मुख अवस्थामा रहेको यो जातको आफ्नै मातृभाषा परम्परागत रितीरिवाज सस्कृति पहिचान सामाजिक संरचना भएको सुरले जाति भोट बर्मेली परिवारमा पर्दछन् । हिन्दु धर्मको अनुयायी भएको यो जातिको वृद्ध, युवा, केटाकेटी, महिला पुरुष सबैले मदिरापान गर्छन् । सुरी वार्ड नं ७ र ८ खारे गा.वि.स वार्ड नं ४ सरल जातिको आफ्नो किप्पट थलो मानिए पनि यसै ठाउँमा गरीविको कारणले खान बस्न दुःख साहुको ऋणको पिडाबाट पिडित भई २०१२ सालमा कोही दार्जिलिङ्ग कोही काठमाण्डौ तिर लागे । समयको अन्तराल संगै नेपालमा नै लोप हुने यो अवस्थामा देखिन्छ  (आचार्य २०६६) ।

वार्ड नं ७ र ८ मा ३० र खारे गा.वि.स को वार्ड नं. ४ मा ३२ घरधुरीमा कुल जनसंख्या १५० जना रहेको पाईन्छ । (जनगणना २०५८) तर पहिलो २०६६ मा २२७ जना पुगेको छ  (सुरेल उत्थान समाज) । यो जाति अति गरिवी विविध पीडा एंव समस्याबाट पिल्सिरहेको जातीय अस्तित्व नै सबै भन्दा बढी संकटापन्त अवस्थामा रहेको कारण आफुलाई सुरेल भनेर चिनाउनुको सट्टा सुनुवार भने चिनाउनु ले सुरेलहरुमा आफ्नै जातीय अस्थित्व प्रति हिनताबोध उत्पन्न भएको आफ्नो जातीय पहिचान प्रति गौरव गर्न नसक्नु हिनताबोध लिनु आफ्नै ठूलो कमजोरी भई सुरले जाती लोप हुने अवस्थामा भएको हो । (आचार्य २०६६) गरिवी, अशिक्षा, वेरोजगार कुपोषण स्वास्थ्य जस्ता कुराहरुको अपर्याप्त संचार तथा यातायातको अभाव सिचाई खानेपानी तथा सरसफाईबाट बञ्चित रहुन, आफ्नो भाषा सस्कृतिको संरक्षण एवं विकासको अभावले गर्दा भाषा पनि जनसंख्या संगै संगै दिनानुदिन लोप हुने स्थितिमा रहेको कारण भाषाको छुटै लिपि नहुनु भाषाको प्रयोग गर्न प्रयोग कर्ताको संख्या घट्दै जानु आदिले सुरेल जाति लोपोन्मुख अवस्थामा भएको हो (आचार्य २०६६) ।

“राजी जाति एक अध्ययन”मा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेत जिल्लाको भेरी किनारको आसपास यत्रतत्र छरिएर रहेका जाति सामाजिक, सास्कृतिक, राजनितीक एवं आर्थिक रुपमा अति पिछडीएको, कृषि आयबाट जिविको पार्जन गर्न कठिन भएको कारण माछा मार्ने जाल बुन्ने सुन धुने र ज्याला मजदुरी गर्ने काम गरी बाँच्ने गर्दछन् । नेपालको पहाडी हिमाली भेगका आदिवासी भएको दावी गर्न यो जाती बन्दै गएको शहरी करण आधुनिकि करण विकृति विसंगती र अनेकन परिवर्तनहरुले यस समुदायलाई आफ्नो मौलिक्ताको संरक्षण गरी स्वतन्त्र अस्तित्व कायमै राखी आफ्नो पहिचान गर्न ठूलो चुनौति भएको बसोबास ठूलो नदी खोलाकै किनारमा भएको पैशाकै आधारमा नै राजी नाम गरेको जाति लोपहुने अवस्थामा रहेका छन् । (भण्डारी २०५९) अन्य जातिहरु भन्दा छुटै एकान्त स्थानमा बसोबास रुचाउने राजी जाति आफुहरु ठकुरी भएको र केही वर्ष अघि सम्म पनि हाम्रा पूर्खा जनै लगाउदथे तर हाल आएर यो संस्कृति छोडेको संस्कारहरु

आफ्नै प्रकारले सम्पन्न गर्ने हिन्दु धर्म सगँ सम्बन्धित देवी देवताहरुको पूजा गर्ने जाति भित्र धर्म, झाँक्रि, भूतप्रेत, बोक्सी आदि परम्पराहरु प्रचलनमा रहेको भण्डारीले उल्लेख गरेको पाईन्छ । नेपालमा ३२७४ जनसंख्या भएको (जनगणना २०४८) उल्लेख भए पनि २०५८ सालको गणना अनुसार २०+१७१ वा पुरुष २० र महिला १७१ जना उल्लेख भएको छ । अति गरिवीको कारण शिक्षा भाषा उठ्न नसकी लोप हुन लागेको हो भनी भण्डारीले उल्लेख गरेको पाइन्छ ।

"मेचे जाति संक्षिप्त परिचय" मा झापा, मोरङ्ग, सुनसरी जिल्लामा प्राचीनकाल देखि बसोबास गर्दै आएको मेचे जाती विगत कालमा घना जंगल भएकोले विभिन्न डर लाग्दा जीवजन्तु र खतर्नाक महामारीहरुलाई चिन्दै साहसिक रुपमा यस क्षेत्रमा झुण्ड झुण्ड भई बसोबास गर्छन । हाल यस ठाउँमा बसाई सराइले र जातजातिको आगमनले गर्दा यी जातीहरु आफैमा ओझेल पर्दै गएको देखिन्छ । आफ्नै गौरवमय इतिहाँस हुदाँ हुँदै पनि राजनैतिक, आर्थिक, सामाजिक सास्कृतिक शैक्षिक भाषिक पछौटेपनबाट ग्रसित मेचे जातिको संस्कृति संस्कार रीतिरिवाज, रहन सहन शैलि, बुटै पहिरन रहेको पाइन्छ (घिमिरे २०६५) । यो जाति अशिक्षा, अभाव र चेतनाको कमीले गर्दा वर्तमान अवस्थामा फड्को मार्दै अग्रसर हुँदै अघि बड्नु र आफ्नो पूरानो संस्कार संस्कृति, परम्परालाई संरक्षण र खोजी संवर्द्धन गर्न असमर्थ भएकोले मेच जाति लोपोन्मुख अवस्थामा भएको पाइन्छ र अन्य जातिहरु जस्तो यो जातिको प्रगती गर्न सकेको पाइन्न । आफ्नो भाषा संस्कृति इतिहास लेखन गर्न र संस्कृतिको अनुसंधान र संरक्षण हुन मेचे जातिबाट सम्भव देखिन्न । जम्मा ३७६३ जनसंख्या भएको (२०५८) मेचे जाति सोझा, इमान्दार निश्वार्थ भएको कारण विगतको काला दिनमा भूमी सुधार लागु गर्ने क्रममा जमिनको हक वन्दि, धर्म, ढुकुटी आदि जस्ता कानुनी प्रकृया प्ररम्भ भएपछि यी जातिहरुमा शैक्षिक असचेतनाका कारणले तिनै कुराहरुको प्रयोग द्वारा यो समूदाय माथि सामन्ति वर्गबाट विभिन्न षड्यन्त्र, छलकपट द्वारा मुद्धा लगाउने जेल चलान गर्ने आदि कारणबाट एक पछि अर्को भूमि हिन हुँदै गए भने अर्को तर्फ राजनैतिक र शैक्षिक क्षेत्रमा समेत अझ पछाडी पर्दै गएको पाइन्छ । आर्थिक अवस्था आज भन्दा ४/५ दसक अघि सम्म अत्यन्त राम्रो थियो । आफूलाई खान बस्न र लगाउन आफ्नो व्यवहार चलाउन कुनै प्रकारको चिन्ता नभएको तर निरङ्कुस राजतन्त्रको राज्य र शासन व्यवस्थाले सामान्ति वर्गहरुले यिगौ देखी बसेका भूमि पुत्र मेचे जातिहरुको आर्थिक जायजेथा माथी अनेक षड्यन्त्र र जाल रचि मेचे जातीको अस्तित्व माथि खेलबाड गरी उनीहरुको सम्पूर्ण शोशण गरेको उल्लेख पाइन्छ ।

सियार (चुम्बा) जाति गोर्खा जिल्लाको उत्तरी भागमा बसोबास गर्छन । यो जाति नेपालको जनजातिहरु मध्ये अति सीमान्तीकृत जातिमा पर्दछ । बौद्ध धर्मवलम्बी यो जातिको आर्थिक अवस्था अति कमजोर छ । आफ्नै भाषा, सस्कृति, धर्म, रितिरीवाज भएको सियार जाति पढनुपर्छ भन्ने धारणाको अझै पनि

विकास नभएको कारणले गर्दा शिक्षाको क्षेत्रमा अत्यन्तै पिछडिएको जाति हो । सोझा प्रकारको यो जाति आफ्नै भाषा बोल्ने गरे पनि हाल आएर केही मात्रामा आफ्नो संस्कृति लोप भएर गएको छ । सामान्य रुपमा जीवनयापन गर्ने सियार जाति सामाजिक, आर्थिक, राजनितिक, शैक्षिक आदि क्षेत्रबाट पछि परेको कारणले गर्दा अति सीमान्तीकृत जातिको रुपमा रहेको हो (पाण्डेय २०६३ नेपालका जनजातिहरु) ।

## २.३ नेपालका लेप्चा जाति सम्बन्धित अध्ययनहरु : एक समीक्षा

शर्मा (१९७६) का अनुसार पुस्तक "नेपाली जनजीवन"मा इलाम जिल्लामा बसोवास गर्ने आदिबासीको रुपमा रहेका लेप्चा जातिको कर्फोकमा पहिले राजदरवार भएको तर हाल लोप हुने अवस्थामा पुगेको छ । यिनिहरुको पितृथलो उत्तरी वर्मा र आसामका जंगलमा हुनुपर्छ भनि शर्माले उल्लेख गरेका छन् । लेप्चाहरु आफूलाई रोङ्ग भन्दछन्  जसको अर्थ खोच वा खोला किनारको निवासी हुन्छ । यिनिहरु कञ्चनजंगा पर्वतलाई इष्ट देवता मान्दछन् । जीवन गर्भवाटै सुरुहुने धाराणा राख्ने यो जातिमा गर्भ रहेको पाँच महिनासम्म अनुशाशनमा बस्नुपर्ने विश्वास भएको उल्लेख गरेका छन् । शर्माका अनुसार लेप्चा जातिमा मागि र चोरी विवाह प्रचलित छ । लेप्चा जातिले मरेको मानिस वा लासलाई धार्मिक परम्पराअनुसार लामाको निर्देशनमा लास जलाउने,गाड्ने वा नदीमा फाल्ने गर्दछन् । लासलाई ढोकाबाट निकाल्ने चलन कम छ तर लामाले जुन दिशाबाट निकाल्ने निर्देशन गर्छ त्यतैबाट निकालिन्छ र लासको हात प्रार्थना गरेको अवस्थामा राखिन्छ । पाँच-सात वा उन्चास दिनमा अन्तिम संस्कार सम्पन्न गर्दछन् भन्ने कुरा उल्लेख छ ।

यसप्रकार शर्माले लेप्चा जाति सम्बन्धी लेखेको भए पनि यसमा थोरै कुराहरु मात्र समेटेका छन् भने अर्को कुरा उनले उल्लेख गरेका कुराहरुको स्रोत खुलाएका छैनन । त्यस कारण यसलाई खोजपूर्ण । आधिकारीक मान्ने आधार छैन र लेप्चा जाति बारे अन्य कुरालाई समेटेको पाँइदैन ।

बैध  लगायत ले सन् २००० मा काठमाण्डौवाट "The Lapcha of Nepal" नामक पुस्तकमा इलाम जिल्ला र त्यसभित्रका विभिन्न स्थानहरुको नाम लाप्चा भाषावाट राखिएको भन्ने पुष्टि गरिएको छ, साथै लाप्चाहरुको विभिन्न ऐतिहासिक पक्षको जानकारी, लाप्चा जातिमा काजी र सुब्बाको अवस्था, लेप्चाको धार्मीक पक्षको जानकारी, लेप्चा जातिको समुदायको अवस्थाको चित्रण गरिनुका साथै लेप्चा जातिमा भएको विभिन्न थर र गोत्रको उल्लेख गरी लेप्चा जातिको सास्कृतिक पहिचान गराउने प्रयास गरेका छन् । वहाँकै अनुसार लेप्चा जातिको उत्पत्तिवारे विभिन्न अडकलवाजी वा किम्वदन्तीहरु भएपनि ऐतिहासीक प्रमाण नभेटिएको तर कञ्चनजंघा पर्वतलाई पवित्र सृष्टी थलो मान्दै आएको कुरा उल्लेख छ । लेप्चाहरु इलाम र केही घर झापा जिल्लामा बसोबास गर्ने गर्छन । यी मध्ये कतिपय अंग्रेजको शासनकालमा ईसाइ धर्मका भक्त

रहे पनि, इलामका लेप्चाहरु लामा जस्ता पुरोहितको प्रयोग र वौद्ध धर्मको अवलम्वन गर्ने गरेको र कतिपयले गुफामा बसोबास गर्ने  लेप्चाहरु अरु जाति जस्तै स्वर्ग र नरकमा विश्वास राख्नुका साथै भूतप्रेतमा विश्वास गर्ने तथ्य उल्लेख गरेको पाईन्छ ।

"The Lapcha of Nepal" नामक पुस्तकमा लेप्चा जातिको जनसंख्या किन घट्दै गएको हो र उनीहरको जीवन शैलीमा हाएको परिवर्तन आदिको बारेमा सामान्य जानकारी दिए पनि के कारणले जनसंख्या घट्दो छ भन्ने कुरा समेटेको छैन ।

अर्का विद्वान तकनिलमू लेप्चा (१९७८) का अनुसार लाप्चाहरु कञ्चनजंघा पर्वतलाई वडो पवित्र र सृष्टि थलो मान्दछन् । यिनीहरुको भाषामा  यस पर्वतलाई "कीङ्ग-चुम चोङ्ग बू" भन्दछन् । जस्को अर्थ भाग्यशाली निधार हुन्छ । आजकाल पनि सिक्किम, दार्जेलिङ्ग, इलामका लेप्चाहरु उनीहरुको पंचाङ्ग अनुसार चौथो महिनाको चौथो दिन धुमधामसँग कञ्चनजंघा पर्व मनाउँदछन् । यसैले यसवाट पनि उनीहरुको उत्पत्ति र विकास कञ्चनजंघाको क्षेत्रवाट भएको ठान्दछन् र वडो सम्मानका साथ यो पुजा गरि आफू भाग्यशाली भएको ठान्दछन् र आफ्नो अत्यान्तै चोखे र पवित्र स्थलमा जन्म भएको पवित्र जाति भएको महसुस गर्दछन् । यिनै लाप्चो भएको ठाउँमा वस्ने वासिन्दालाई लाप्चे,लाप्चा हुदै लेप्चा भन्ने गरिएको अनुमान छ । कर्णाली अंचलको हुम्ला जिल्लामा लाप्चा भञ्ज्याङ्ग छ तर त्यहाँ लेप्चा जाति भने छैनन ।

इमान सिङ चेम्जोङका (२०२६) अनुसार सातौ शताब्दीमा एउटा चिनिँया समूह मुङमावराङ भन्ने व्यक्तिको नेतृत्वमा त्याहाँको राजनैतिक परिर्वतनले गर्दा दक्षिण वर्मातिर वसाई आए । त्यहाँवाट पनि उनीहरुले बसोबास गर्ने ठाँउ उपलब्ध नभएको कारण, खानको लागि वस्तु नपाएकोले सातौ शताब्दीको मध्य तिर वसाई सर्दै वंगालको उत्तरमा आइपुगे र त्यहाँको घना जंगललाई फाडी गाऊँ वसाए । त्यो गाऊँको नाम आफ्नो नेताको नाममा मावरोङ राखे त्यही मावरोङ शब्द अपभ्रश भई हालको मोरङ्ग भएको कुरा विश्वास गरिएको छ । सातौ शताब्दीको अन्त्य तिर मावरोङ राजाले राज्य विस्तार गरी पूर्वी भाग हुदै इलामको मेची नदीसम्म पुगेर बसोबास गर्न थाले । चेम्जोङले उनीहरु किन इलाम नै गएर बसे भन्ने कुरा चाही प्रस्ट नपारे पनि अन्य कुराहरुबाट जानकारी भए अनुसार जब लेप्चा राजाले विस्तार गरेको ठाँउहरु मध्ये इलामको वातावरण राम्रो, उनीहरुले चिसो वातावरण मन पराउने, भिरालो जमिनमा बस्न रुचाउने, काम गर्न सजिलो हुन्छ भनि पहाडी ठाँउमा आफ्नो सबै जनतालाई लिएर इलाम पसेको कुरा भनाई छ । त्यसरी नै पूर्वको राजाहरुले प्रयोग गर्ने भाषा र लिपिलाई "रोङ" लिपि भनियो, त्यस पछि रोङ भाषा र लिपि अपनाउने राजालाई "रोङ"भनियो र त्यही रोङका सन्तान नै अहिलेका लाप्चा हुन् भनेर भनिन थालियो र हाल उनीहरु रोङका सन्तान भएको कुरा स्वीकार्ने गर्दछन् ।

लाप्चाहरु कञ्चनजंघा पर्वतलाई वडो पवित्र र सृष्टि थलो मान्दछन् । यिनीहरुको भाषामा यस पर्वतलाई "कीङ्ग-चुम चोङ्ग बू" भन्दछन् । जस्को अर्थ भाग्यशाली निधार हुन्छ । आजकाल पनि सिक्किम, दार्जेलिङ्ग, इलामका लेप्चाहरु उनीहरुको पंचाङ्ग अनुसार चौथो महिनाको चौथो दिन धुमधामसँग कञ्चनजंघा पर्व मनाउँदछन् । यसैले यसवाट पनि उनीहरुको उत्पत्ति र विकास कञ्चनजंघाको क्षेत्रवाट भएको ठान्दछन् र वडो सम्मानका साथ यो पुजा गरि आफू भाग्यशाली भएको ठान्दछन् । आफ्नो अत्यान्तै चोखे र पवित्र स्थलमा जन्म भएको पवित्र जाति भएको महसुस गर्दछन् । यिनै लाप्चो भएको ठाउँमा वस्ने वासिन्दालाई लाप्चे, लाप्चा हुदै लेप्चा भन्ने गरिएको अनुमान छ ( लेप्चा १९७८) ।

लाप्चा भाषामा "लाप्चो" को अर्थ देवराली वा दुई पहाडको थाप्लो भएको ठाउँ हुन्छ । प्राचिनकालमा तिब्बत तर्फ नून लिन जाँदा यस्तै "लाप्चो" हरुमा भेला भई जाने गर्दथे । यिनै लाप्चो भएको ठाउँमा वस्ने वासिन्दालाई लाप्चे अथाव लाप्चा भन्ने गरिएको अनुमान छ । कर्णाली अंचलको हुम्ला जिल्लामा लाप्चा भञ्ज्याङ्ग छ तर त्यहाँ लाप्चा जाति भने छैनन् । यस्तै लेप्चा नामांकरणको वारेमा भएको प्रचलित कथा अनुसार एकजना "इमेम्पा" ले लिम्बुकी छोरी विहे गरेका थिए । बेहुला अलिक गरीव परिवारको हुनाले ससुराली जाँदा कुखुराको भाले सिसार (कोशेली) लिएर गएछ । ससुराली पुगेपछि उनका साला-सालीहरुले सिसार ल्याएको भालेको पखेटा समाई "लाप-चे" भनी जिस्काउन थाले । लिम्बु भाषामा लाप भनेको पखेटा र "चे" भनेको खानु हुन्छ । यिनी चराचुरुङ्गीको शिकार गरि खाने भनि लाप-चे भनी जिस्काउदा जिस्कायदै इमेप्पा र लिम्बूकी छोरीको सन्तान नै लाप्चे, लाप्चा हुदै लेप्चा भएको भनाई पाइन्छ ( वैध२०४६) ।

लाप्चा भाषामा लेप भन्नाले गुफा वा गुप्त स्थान हो । ओडार वा गुफाहरुमा वस्ने भएकाले नै यिनीहरुलाई लेप्चा भनिएको हुनसक्छ । प्रचलित लोक कथा अनुसार पाण्डवहरुले गुप्तवास वस्ने क्रममा कञ्चनजंघाको फेदनेर लेपको खोजी गरे तर पत्ता लगाउन सकेनन् अनि रिसले कलीयुगमा त्यो स्थानको श्रीद्ध नहोस् भनि श्राप दिए र अन्य स्थानतिर लागे । त्यसै अर्को लोककथा अनुसार लाप्चाहरु आफूलाई रोङ भनि भन्दछन् । उनीहरुको भाषामा रोङ को अर्थ पर्खनु, कुर्नु, ढुक्नु भन्ने हुन्छ । परापूर्वकालमा लाप्चाहरुको देश ( रोङ ल्याङ) अनिकाल, भूखमरी, महामारी आदि फैलेर धेरै दुःख कष्ट हुने भविष्य वाणी गरिएको थियो । त्यस्तो कष्टवाट उद्धारका लागि हिमालय चट्टानहरुमा टासेथिङ (सृष्किर्ता भगवान) ले २३ वटा गुप्त भण्डारहरु राखेका छन् उनी आफै आई वाँडी दिनेछन् भनी विश्वास गदर्थे । यिनै टासेथिङवाट गुप्तधन वितरणका लागि पर्खनेहरु "रोङ" भए भन्ने प्रचलन छ ( वैध २०४६) ।

छिरीङ (१९७१) ले "लेप्चा जातिको संक्षिप्त परिचय" मा लाप्चे शब्दको उत्पत्ति, भाषा, थर र गोत्र, धर्म, रहनसहन, विवाह मुत्यु संस्कार र चाडपर्व, आर्थिक पक्ष,भाषा, साहित्य र पौराणिक, लोककथा, किंवदन्ती

वारे रोचक शैलीमा उल्लेख गरेको पाइन्छ । छिरीङ आफ्नो लेखमा लेप्चाले आफूलाई “रोङ” भन्दछन् यो शब्दको मूलशब्द “आरोङ” हो जस्को अर्थ सर्वोच्च स्थान अथार्त लाप्चाहरु आफ्नो उत्पत्ति सर्वोच्च टाकुरा कंचनजंघावाट भएको भन्ने ठान्दछन् र कंचनजंघाको पूजा गर्ने गरेको,लेप्चाहरु हिमालको फेदीमा उत्पत्ति भएका र वसोवास हुने भएकोले यीनीहरु पहाडको राम्रो र उच्च माग भएको इलाम, दाजिलिङ्ग, कालिङ्गबुड, सिक्किम क्षेत्रमा वसोवास गरेको उल्लेख गरेका छन् । लेखकले लेप्चाको उत्पत्तिको वारेमा भगवानले कञ्चनजंघा पर्वत मालावाट दुई मुठी हिउ उठाई पुरुष
(महाशक्ति-फदोङ) र स्त्री (सोदासोभाग्यवती नजोङ ज्यू) को सृष्टी गरी लाप्चे जातिको उत्पत्ति भएको र आजकल बौद्ध र इशाई धर्मका अनुयायीका रुपमा प्रवेश गरेता पनि यिनीहरु प्रकृतिको पूजागर्ने खोलानाला, पर्वत, भूत प्रेतको विश्वास गर्ने गर्दछन् भनि उल्लेख गर्नु भएको छ ।

छिरिङ्गले लेप्चा जातिको बारेमा प्रकास पारे पनि उनले भारतीय लेप्चाहरुको परिवेशमा रहेर लेखेको हुनाले इलामको लेप्चाको बारेमा यसबाट ज्यादै थोरै मात्र जानकारी भएको छ ।

कार्की (२०५८) ले “इलाम दर्शन”मा लेप्चा जाति इलामको आदिवासी जाति भएको उल्लख गरेका छन् । इलाम बाहेक नेपालको अन्य क्षेत्रमा लेप्चा जातिको बसोबास नभएको,नेपालको पूर्वी पहाडी जिल्ला इलामको पनि कन्काई नदी पूर्व लाप्चा राज्य थियो उक्त राज्य सन १८८४ मा लेप्चा काजी युक्ल(ाथुपले पाएको उल्लेख गरेको पाईन्छ । नेपाल एकिकरण गरे पछि पृथ्वीनारायण शाहले फिक्कल, आइतबारे क्षेत्रमा राजधानी भएको लेप्चाहरुलाई काजी पद दिएका, लेप्चाहरु बौध धर्म मान्ने, आफ्नै भाषा भेषभुषा र आफ्नै धार्मीक परम्परा, रितिरिवाज, सस्कार अनुसार कार्यहरु गर्ने सोझो र इमान्दार जाति हुन, हाल अन्तरजातिय बिबाहको कारणले मासिदै गएको भनी उल्लेख गरेको पाइन्छ । कार्कीले लेप्चा जातिको भेषभुषा, धार्मीक परम्परा र यीनिहरुको अन्तर जातिय बिवाहको कारणले मासिदै गएको उल्लेख गरे पनि अरु कारणले पनि घटेको कुरा प्रस्ट पारेको छैन ।

मेचीदेखी महाकाली (२०१९) भाग एकमा  लेप्चालाई सिधा, परिक्षमी, मिलनसार रमाइलो सधै आशावादी रहने,खानपान नाचगान र शिकारबाट बिशेष आन्नद लिने जातिको रुपमा उल्लेख गरिएको छ । यसमा लेप्चाहरु गर्भबाट जीवन शुरु हुन्छ भन्ने ठान्दछन् । त्यसैले गर्भ रहेको पाँच महिना देखी नव जीवनको कल्याणको लागि विभिन्न अनुशाशन र नियमहरु पलना गर्ने गर्दछन् । बच्चा जन्मेको ३ दिन सम्म गर्भमा नै रहेको ठान्दछन् । त्यस पछि मात्र बच्चा जन्मेको औपचारिक रुपमा घोषणा गरी मत भन्ने लेप्चा पूरोहितबाट सुत्केरी र बच्चा चोख्याउछन् । त्यस दिन भोजको आयोजना गरिन्छ  र छोरा भए सुगुँर अथवा बाख्रा र छोरी भए कुल पशु काटिन्छ भनी लेप्चा सस्कार बारे उल्लेख गरेको पाइन्छ । लेप्चा केटाको बिबाह हुदाँ आमा

बुबाले केही माग्ने काम गर्दैनन । सो काम केटाको काका वा काका पर्नेले गर्दछन् । मगनी भएको १८ महिना पछि मात्र विवाह सम्पन्न हुन्छ र मूत्यु संस्कार बारे पनि उल्लेख गरेको पाइन्छ ।

मेची महाकाली ग्रन्थमा लेप्चा जातिको सामाजिक संस्कारको प्राचीन विधिविधानबारे उल्लेख गरिएको छ तर हाल त्यसमा धेरै परिवर्तन भईसकेको कुरा र यस जातिको आर्थिक, सास्कृतिक, जनसंख्याको बारेमा उल्लेख गरेको पाँइदैन ।

राजभण्डारीले तत्कालीन इलाम जिल्ला पञ्चायतबाट वि.स २०३६ साल जेष्ठ महिनामा प्रकाशित "सौगात" इतिहास अङ्कमा डने र नेबु लेप्चा जातिको बारेमा लेखेका छन् । यस लेखमा राज भण्डारीले लेप्चा जातिको उत्पति धर्म तथा वर्गको बारेमा, लेप्चा समाजको प्रशासनमा एवं धर्ममा काजी, सुब्बा, लामा र पारसी (जो काजीको दुत हो) आदिको भूमिका र लालमोहरको नमुना, लेप्चा सस्कृति र सिन्धुबेसीको सभ्यता बीच समानता छ भन्ने विवरण दिइएको छ । प्रस्तुत लेखमा लेप्चा पुराण अनुसार १८ वटा विभेद रहेको त्यस मध्ये डने र नेबु पनि समाजमा विशेष स्थान ओगटेको वर्ग भएको उल्लेख गरेका छन् ।

इलाम जिल्लामा बसोबास गर्ने लेप्चा र सिक्किमका लेप्चाहरु बीच भाषागत फरक रहेको, डने र नेबु बीच सांस्कृतिक वर्गका पनि समनता नभएको हुँदा इलामका लेप्चाहरु क्ञ्चनजंघाबाट नै आएको हो भन्ने जनविश्वास दिएका साथै लेखकले मछिन्द्रनाथको उल्लेख गरी हिन्दु र बौद्ध धर्मको अन्तर सम्बन्धलाई प्रष्टाउदै उनीहरुको धार्मीक सहिष्णुता, रितिरिवाज ,लोसार पर्व सन्दर्भमा डने र नेबु बीचको भुमिका पनि उल्लेख गरेका छन् ।

भण्डारीले यस लेखमा रितिरिवाज, चाँड पर्व, संस्कृती, धर्म आदिको कुरा गरे पनि यीनिहरुको जनसंख्या, भाषा, यीनिहरुमा आएको परिवर्तनहरुको बारे केही कुरा पनि पाँईदैन ।

खत्री (२०६२) ले "लेप्चा जातिको सास्कृतिक, सास्कृतिक विशिष्टटा, परिर्वतनको प्रभाव र संरक्षण" मा लेप्चा जातिको उत्पती, लगायत विभिन्न मतहरु उल्लेख गर्दै कञ्चनजघांमा बस्ने पूरानो बासिन्दा नै लेप्चा हुन र यीनिहरु सिक्किमबाट आएका होइनन, यीनिहरु आदिम काल देखी नै इलाम जिल्लामा बसोबास गर्दै आएको प्रमाण दिनु भएको छ । लेप्चा जातिहरुको आफ्नो सस्कृती हराउदै गएको यीनिहरुको बसोबास इलाम जिल्लामा र इलामको पनि १५ वटा गा.वि.स.मा मात्र सिमित रुपमा भएको उल्लेख गर्दै २०४६ साल अघि काजी सुब्बा पदका लेप्चाबाट अरु लेप्चा शोषित भएको र शोषित भएको कारण इलाम छाडी अन्य ठाँउ वा भारत तिर पलायन भएको, सोझा परम्परावादी भएका कारण लोपोन्मूख अवस्थामा भएको उल्लेख गरेको पाइन्छ । यीनिहरुको अन्तर सास्कृतिक सम्बन्धको प्रंभाव, बाह्रय प्रभाव, स्वास्थ्य सम्बन्धी प्रभाव आधुनिकता

शिक्षा आदिको कारण पनि आफ्नो सस्कृती परिर्वतन भई लेप्चा जातिको सस्कृती लोपोन्मूख अवस्थामा रहेको र सस्कृती लोप हुने अवस्थामा हुनु भनेको यो जाति पनि लोप हुनु हो भनी उल्लेख गरेको पाइन्छ ।

खत्रीले लेप्चा जातिमा सामाजिक, सास्कृतिक रुपमा परिवर्तन भएको, यीनिहरुको पद, बसाई सराईको कारणले लोप हुदै गएको उःल्लेख गरे पनि अन्य राजनैतिक कारण आदिले पनि लोप हुन लागेको कुरा उल्लेख गरेको पाँईदैन ।

लेप्चा (२०६६) ले "इलामका लेप्चा महिलाहरुको सामाजिक, सास्कृतिकत तथा आर्थीक पक्षको अध्ययन" मा लेप्चा जातिको उत्पति सम्बन्धी विभिन्न मतहरु प्रस्तुत गर्दै लेप्चा जातिहरु पूर्वी जिल्ला इलाममा र १–२ घर झापाको दमकमा मात्र बसोबास गरेको उल्लेख गरेका छन् । उनले लेप्चा जाति परापूर्वकाल देखी नै इलामको १५ वटा गा.वि.स मा मात्र बसोबास भएको र झापामा बसाई सरेर इलामबाट नै गएको उल्लेख छ । काजीले लेप्चा जातिको आफ्नो माछा मार्ने, काठको काम गर्ने जस्ता परम्परागत पेशा गर्न छाडेको अन्य जातिहरुको कार्यलाई अपनाएको कारणले गर्दा आर्थीक अवस्था कमजोर भएको, स्थानिय क्षेत्रमा कुनै पनि कार्यक्रममा सहभागी नगराएको वा चासो नगरेको कारण राजनितिक क्षेत्रमा पछी परेको पाइन्छ । आफ्नो संस्कार, आफूले मनाउँदै चाडँ पर्वहरुलाई छाडेर अन्य जातिहरुको धार्मीक रीतिरिवाजहरुलाई अवलम्वन गरेको कारणले उनीहरुको परम्परागत जीवन परिवर्तन भएर नेपालबाट नै लेप्चा जातिको अस्तित्व लोपोन्मूख अवस्थामा रहेको उल्लेख पाइन्छ ।

यी माथि उल्लेख गरिएका सान्दर्भिक साहित्यको अध्ययन गर्दा प्रकाशित एवं अप्रकाशित पुस्तकबाट लेप्चा जातिको बारेमा एकै प्रकारको मात्र खोज अनुसन्धान भएको पाइयो प्राय लेप्चा जातिको सामाजिक, आर्थिक, सास्कृतिक, राजनितिक आदि पक्षको मात्र उल्लेख भएको तर यीनिहरुको घटदो जनसख्या र यीनिहरुको जीवन शैलीमा आएको परिवर्तन बारे कुनै पनि कुरा समेटेको पाइदैन । त्यस कारण लेप्चा जातिको अवस्था बारेमा स्पष्ट र व्यापक रुपमा सबै पक्षको अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान बिधि (Research Method)

इलाम जिल्लाको १५ वटा गा.वि.स.मा मात्र सिमित रुपमा रहेको लोपोन्मुख जाति लेप्चाको बसोबास पाँइन्छ । यस मध्ये श्रीअन्तु, फिक्कल र कन्याम गा.वि.स.को अध्ययन गर्ने जमर्को गरेको छ । खास गरी यस अध्ययन क्षेत्रको छनौट तथ्याङ्क संकलनको तरिका, तथ्याङ्क बिशलेषण तथा प्रस्तुति तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क संकलन गर्दा आएका कठिनाइहरु आदि प्रस्तुत गरिएको छ । यो अध्ययनमा बिशेष गरी वर्णात्मक विधीको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

यस अध्ययनमा वर्णनात्मक ढाँचालाई (Descriptive Research Design) अध्ययनको आधार बन(इएको छ । अनुसन्धानको लागि अन्तर्वार्ता अनुसुची, प्रश्नवलीको प्रयोग गरी इलामको कन्याम, श्रीअन्तु र फिक्कल गा.वि.स.मा बसोवास गर्ने लेप्चा समुदायको शिक्षा, उमेर, समूह, परिवारको किसिम, सामाजिक, आर्थिक, सांस्कतिक, धामिर्क, राजनीतिक आदि पक्षको बारेमा अध्ययन अनुसन्धान गर्ने भएकोले वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरेको छ । साथै लेप्चा जातिको विविध पक्षको अध्ययन गरी यस जातिको उत्थानको लागि गरेको प्रयास र यसमा रहेको कमि कमजोरीको पहिचान गर्दै अझ सशक्त बनाउन वर्णात्मक पद्धतिको प्रयोग गरी प्राप्त गरेको सुचनाहरुको विश्लेषण र व्याख्या गरिएको छ ।

## ३.२ अध्ययनको समग्रता र नमुना छनौट प्रकिया (Universe and Sample)

अध्ययन क्षेत्र इलाम जिल्लाको १५ वटा गा.वि.स.मा बस्ने लेप्चा बस्तीहरु मध्ये कन्याम, श्रीअन्तु र फिक्कल गा.वि.स.लाई अध्ययन क्षेत्रका रुपमा लिइएको छ । कन्याम, श्रीअन्तु र फिक्कल गा.वि.स.को लेप्चा जातिमा जम्मा १५५ घरधुरी रहेका छन् । यस क्षेत्रमा बसोबास गर्ने समग्र घरधुरीलाई अध्ययनमा समेट्न समय, श्रोत र साधनको दृष्टिले कठिनाई हुने भएकाले प्रत्येक गा.वि.स.को जनसंख्या सूचिको आधारमा Random Sampling method को प्रयोग गरी ४० प्रतिशत घरधूरिलाई नमुनाको रुपमा छनौट गरिएको छ । अध्ययन क्षेत्रको गा.वि.स.हरुबाट सर्वप्रथम लेप्चा जातिको घरधुरीको नाम संकलन गर्ने कार्य गरियो । प्राप्त १५५ वटा घरमूलीको नाम साना कागजका टुक्रामा राखेर एउटा भाँडो भित्र राखी Random Sampling method प्रक्रिया अनुसार एकवटा घर गर्दै ६२ वटा घरधुरी छान्ने काम गरियो । छनौटमा परेका अध्ययन क्षेत्रका घरधूरि संख्या र छनौटमा परेका घरधूरिलाई तालिकामा प्रस्तुत गरिएको छ

तालिका :-१

| क. स. | ग.वि.स. | घरधूरि संख्या | छनौटमा परेका घरधूरि संख्या |
|---|---|---|---|
| १ | फिक्कल | ७३ | २६ |
| २ | श्रीअन्तु | ३८ | १६ |
| ३ | कन्याम | ४४ | २० |
|  | जम्मा | १५५ | ६२ |

## ३.३ सुचनाको प्रकृति र स्रोत (Nature and sources of data)

यस अध्ययनको लागि गुणात्मक एंव संख्यात्मक दुवै प्रकारका तथ्याङ्कहरुलाई प्रयोग गरिएको थियो । त्यसै गरी यो शोध कार्यमा प्राथमिक र द्वितीय स्रोतबाट सुचनाहरु संकलन गरियो । प्रथमिक सुचनामा त्यस क्षेत्रमा बसोबास गर्ने जनजातिमा पर्ने लप्चाहरुको वारेमा स्थल गत अध्ययनबाट प्रात्त अन्तर्वार्ता, स्थल गत अध्ययन, सहभागी अवलोकन, समुह गत छलफल, प्रश्नवलीहरु आदी रहेको छ भने द्वितिय स्रोतमा विभिन्न संस्थाहरुले संकलन गरेको तथ्याङ्कहरु, विभिन्न विद्वानहरुले लेखेका पुस्तकहरु, पत्र पत्रिका प्रकाशित तथा अप्रकाशित ,इन्टरनेट, शोध पत्र आदीको समावेश गरिएको छ । खास गरी यो अध्ययनमा गुणात्मक प्रकृतिका सुचनाहरु राख्ने प्रयास गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलन विधिहरु (Techniquesof data collection)

यस शोध कार्यको लागि आवश्यक सुचनाहरु संकलन गर्नको लागि निम्न विधिहरुको प्रयोग गरिएको छ ।

### ३.४.१ सहभागी अवलोकन (Participant observation)

धेरै जसो तथ्याङ्कहरु अन्तर्वार्ता सुचीको प्रयोगबाट प्राप्त गर्ने कोशिस गरिए पनि लेप्चा जातिको समग्र स्थिति थाहा पाउन सुचना आउन सम्भव नहुने भएकोले अवलोकन विधिको पनि प्रयोग गरियो । यसले तथ्याङ्कको गुणात्मक पक्षमा बिषेश जोड दिएको छ । यस कममा शोध कर्ता लेप्चाहरुको घर बनावट,आँगन, बसाई, प्रयोग गर्ने भाँडा्कुँडा उनीहरुको व्यवहारिक कियाकलाप, कामकाज, छरछिमेकीहरु सगँको सम्वन्ध, परिवारीक संरचना, पशुपालन, खेतीपातीमा उनीहरुको भुमिका, व्यापार घरपरिवार, उनीहरुको जनसंख्यामा आएको परिवर्तन, जीवन शैलीमा भएको परिवर्तन र उनीहरुको परिवारीक निर्णय गर्ने अवस्था आदिको सहभागी अवलोकन पद्वतिबाट उत्तरदाताहरुले दिएको प्रश्नको जवाफबाट सुचना संकलन गरिएको थियो ।

### ३.४.२ अर्ध संरचित अन्तरवार्ता ( Semi –structured Interview)

लेप्चा जातिहरुको अध्ययनमा आवश्यक तथ्याङ्क संकलनको लागि अर्धसंरचित अन्तर्वार्ता (semi–structured interview) सूचीको प्रयोग गरियो । यस अध्ययनको लागि चेकलिष्टका आधारमा उत्तरदातालाई

खुल्ला प्रश्न अनुसार मुल रुपमा लेप्चा जाति कसरी लोप भएको हो वा लेप्चाहरुको जनसंख्या आज किन र के कारणबाट घटदै गएको हो ? लेप्चाहरुको जीवनशैलीमा आज आएर कस्तो र के कारणहरु परिवर्तन भएको छ, भन्ने कुरामा विषेश जोड दिदै लेप्चा जाति सम्बन्धि राम्रो जानकारी दिन सक्ने, भरपर्दो लेप्चा जातिको लामा, लेप्चा उत्थान मञ्चका प्रतिनिधीहरु ११ जना र केही लेप्चा बस्तीमा बसोबास गर्ने गैर लेप्चाहरु सगँ विस्तृत रुपमा अन्तर्वार्ता लिइएको थियो । अध्ययन छनौटमा परेका ६२ घरपरिवारहरुमा प्रत्येक परिवारबाट एक एक जना सगँ तयार पारिएको प्रश्न अनुसार आवश्यक तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । यसबाट प्रत्येक घरधुरीको लागि तयार पारिएको प्रश्नबाट लेप्चाहरुको जनसंख्या घट्नुको कारणहरु,यीनीहरुको जीवनमा आएको परिवर्तनको बारेमा तयार पारिएको प्रश्नहरुको जवाफमा विभिन्न खालको जानकारी प्राप्त गरिएको थियो ।

## ३.५ तथ्याङ्कको ब्याख्या तथा बिश्लेषण (Data Analysis and Presentaion)

शोधपत्र तयार गर्ने क्रममा प्राप्त तथ्याङ्क तथा सुचनाहरुलाई परम्परागत समाजशास्त्रीय एंव तथ्याङ्कशास्त्रीय पद्वति अनुरुप तथ्याङ्कको तालिकीकरण तथा विश्लेशण गर्ने कोषिश गरेको छु । अध्ययनलाई बढी भन्दा बढी वैज्ञानिक तथा तथ्यपरक गराउनको लागि प्रात्त तथ्याङ्कलाई तालिकामा वर्गीकरण गरि आवश्यक अनुशारका प्रतिनिधिमुलक तथ्यहरु प्रतिशत निकालेर प्रस्तुत गरिनेछ । तथ्याङ्कहरुको प्रस्तुतीकरण धैरै जसो वर्णात्मक विधि,वा तथ्यको प्रकृती अनुरुप गरिएको छ ।

## ३.६ अध्ययनको सिमा (Limitations of the Study)

जुन सुकै अध्ययन अनुसन्धानको पनि आफनै क्षेत्र र सीमाहरु हुन्छन् । वास्तवमा अनुसन्धान कार्य भनेको नै कुनै निश्चित अवधि, निश्चित ठाउँ र निश्चित उद्येश्य प्राप्त गर्न गरिने कार्य हो । त्यसैले अध्ययनको पनि आफनै निश्चित सिमा भित्र रहेर गरिने हेनाले त्यही सिमा भित्र मात्र यसको परिणाम र निष्कर्शहरु मान्य भएका छन् ।

नेपालको सुदुर पूर्वी इलामको ४८ गा.वि.स र एउटा नगरपालिका मध्ये पूर्वी क्षेत्रका १५ वटा गा.वि.स.हरुमा मात्र लेप्चा जातिको बसोबास रहेकोले भौगोलिक दृष्टिकोणले त्यती ठूलो क्षेत्र ओगटेको छैन । त्यसैले लोपोन्मूख अवस्थामा रहेको जातिको अध्ययन गर्न १५ वटा गा.वि.स मध्ये कन्याम, श्रीअन्तु र फिक्कल गा.वि.स.नै मेरो अध्ययन अनुसन्धान क्षेत्र रहेको छ ।

- मैले अध्ययन अनुसन्धान गर्न खोजेको कुरा इलाम जिल्लामा बसोबास गर्ने लेप्चा जातिको जनसख्या किन घटदो अवस्थामा छ भन्ने बारेमा हेरेको छु ।
- मैले यसमा लेप्चा जातिमा आएको परिवर्तनलाई विश्वासिलो तरिकाले हेर्न जोड दिएको छु ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय (**Introduction to Study Area**)

यहाँ अध्ययन क्षेत्रको भौगोलिक अवस्था हावापानी, जनजीवन र प्राकृतिक वनस्पति तथा पशुंपक्षी आदिको बारेमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यसको अलवा अध्ययन क्षेत्रको, तथा जिल्लाको समेत सामान्य परिचय दिने प्रयास गर्नुको साथै नेपाललाई भु-धरातलीय आधारमा हिमाल, पहाड, तराई गरी तीन भागमा विभाजन गरिएको छ । यही भौगोलिक विभाजनको कारणले गर्दा यी क्षेत्रको भु-धरातलीय हावापानी, उत्पादन र जातजातिहरुको बसोबास समेत फरक फरक रहेको पाईन्छ । यस अध्ययन क्षेत्र जहाँ लेप्चा जाति बसोबास गर्ने स्थान इलामको १५ वटा गा.वि.स.हरु (श्रीअन्तु, समालबुङ्ग, फिक्कल, कन्याम, कोल्बुङ्ग, जिर्मले, इरौटार, पन्चकन्या, पशुपतिनगर, गोर्खे, जोगमाई, गोदक, लक्ष्मीपुर, शान्तिपुर, नामसालिङ्ग) मध्ये श्रीअन्तु, फिक्कल र कन्याम मात्र लिएको छ । यो नेपालको सुदुरपूर्वी पहाडी जिल्लामध्ये इलाम जिल्लाको पूर्वी भेगमा अवस्थित छ ।

### ४.१ इलाम जिल्लाको परिचय

इलाम जिल्लाको परिचयलाई बिभिन्न उप-शीर्षकहरुमा प्रस्तुत गरिएको छ ।

#### ४.१.१ भौगोलिक स्थिति

नेपालको मानचित्रमा सामुन्द्रिक सतह बाट ३०० देखि ३६३६ मिटर सम्म उचाई रहेको १,७०३ वर्ग कि.मि. क्षेत्र फल रहेको जिल्ला हो इलाम । यो महाभारत श्रृखलाको दक्षिणी भागमा पर्दछ । यस जिल्लाको भू-भाग लाई अग्ला होचा, डाँडाकाडा, सानाठूला वन जंगल र पहाडी साना-साना नदीनालाहरुले घेरेर रहेको छ । यो जिल्ला प्राकृतिक रुपमा ज्यादै सुन्दर जिल्ला हो । यसलाई “पूर्वको स्वर्ग” पहाडकी रानी, “हरियो सुन” (Green gold) भएको ठाँउ भनि पुकारिने गरिन्छ । यो जिल्ला प्राकृतिक रुपमा अति सुन्दर पनि छ, यहाँ देशी तथा विदेशी पर्यटकहरु धैरै मात्रामा आउने गर्दछन् । यस जिल्ला भित्र सडकको अवस्था अन्य पहाडी जिल्ला भन्दा राम्रो अवस्थाको छ, यहाँ मुख्य गरेर झापा देखि ताप्लेजुङ्गसम्मको मेची राजमार्ग रहेको छ । यस जिल्लाको सिमाना पूर्वमा भारतको दार्जिलिङ्ग, पश्चिममा मोरङ्ग र धनकुटा उत्तरमा पाँचथर र दक्षिणमा झापा जिल्लासँग जोडिएको छ । जिल्लाको पूर्वमा श्रीअन्तु, कन्याम, करफोक, पंचकन्या जस्ता अति सुन्दर पहाडी श्रृखलाहरु पर्दछन् भने उत्तरी क्षेत्रमा सन्दकपूर, छिन्टापुर, तुम्लिङ, जौवारी जस्ता अग्ला-अग्ला पहाडहरु छन् त्यसै गरी पश्चिमी क्षेत्रमा सिद्धीथुम्का, जितपूर, शान्तिपुर जस्ता डाँडाहरु पर्दछन् र दक्षिणी भागमा केही भित्री मधेश, वेशी छन् र वाँकी भू-भागमा सुगम पहाडहरु रहेका छन् ।

### ४.१.२ जातजातिको बसोबास

यस जिल्लामा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, तामाङ्ग, मगर, गुरुङ्ग, शेर्पा, हेल्मू, भोटे, लाप्चा, कामी, दमाई, सार्की, नेवार र मारवाडीहरुको पनि वसोवास रहेको पाइन्छ । यस जिल्ला जातिगत वसोवासको किसिमले हेर्दा सवैभन्दा वढी राई जातिको वसोवास  रहेको पाइन्छ । राई लिम्बु जाति जिल्लाको प्रायः गा.वि.स.मा छरिएर रहेको पाइन्छ । जिल्लामा ठूलो संख्यामा राई, लिम्बू, व्राम्हण, क्षेत्री, तामाङ्गहरुको वसोवास रहेको पाइन्छ विशेषतः मगर, गुरुङ्ग, शेर्मा आदि मंगोल सम्प्रदायका जातिहरु पनि ठूलै संख्याको रुपमा वसोवास गरेको पाइन्छ । यस जिल्लामा नेवार र माडवारी भने व्यापार गर्नका लागि यस जिल्लाका सवै साना-ठूला वजारहरुमा छरिएर रहेका छन् । यस जिल्लामा अल्पसङंखयक जातिको रुपमा रहेको हेल्मू, भोटे, लाप्चे आदि जस्ता मंगोल नश्लका जातिहरुले पनि आफ्नो जातिय भाषा नै घर व्यवहारमा वोल्ने गरेको पाइन्छ । यी जातिका सवैजसो मानिसहरुले आफ्नो मातृभाषा वोलेको पाइन्छ भने तामाङ्ग, मगर र गुरुङ्गहरुको भने आफ्नो जातिय भाषा थोरैले मात्र वोल्ने र बुझ्ने गरेको पाइन्छ । परिवारमा मात्र सिमित रुपमा वोलिने यी भाषाहरुको प्रयोग हालका नवपिढीले नगर्ने हुदा प्रायः ति मातृभाषाहरु लोप हुने स्थितिमा पुगेका छन् । इलाममा वोलिने नेपाली भाषा र पश्चिम नेपालमा वा इलाम देखि अन्य जिल्लामा वोलिने भाषाको लवज फरक पाइन्छ । यहाँ विशेष गरि दार्जिलिङ्गतिर बोलिने नेपाली भाषाको वढी प्रभाव परेको थोरै अंग्रेजी शब्दहरु मिसाएर वोलिने भएकोले अलि फरक प्रभाव परेको देखिन्छ । यस जिल्लामा मुख्य गरेर हिन्दु र बौद्ध धर्मावलम्वीहरु छन् । तर छिटफुट रुपमा मुशलमान र ईशाई धर्मावलम्बीहरु समेत रहेको पाइन्छ । तर पनि धार्मिक सहिष्णुता र एक अर्काको धर्म, धार्मिक स्थल, चाडपर्व, पूजाआजा, जात्रामेला जस्ता साँस्कृतिक कार्यक्रमहरुमा समलग्न हुन सम्मान गर्ने परम्परा रहदै आएको छ । हिन्दुको पवित्र स्थल र देवालयहरुमा पाथीभर, (कोल्वुङ्ग, गजुरमुखी, माइपोखरी, पन्चकन्यादेवी, माईस्थान, सिंहवाहिनी, सेतीदेवी आदि उल्लेखनिय छन् भने वौद्ध गुम्बाहरुमा चित्रेगुम्वा, बोद्धधाम गुम्वा, यङथङ गुम्वा कजनी, फेन्सोङ गुमवा फिक्कल, तम्वोतागेलिड गुम्वा, समालवुङ्ग गुम्वा आदि प्रमुख मानिन्छन् । यस वाहेक अन्य साना साना आफ्ना गाउँ समुदाय विच वनेका देवीस्थानहरु मठ मन्दिरहरुमा सवै जात जातिहरु मिलेर उत्तीकै सम्मान र आस्थाका साथ पूजा आरधना गर्ने परम्परा पनि यस जिल्लाको विशेषता भने पनि हुन्छ ।

## ४.२ लेप्चा जाति बसोबास गर्ने अध्ययन क्षेत्रहरुको परिचय

इलाम जिल्लामा जम्मा १५ वटा गा.व.स. (श्रीअन्तु, समालबुङ्ग, फिक्कल, कन्याम, कोल्बुङ्ग, जिर्मले, इरौटार, पन्चकन्या, पशुपतिनगर, गोर्खे, जोगमाई, गोदक, लक्ष्मीपुर, शान्तिपुर, नामसालिङ्ग) हरु लेप्चा जातिले बसोबास गरेको पाइन्छ । यस गा.वि.स.हरु मध्ये श्रीअन्तु, फिक्कल, कन्याम यस शोध ग्रन्थको अध्ययन क्षेत्रमा

पर्दछ । यस क्षेत्रको ६५.५३ प्रतिशत देखि ८०.६६ प्रतिशत साक्षरता दर रहेको छ । समुन्द्र सतह १७५ देखि २०२० सम्म उचाई रहेको यी क्षेत्रहरुमा कम्तिमा ३४६३ र बढीमा १००६० को हाराहारीमा जनसंख्या बसोबास गरेको पाइन्छ । यस १५ वटै गा.वि.स.मा  कृषि, पशुपालन, व्यापार र पर्यटन मुख्य पेशा रहको छ । समशितोष्ण हावापानी रहेको यो क्षेत्रहरुमा ब्राम्हण, क्षेत्री, राई, मगर, लेप्चा, घले, गुरुङ्ग, विश्वकर्म, शेर्पा,तामाङ्ग यल्मु, नेवार आदि जातजातिहरु एक छत्र रुपमा छरिएर बसेको पाइन्छ । यो क्षेत्रहरुमा प्राय चिसो वातावरण भएकोले गर्दा बाक्ला कपडा लगाउने गर्छन ।

## ४.३ इलाम जिल्लामा लेप्चा जातिको जनसङख्या विवरण

नेपालको पूर्वीपहाडी जिल्ला इलामको आदिबासी जातिको रुपमा परिचित जाति लेप्चा पनि एक हो । इलाम जिल्लाको मेची नदी पश्चिम र माईखोला पूर्व क्षेत्रका जम्मा १५ वटा गा.वि.स. मा मात्र यो जाति अल्पसङ्ख्यक रुपमा छरिएर रहेको पाइन्छ । यस बाहेक छिमेकी राष्ट भारतको दार्जिलिङ्ग, कालिम्पोङ्ग र सिक्किमका विभिन्न क्षेत्रमा लेप्चा जातिको बसोबास पाइन्छ । भारतका यी क्षेत्रहरुमा यस जातिको जनसङख्या बढी नै रहे पनि नेपालमा भने अल्पसङ्ख्यक रुपमा रहेको पाइन्छ । सन २००१ को राष्टिय जनगणना अनुसार लेप्चा जातिको जम्मा जनसङख्या नेपालमा ३,६६० रहेको थियो । सन् २००१ को जनगणनामा इलाम जिल्ला बाहेक नेपालको अन्य क्षेत्रमाहरुमा पनि लेप्चाहरुको बसोबास रहेको देखिन्छ । तर हाल आएर  इलाम बाहेक झापा जिल्लामा केही लेप्चाहरु बसोबास गरेका छन् । ती पनि इलामबाट नै बसाई सरेर गएका हुन् त्यस्तै काठमाडौ उपत्यकामा पनि नगन्य सङख्यामा लेप्चा जाति बसेको पाइन्छ तर उपत्यकामा रहेका लेप्चाहरु अधिकांश भारतबाट आएका हुन र यीनिहरुको नेपाली नागरिकता पाइदैन । यस बाहेक नेपालको अन्य क्षेत्रहरुमा लेप्चाहरु बसोबास गरेको प्रमाण पाइँदैन । यदि पाइँए पनि नेपाली नागरिकता नभएको पाइँएको छ । राष्ट्रिय जनगणना २०५८ सालमा मुस्ताङ्ग जिल्लामा ६३४ जना लेप्चाहरुको संख्या देखिएको छ तर क्षेत्रगत अध्ययनको क्रममा उत्तरदाताहरु साथै जानकार व्यक्तिहरु, जनजाति प्रतिष्ठानका प्रतिनिधिहरुबाट, लेप्चा उत्थान मञ्च केन्द्रिय कार्यलय फिक्कल इलामबाट जानकारी पाएँ अनुसार यो तथ्याङ्क गलत भएको दावी गरेका छन् । त्यस कारणले यसबारेमा थप अनुसन्धान गर्न आवश्यक देखिन्छ । इलाम जिल्लामा लेप्चा जातिको घरधुरी एवं परिवार संख्या निम्न वमोजिम रहेका छ ।

## तालिका नं.-२
## इलाम जिल्लामा लेप्चा जातिको घरधुरी एवं परिवार संख्या

| क.शं | गा.वि.स. | घर धुरी संख्या | २०११ कुल जनसंख्या | २००६ कुल जनसंख्या | २००४कुल जनसंख्या | २००१ कुल जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | फिक्कल | ७३ | ४४३ | ४१९ | ३६८ | ३२६ |
| २ | समालबुङ्ग | ६५ | ३४२ | ३०७ | २९६ | २६६ |
| ३ | इरौटार | ६९ | ४१७ | ३५९ | २७५ | ३२८ |
| ४ | श्रीअन्तु | ३८ | १९० | १९७ | १८३ | १५५ |
| ५ | कोलबुङ्ग | ५७ | ३२३ | ३२७ | ३१० | २६८ |
| ६ | जिमर्ले | ३१ | १६७ | १७४ | १५७ | १४२ |
| ७ | नामसालिङ्ग | ९ | ३९ | ३८ | ४२ | ३४ |
| ८ | शान्तिपुर | ३४ | १७१ | १५७ | १४५ | १६१ |
| ९ | गोदक | ३० | १४८ | १४० | १२६ | १११ |
| १० | पशुपतिनगर | १५ | ९१ | ६२ | ७३ | ७७ |
| ११ | लक्ष्मिपुर | ५ | २२ | १४ | १० | १२ |
| १२ | जोगमाई | २७ | १८० | १४४ | १४४ | १३८ |
| १३ | पञ्चकन्या | ४० | ३२४ | २२० | २२४ | २७१ |
| १४ | कन्याम | ४४ | २३६ | २११ | २२२ | १९७ |
| १५ | गोर्खे | ६ | २० | १६ | १६ | १४ |
| १६ | जम्मा | ५४३ | ३१४४ | २७८४ | २५८९ | २५२० |

**स्रोतः जिल्ला विकास समिति इलाम र लाप्चा उत्थान मञ्च, फिक्कल २०११**

नेपाल सरकारले आर्थिक तथा भौगोलिक हिसाबले पछी परेको अति नै न्यून जनसंख्या भएकोलाई लोपोन्मूख जातिमा राखेकोले इलाम जिल्लामा बसोबास गर्ने लेप्चा जातिलाई पनि लोपोन्मूख मानिएको छ । इलाम जिल्लामा लेप्चा जातिको वितरण र जनसंख्या माथि उल्लेख गरे बमोजिम रहेको छ । तुलनात्मक रूपमा २००१ को जनगणना भन्दा २००४ को तथ्याङ्कमा जनसंख्या केही बढेको त्यस्तै गरी २००६ भन्दा २०११ मा केही रुपमा बढेको देखिन्छ । तथ्याङ्कले के देखाउछ भने तुलनात्मक रूपमा जनसंख्या बृद्धि भएपनि देशको जनसंख्याको तुलनामा यो ज्यादै कम संख्यामा पर्दछ ।

# अध्याय पाँच

## लेप्चाको सामाजिक तथा सांस्कृतिक पक्षहरु

नेपालमा बिभिन्न समुदायको विभिन्न सामाजिक सांस्कृतिक पक्ष रहेको पाइन्छ । मानवशास्त्र तथा समाजशास्त्रको पनि यस्तो सामाजिक सांस्कृतिक पक्षलाई संरक्षण गर्नु पर्छ भन्ने उद्देश्य राखेको हुन्छ । कुनै पनि राष्ट्रको संस्कृति, सभ्यता, धर्म, साहित्य, दर्शन, चित्रकला, संगीत, परम्परागत मान्यता, शासनको रूप, कानुन, रितीरिवाज आदि अनेकौं नियमहरूको सृजना भएको पाइन्छ । संस्कृति र सभ्यताको हिसावमा नेपाल धेरै धनी छ । वास्तवमा जातीय पहिचान झल्काउने चीज नै सस्कृति हो । संस्कृति विना मानिस अध्यारो मरुभूमिमा बाँचे सरह हुन्छ । भनिन्छ नि यदि कुनै जातिको अन्त्य त्यस जातिको जातीय भाषा र सस्कृतिको अन्त्य हुनु हो । शुरुमा उसको जातीय भाषा र संस्कृति नै मर्दछ भने उसको जातीय पहिचान खत्तम भएर जान्छ । जुन जातिको जातीय सस्कृति छ त्यो मात्र वास्तवमा जातीय पहिचान बोकेको जाति हो । यदि कुनै जाति हो भने त्यो जातिको सस्कृति जीवित हुनु पर्दछ परिवर्तन हुनु हुदैन । त्यसैले कुनै जाति लोप हुदै जानु भनेको त्यस जातिको भाषा, संस्कृतिका सम्पूर्ण पक्ष समाप्त हुदै अन्य भाषा, सस्कृतिले ठाँउ लिँदै जानु हो । त्यस कारण यस ठाँउमा बसोबास गर्ने लेप्चा जाति पनि लोप हुदै जानुमा सास्कृति पक्ष पनि एक कारण हो । लेप्चा जाति अन्य जातिहरु सगँ बढी घुलमेल भएको कारणले लेप्चा सस्कृति कमजोर हुदै गएको छ । जब दुई वटा सस्कृति एक आपसमा भेट हुन्छ, त्यस बेला कमजोर स्रस्कृति मजबुत संस्कृतिको प्रभाव पर्दछ । त्यसपछि चाहेर वा नचाएर पनि कमजोर संस्कृति परिर्वतन हुन्छ (ऐम्बर एण्ड एम्बर,१९९५:४५३) । लेच्चा जातिको जनसंख्या कम हुदै जानुमा विभिन्न सांस्कृतिक पक्ष लोप हुदै जानु हो । त्यसैले सामाजिक सास्कृतिक कारणले यो जाति कसरी लोप हुदै गएको हो भन्ने जानकारी विभिन्न यी कुराहरुबाट थाहा पाउँन सकिन्छ ।

### ५.१ सास्कृतिक पक्ष

#### ५.१.१ भेषभूषा तथा गरगहना

नेपालमा बसोबास गर्ने प्रत्येक जातजातिहरुको भेषभुषा विभिन्न प्रकारको पाइन्छ । सबै जातिहरुले लगाउने भेषभूषा पनि आ-आफ्नै मौलिक किसिमका छन् । यसको प्रयोगमा स्थानीय हावापानी, वातावरणले प्रभाव पारेको हुन्छ । तर एउटै हावापानी र वातावरणमा बसोबास गर्ने जातजातिबीच पनि भेषभूषा फरक फरक हुन्छ । त्यो कारण हो प्रत्येक जातजातिको आफ्नो मौलिकपनको हो । भेषभूषाको आधारमा कुनै पनि जातिको जातीय पहिचान गर्न सकिन्छ । त्यस्तै गरी प्रत्येक जातजातिले प्रयोग गर्ने गरगहना पनि फरक फरक किसिमको हुन्छ । तिनीहरुले पनि आफ्नै मौलिक किसिमको गरगहना लगाउँने गर्दछन् ।

विशेष गरी लेप्चाहरू पनि प्राय गर्मीमा भन्दा जाडो हावापानीमा वस्ने भएको हुनाले न्यानो तर आफ्नै प्रकारको विशेष लुगा लगाउँने गर्दछन् । यिनीहरूको आफ्नो भेषभूषा अनुसार महिलाहरूको दम्वुन अथवा गादा( यो कालो रङ्गको लम्बाई ४ मिटर र चौडाई ५७ इन्च भएको बख्खु जस्तै माथिदेखि तलसम्म बेरेर लगाईन्छ र दुवै पट्टिबाट बाँधमा ल्याए फिन्चोले अडाएर लगाईन्छ ) तगो (यो रातो रङ्गको चोलो हो), नम्रिका (यो पटुका हो), थ्याक तक (यो टाउकोमा बाधँने स्काप हो), तकमिल्थक ( घाँटीमा लगाउँने एक प्रकारको लहराबाट बनाइएको माला हा), लगाउछन् र पन्ना, मुगा, निलहरी गरगहना लगाउछन् भने महिलाहरूमा नाक छेड्ने चलन छैन । पूरूषहरूको  दम्प्रा (यो तलदेखि माथि सम्म ढाक्ने दरीजस्तो कपडा हो र यसलाई दाहिने काँधमा बेरेर लगाइन्छ), तगो (कम्बरमाथि बाहिरबाट लगाउने कुर्ता जस्तो), नम्रिक (कम्बर बाधँने पेटी), तँगिप (लेप्चा जातीले भिर्ने झोला) र तप्री (टोपी) लगाउँछन् । लेप्चाहरुले लगाउने गरगहना पनि आफ्नै किसिमको छ । पहिला पहिला त कान, घाँटी,हात सबै तिर जङ्गली लहराबाट बनेको गहना लगाउँथे । गरगहनाहरुमा खच्युङ्ग (कानमा लगाउने), काऊ (घाटीमा लगाउने), तकविर गेयर (हातमा लगाँउने) प्रयाग गरेको पाइन्छ । त्यस्तै गलामा पुपालुको माला, जी माला, हातमा बाला, कानमा माडवरी पनि लगाँउछन् ।

**वैयक्तिक अध्ययन १ : शिषर्क : भेषभुषामा आएको परिवर्तन**

*कन्याम गा.वि.स.मा लेप्चा बस्तीमा बसोबास गर्ने वर्ष ३५ की उर्मिला अर्यालको भनाईमा  आजका लेप्चा जाति आफ्नो भेषभूषालाई बिर्सेर अन्य जातिका मानिसहरूले लगाउने भेषभूषा प्रयोग गरेको पाईन्छ । महिलाहरु साडी, चोली, लुङ्गी, म्याक्सी, मिडी, कुर्ता सुरूवाल, स्कट, जीन्स, सटपाईन्ट प्रयोग गरेको पाइन्छ । गरगहनामा कानमा टप यारलिङ्ग, झुम्का,कुण्डल, गलामा मोती, सुना, चादीका माला, हातमा सिसा,प्लाष्टिकको चुरा आदि प्रयोग गर्छन । भने पुरुषहरुले दौरा सुरुवाल, कोट, पेन्ट,ज्याकेट,सर्ट, भेष्ट आदि जस्ता अत्याधुनिक खालका लुगा लगाउँछन् । महिलाहरूले लोग्ने मान्छे जस्तो जेठाजू,ससुरा आदिको अगाडी सारी अथवा कुनै कपडाले शिर छोप्ने प्रचलन पनि छैन । लेप्चा जातिको जम्मा जनसंख्याको लगभग १ प्रतिशतले मात्र आफ्नो जातीय भेषभूषा लगायने गरेको पाइन्छ । यसबाट के थाहा हुन आउँछ भने लेप्चा जातिको आफ्नो भेषभूषा लगाउने प्रचलन लोप भएर जानु भनेको लेप्चा जातिको पहिचान पनि लोपोन्मूख हुन हो ।*

## ५.१.२ लेप्चा जातिको भाषा र लिपि

विचार विनिमयको माध्यम नै भाषा हो प्रत्येक मानिसले आफ्ना भावना पोख्न, सुन्न कुनै न कुनै भाषाको सहायता लिनु पर्दछ । भाषा एउटा पहिचान गर्ने तत्व हो । कुनै पनि व्यक्ति कुन जनजातिको हो भनेर पहिचान गर्न भाषाको महत्वपूर्ण भूमिका हुन्छ । भाषा एक महत्वपूर्ण तत्व हो । आफ्नो बाल्यकालमा

बोली फूट्दादेखि आफ्नो आमा-बुबाबाट बोल्न सिकाई आफ्नो परिवारमा बोल्दै आएको पहिलो भाषालाई मातृभाषा हो (केन्द्रिय तथ्यांक विभाग) । मातृभाषा भनेको बच्चा देखि बोल्न जने पनि नजाने पनि आफ्नो समुदायको वा जातिको भाषा नै मातृभाषा हो । जस्तै सबै मगरहरुको मातृभाषा मगर भाषा हो, सबै लेप्चाहरुको मातृभाषा लेप्चाभाषा हो, सबै शेर्पाहरुको मातृभाषा शेर्पाभाषा हो । यदि विभिन्न कारण कुनै मगर वा लेप्चा वा शेर्पाले आफ्नो मातृभाषा नजाने पनि वा नबोले पनि अरु भाषा बोल्न सक्छ ता पनि त्यो मगरको मातृभाषा मगरभाषा लेप्चाको मातृभाषा लेप्चाभाषा र शेर्पाको मातृभाषा शेर्पाभाषा हुन्छ । मातृभाषा भनेको आदिवासी जनजातिको प्राण हो किन कि भाषा सकिनासाथ आफ्नो जातिय पहिचान, संस्कृति, आदिवासी ज्ञानलगायत सबै कुरा समाप्त हुन्छ । त्यसैले कुनै पनि वर्गले कुनै समुदायको अस्तित्व समाप्त पार्नु पर्छ भने सबै भन्दा पहिला उक्त समुदायको मातृभाषालाई समाप्त पार्ने प्रयास गरेको  हुन्छ ( डा.भट्टचन, २००५ ) ।

यसै सन्र्दभमा यस ठाँउहरुमा वसोवास गर्ने लोपन्मुख यो लेप्चा जातिको पनि आफ्नै छुट्टै भाषा छ । यिनीहरूको आफ्नै लिपी छ जसलाई रोङ्ग लिपी भनिन्छ । लेप्चा लिपीमा १०८ अक्षर हुन्छन् । एक वणको रूप ३२ वटा हुन्छन् । जस्तो क वर्ण छ भने क,का,कि,कीकु कू ..गर्दै कको रूप ३२ वटा हुन्छन् । सातौ शताब्दीमा पूर्वी नेपालका किराँती राजा मवरोंगले बनाएको रोङ्ग लिपि नै हालको लेप्चा लिपि हो,(चेम्जोङ् २०२६) ।

लेप्चा भाषा सरल र मधुर छ । लेप्चा भाषामा विभिन्न धार्मिक ग्रन्थमा भविष्यवाणी, औषधि सम्वन्धि ज्योतिषशास्त्र, भूगर्भविद्या जस्ता ठूला ठूला पुस्तकहरू लेखिएका पाइन्छन् । लेप्चा लिपि अन्य भाषाको लिपि भन्दा विल्कुलै बेग्लै छ । प्रत्येक स्वरवर्ण र व्यञ्जन वर्णको दुई वा दुई भन्दा बढी अर्थ लाग्छ ।  तर हाल आएर लाप्चा लिपिमा लेखिएका अमूल्य ग्रन्थहरु लापारवाहीले गर्दा, यसको मूल्य लेप्चा जातिले थाहा नपाउँदा, लोभमा परी कसैलाई दिदा,अन्य भाषाको अतिक्रमण को कारण लेप्चा भाषा लिपी पढ्ने मानिसको कम भएकाले यी अमुल्य रत्नहरू विदेश तिर भारत, भुटान आदि ठाँउमा पलायन हुने क्रम जारी छ ।

**वैयक्तिक अध्ययन २ : शिर्षक : भाषा र लिपि सम्वन्धी**

| |
|---|
| *श्रीअन्तुका ३० वर्षे बुद्ध काजी लेप्चाले अन्तरवार्ताको क्रममा लेप्चा भाषा केही लेप्चा बुढापाखाले अथवा लगभग ३ प्रतिशतले वा जम्मा जनसख्यामा ८ देखि १० जनाले मात्र लेप्चा भाषा लेख्न र बोल्न जान्दछन् तर पछिल्लो पुस्ताका युवायुतीहरुले आफ्नो भाषा बोल्न नजान्ने, लिपि लेख्न नजान्ने अवस्थामा पुगेको छ । यसरी आफ्नो भाषा बोल्न नसक्ने, लिपि लेख्न नजान्नुको कारण, नयाँ पुस्ताले मातृ भाषा प्रयोग नगर्नु, लेप्चाहरु ज्यादै अल्पसंख्यक भएकोले अन्य जातिसँग प्रतिस्पर्धा गर्न नसक्नु, अन्तरजातीय प्रभाव, सरकरी वेवस्ता तथा उनीहरुको आफ्नै मातृ भाषामा पठनपाठन गर्ने अवसर नभएको ,आधुनिकता आदि कारणले गर्दा लेप्चा भाषा लोपोन्मूख अवस्थामा पुगेको हो । यसरी भाषा नै लोप भएर गएको कारणले लेप्चा जाति लोपोन्मूख अवस्थामा भएको पाइन्छ ।* |

**लेप्चा जातिहरूको केहि शब्दहरू तालिका नं.३**

| **लेप्चा** | **नेपाली** | **लेप्चा** | **नेपाली** |
|---|---|---|---|
| आज्यो | वाजे | राङ | भोज |
| आमु | आमा | जो | भात |
| आक्कु | काका | कला | दाल |
| अकप | छोरा | आरोक | रक्सी |
| कपजोङ्ग | नाती | ची | जाँड |
| म्योक | ज्वाइँ | व्क | तरूल |
| हिक | कुखुरा | सली | धनु |
| वीक | गाई | चोङ | काँड |
| विकलोङ | गोरू | फुक्पोवुक | आलु |
| आल्यू | विरालो | चुङविक | हतियार |
| लुक | भेडा | छलभोत | सुन्तला |
| सुहु | बाँदर | सङतोङ | मेवा |
| ब | सर्प | ती | शन्य |
| कुज्यु | कुकुर | कात | एक |
| कोन्थयोङ्ग | चील | नेत | दुई |

स्रोतः स्थलगत अध्ययन २०६८

## ५.२ चाडपर्व र संस्कारहरु

मानिसले आ-आफ्नो जात धर्म सस्कृति अनुसार चाडपर्व पूजाआजा मनाउदै आएको हुन्छ। मानिसको आर्थिक अवस्थाले पनि चाडपर्व पूजाआजा मनाउने तरिका फरक फरक हुन्छ। लेप्चा समुदाय पनि बौद्ध धर्मावलम्वी भए पनि यिनीहरूको मौलिक चाडपर्व आफ्नो तरिका तथा विधि अपनाई मनाउने गर्दछन्। ती चाडपर्वहरू कन्चनजङ्गा पूजा, न्वागी पूजा, सिल्लीतङ्बु पूजा, नामवन र नौली पुजा छन्।

### ५.२.१ कन्चनजङ्गा पूजा

यो महत्वपूर्ण चाड हो यस जतिको आफ्नो उदगमस्थल एवं इष्टदेवता कन्चनजङ्गालाई मान्दछन्। यस पूजाको क्रममा उनीहरू सामुहिक भेला भएर पर्वमा आफ्नो इष्ट देवको स्तुती आराधना गर्दछन्। यो चाड हरेक बर्षको चौथो महिनाको चौथो दिनमा मनाउँछन्। पूजाको सम्पुर्ण विधिविधान वुङथिङ्गद्वारा सम्पन्न गरिन्छ। बाँसको लिङ्गो गाडी केराको पात छापेर विभिन्न किसिमका फलफूल लगायत मिठामिठा वस्तुहरूले सजाएर थानको स्थापना गरिन्छ। थानमा धुपवत्ती बाल्दै पुजारीले आफ्नै भाषामा फलाक्छन् त्यसमा अरूले पनि साथ दिन्छन् तपाईले हामीलाई सृष्टि गरिदिनुभयो र सुरक्षा र कल्याण गरिदिउन् भनि विन्ती चडाएको हुन्छ र पूजामा कुखुरा सुँगुर आदिको वली दिइन्छ। नैवेध, धुपभेटी, कलश अक्षता, अविर, फलफूल पूजाका

लागि अनिर्वाय चाहिन्छ । यस पूजामा सम्पूर्ण लेप्चा परिवारका सदस्यहरू राम्रा राम्रा लुगा लगाई उपस्थित हुन्छन् । पुजाका लागि आवश्यक रकम पनि समुहवाटै उठाउँछन् । पूजाको कार्यक्रम पछि जाँड, रक्सी, मासु, फलफूल, मिठाई आदि प्रसादको रूपमा खाने पिउने गर्दछन् ।

### ५.२.२ नामवन

नामवनको अर्थ नयाँ साल हो । लेप्चाहरूले यस चाड असत्यमाथि सत्यको, पापमाथि धर्मको जीत भई राक्षसहरूको अन्यत्य र अत्याचारवाट मुक्तभई नयाँ जीवन पाएको खुसियालिमा मनाउछन् । प्रचीन समयमा लेप्चाहरूलाई लासोमुङपनु नामक राक्षसले ज्यादै दुःख दिन्थे । भगवानको दुत तामसाङथिङको सहयोगमा उक्त राक्षसलाई लेप्चाहरूले वध गरेको खुसीयालीमा त्यसै दिनदेखि यो चाड मनाउन थालेको विश्वास गर्दछन् । यो चाड लेप्चाहरूले हरेक बर्ष मंसिर महिनाको अन्तिममा सामुहिक रूपमा मनाउछन् र राक्षसको वध गरेको स्मरणमा त्यसदिन बेलुका हरेक बर्ष लेप्चाहरूले कोदोको पिठोको राक्षसी मानवरूपी जन्तुको मुर्ति वनाई त्यसलाई थुकी मन्साएर भ्या....हो...हो..(लहै...लहैं....) भन्दै बन्चरो, बामफाक, धनुकाँड आगोको राँकोले झोस्दै घरको पश्चिम दिशापट्टीलगि फ्याँकिदिन्छन् र सबै एकै स्वरमा रमङ्ग गेङ्गम-ओ ( भगवानको जय राक्षसको क्षय) भनि कराँउछन् । एक आपसमा खुशीयाली साटासाट गर्दछन् । यो पुरानो सालको विदाइ र नयाँ सालको स्वागत दुवै हो । यति बेला युवा युवती राम्रा राम्रा रङगी बिरङी लुगाहरू लगाएर भेला भई एक आपसमा शुभ-कामना आदान प्रदान गर्दै ज्यादै हर्षोलासका साथ नामवन चाड समापन गर्दछन भनि अध्ययनको क्रममा पाइयो ।

### ५.२.३ न्वागी

न्वागीको अर्थ नयाँ बाली चढाएर खानु भन्ने बुझिन्छ । आफुले फलाएको प्रत्येक बाली ईस्वरलाई चढाएर मात्र खाने गरेमा दोष नलाग्ने विश्वास गरी यो पुजा गरिन्छ । प्रत्येक वर्षको एक चोटी नयाँ वाली पाकेको समयमा मंङशिर देखि फागुनसम्ममा न्वागी पूजा गर्छन् । यो पूजा गर्न घरभित्र थान बनाइन्छ । थानमा केराको पात ओछ्याएर राखिन्छ । त्यसमाथि दियो कलश, माछा वर्षदिनभरिको देवताको भाग छुट्टयाई राखेको अन्नवाली, कोदोको जाँड, चिउरा आदि राखिन्छ । त्यसपछि यसमा आठवटा सग्लो केराको पात मध्ये चारवटा उल्टा र चार वटा सुल्टा राखिन्छ र चार वटा तोङ्बा दुई वटा उल्टा र दुई वटा सुल्टा पातमा राखिन्छ । ती उल्टापात मृत आत्माका लागि र सुल्टा जीवितहरूका लागि राखिएको हो । यसरी थान तयार भईसकेपछि बुङथिङ्ग (पुजारि)ले फलाकेर पुजा गर्छन हामी अज्ञानी लेप्चाहरूले प्रभुलाई सम्झी चाखो गरि छुट्टयाएको अन्नवाली अर्पण गर्न स्वीकार गरिदिन विनम्र अनुरोध गर्छौ । त्यसपछि छ वटा कुखुराको

वलिदिन्छन् यसरी थानमा मकैको जुगाँ सहितको घोगा पनि राखिन्छ । वलि दिइएको कुखुराको रगत थानमा चडाइन्छ, त्यसपछि त्यस कुखुराको आन्द्राभूँडी फालेर उसिनेर त्यसमाथि भात चिउरा राखि थानमा चडाइन्छ यस्तो न्वागी पूजामा छरछिमेकीहरू आफन्तजनलाई बोलाइ हर्षोल्लासका साथ मनाउन्छन् (डोमा लेप्चा कन्याम अन्तरवार्ता २०६८) ।

### ५.२.४ सिल्ली तङबु पूजा

लेप्चाहरूको विश्वास अनुसार कन्चनजङ्घा पर्वतबाट  उनीहरूको उत्पति भएको हो । शुरूमा उनीहरू जङ्गली तरूल भ्यागुर, फलफूल खाएर नै जीवन निर्वाह गर्थे तर, त्यतीले मात्र नपुग्ने भएपछि शिकारलाई पनि जीवन निवाहको स्रोत बनाए । शिकारको निम्ति विभिन्न हातहतियार चाहिन्थ्यो आफ्ना पिता पूर्खाले प्रयोग गरेका तिनै हातहतियारहरूको पूजा गरि मनाईने चाड सिल्ली तङवु हो । लेप्चाहरूको प्रमुख हातहतियारहरू धनुकाण र गुलेली हो । ती हतियारहरू प्रचिन समयमा भगवानले नै दिएको र आफ्नो पुर्खाको रक्षा भएको विस्वास लेप्चाहरू गर्छन् । यो पूजा सम्पन्न गर्न पनि वुडथिङको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सर्वप्रथम बाँसको लिङ्गो गाडेर तीन तलाको थान बनाईन्छ सबै तलामा केराको पात छापिन्छ र वुडथिङ पनि केराको पातै ओच्छ्याएर बस्दछन् । त्यसपछि हातमा गुलेली लिएर रातभरि फलाक्दै देवतालाई रित वुझाउछन् । मध्य रातमा एउटा भाले, विहान पोथि कुखुरा र त्यसपछि सुँगुरको पूजा गरिन्छ, त्यसको मुटु कलेजो पोलेर थानमा चडाईन्छ यसरी यो पूजा सम्पन्न हुन्छ । यस पूजामा जाँडरक्सी प्रसस्तै चडाइन्छ तर यस्तो पूजा सुत्केरी भएको घरमा गर्न नहुने प्रचलन छ, यो पूजा २/३ वर्षमा आफ्नो स्वच्छाले गर्न सकिन्छ । यसबाट के थाहा हुन आउछ भने यहाँ महिलालाई हेर्ने दृष्टिकोण संकुचित देखिन्छ । किन कि सुत्केरीहुनु प्राकृतिक कारण हो त्यस विना मानिसको सभ्यता संभव छैन तर यसलाई नै अशुभ अशुद्ब मान्नु दुःखको कुरा हो  (प्रेमबहादुर लेप्चा कन्याम २०६६ अन्तर्वाता) ।

### ५.२.५ नौली पूजा

दुःख विराम पर्दा यो पूजा २/३ वर्षको फरकमा आवश्यकता अनुसार गरिन्छ । निश्चित तिथीमितीको आवश्यकता पर्दैन । पूजा गर्न केराको पात ओछ्याइन्छ, त्यस थानमा ३ वटा ढुङ्गा राखिन्छ जसलाई सुब्बा, सुब्बेनी र शिकारीको प्रतिक मानिन्छ । मुख्य गरि यस पूजामा यी तीनैको पूजा गरिन्छ । औकात अनुसार राँगा, बोका, तोङवा, पानको पात, तितेपाति, दियो कलश, फलफूल, चामल, कुखुराको अण्डा आदि सामाग्री यो पूजा गर्न चाहिन्छ । पुजारी बुङथिङले फलाक्दै प्रत्येकलाई १,१ वटा कुखुराको वली दिइन्छ । वली दिएको कुखुराको मुटु कलेजो पोलेर थानमा चडाइन्छ । नचडाई मासु खानु हुँदैन अन्य देवी देवतालाई वक्सेउली

गरिन्छ । राती बँस्दा जाँड रक्सी, वली दिइएको पशुको मासु प्रसादको रूपमा खाइन्छ । विहान थान र अन्न सामाग्री सबै उठाएर नजिकैको धाराको शिरमा लगेर विर्सजन गरिन्छ यसरी नौली पूजा सम्पन्न हुन्छ । यो पूजा विशेष गरेर घरको रक्षा होस तथा सवैमा सुख शान्ति मिलोस, वोक्सी डाइनी, राक्षस कुव्यक्तिको कु दृष्टि नपरोस यिनीहरूवाट टाढा रहन सकोस भनि घर भएको विरामीको रोग निकोहोस भनि भाकल वुझाउन समेत यो पूजा गरिन्छ ।

तर हाल आएर आफ्नो सस्कृतिलाई बिर्सेर लेप्चाहरु अन्य जातिको संस्कृतिलाई पच्छयाई रहेका छन् । र यस्ता आफुले मनाउँदै आएको चाडपर्वलाई मनाउँन छाडेको देदिन्छ तथा पूजाहरू गर्न लेप्चाहरूले प्राय छाडिसकेका छन् भने कतिलाई त नाम समेत थाहा नभएको वताउछन् । यसरी आफ्नो सस्कृति नै बिर्सेपछि यो जातिको संस्कृति त्यसै पनि लोप हुदै गयो र आफ्नो जातीय पहिचान बोकेको सस्कृतिलाई पन्छाउँदै अन्य सस्कृतिहरुलाई पच्छयाउदै गएको कारणले गर्दा लेप्चा जातिको पहिचान समाप्त भएकोले आफु पनि मासिदै गएको पाईन्छ (टेकबहादुर लेप्चा श्रीअन्तु २०६८ अर्न्तवार्ता) ।

## ५.३ संस्कारहरु

### ५.३.१ जन्म

लेप्चा जातिको जीवन गर्भवाटै शुरू हुन्छ भन्ने मान्दछन् । मेची महाकाली ग्रन्थमा वताए अनुसार गर्भ रहेको पाँच महिनादेखि नवजीवनको कल्याणको लागि लेप्चाहरू विभिन्न अनुसाशनमा रहने गर्दछन् । गर्भ रहेको स्वास्नी र उसको लोग्नेले कुनै पर्खाल उठाउन थालेको छ भने उ एक्लैले बच्चा जन्मनु भन्दा अघिनै सिध्याउनु पर्दछ नत्र बच्चा राम्ररी जन्मन सक्तैन । माछा झिक्नु खानु हुदैन दुर्घटनामा परेर मरेको पशुको मासु खानु हुदैन । बच्चा जन्मिसकेपछि आफ्नो मुल्यमान्यता, परम्परा अनुशासन पालन गर्नुपर्ने हुन्छ । बच्चा जन्माउन घरमा स्वस्थ्यचौकीमा उपलव्ध भएका जनशत्ति प्रयोग गर्ने गदर्छन् पेटमा बच्चा रहेको समयमा गर्भवती महिलाहरूले सुन्दर शान्त र निपूर्ण छोराछोरीको कामना गर्दछ विभिन्न देव धामको भाकल गर्दछन् । गर्भमा रहेको ५ महिनादेखि दुवै लोग्ने स्वास्नी जीवनको कल्याणको लागि अनुशासनमा रहने गर्दछन् । छोरा जन्मेमा ३ देखि ७ दिन र छोरी जन्मेमा ५देखि ७ दिनसम्मा चोखिन्छन् । पानीमा ल्वाङ्ग, जाइपत्र, कपूर र मरिच मिलाई (ठयू) घोली लामाले त्यस मिश्रित पानीलाई सुत्केरीले नुहाउने पानीमा लगाई सुत्केरी र बच्चालाई नुहाउन  लगाईन्छ । बच्चाको नाम लामाले जन्मेको दिनको आधारमा राख्दछन् । सुत्केरी १६ दिन पुगेपछि मात्र अन्य सदस्यले उसले पकाएको खाना खाने गर्दछन् भन्ने कुरा क्षेत्र अध्ययनको कम पाइँयो ।

## ५.३.२ विवाह

यस क्षेत्रका लेप्चा समुदायमा पनि हाडनाता र रगतनातामा विवाह वर्जित छ । उनीहरूको भाषामा विहेलाई ब्री भन्छन् जसको अर्थ हो कुनै दुई चीज वा प्राणीलाई एउटा वनाई जोड्नु हो । विवाह सम्पन्न गर्नु उनीहरूको आफ्नै रिति मुल्य मान्यताहरू छन् । जस्तैः

(क) कुरा चलाउने (ख) रित वुझाउने (ग) विवाह सम्पन्न गर्ने ।

तर हाल आएर मगनी विवाह भन्दा पनि यस अध्ययन क्षेत्रमा प्रेम विवाह चोरीविवाह प्रचलन रहेको पाईन्छ । यसको साथै कसै कसैले उमेर नै नपुगि विवाह गरेको पनि पाईन्छ । सर्वेक्षणको क्रममा केहि घरहरूमा अविवाहित महिला तथा पुरूष पनि पाईयो वालविवाह छिटपुट रूपमा गरेको देखिन्छ । पहिले पहिले बहुपति वहुविवाह प्रचलनमा रहेपनि अहिले त्यस्तो नभएको देखिन्छ । यस जातिका बिवाहित महिलाहरूले सिन्दुर ( लाउदैनन् साथै बिधुवा महिलाहरूले सेतो पहिरन लाउनुपर्ने बाध्यता छैन । पहिलेको परम्परा अनुसार केटी माग्ने क्रममा हुनेवाला ज्वाईको परिक्षण को निम्ती ससुरालमा (विहे अघि) बसेर विभिन्न खेतीपातीको काम गर्नुपर्दथ्यो । यस क्रममा केटाले दुई देखि ६ महिना सम्मा ससुरालमा बसेर काम गरेपछि छोरी पाल्न योग्य छु भनेर देखाउन सक्नु पर्दथ्यो । तर अहिले यो प्रचलन देख्न पाइदैन यसले गर्दा पनि लेप्चा जातिको सामाजिक संस्कार हराउदै गएको छ (अन्तवार्ता मेलिना लेप्चा श्रीअन्तु २०६८) ।

## ५.३.३ मृत्यु

मृत्यु संस्कार यो जातिले पनि आफ्नै छुट्टै तरिका विधि विधान अनुसार सम्पन्न गर्दछन् । मृत्यु संस्कारका बारेमा मेचीदेखि महाकाली ग्रन्थ अनुसार मृत्यु गराउने भुतप्रेत देहान्त भएपछि अन्य व्यक्तिमाथि जाई नलागोस् र मृत्य ब्यक्ति पनि पूर्ण रूपमा पन्छियोस भन्ने चाहान्छन् । संसार छोडेर जाने व्यक्तिले स्वर्गमा पुगोस् नत्र भने त्यसको आत्माले पिर्छ भन्ने उनिहरूको विश्वास छ । तसर्थ बुढाबुढी मर्दा त्यति डर मान्दैनन् युवा युवती मर्दा डर लिन्छन् किन कि युवा युवतीहरूको संसारमा बाँच्ने चाहना हुन्छ । जसबाट बाँच्ने मानिसलाई खतरा पर्न सक्छ । लेप्चाहरू लाशलाई जलाउने गाड्ने गर्दछन् लाशको अन्तिम संस्कार सम्पन्न गर्न सर्वप्रथम लामा बोलाइ सकेपछि लाश लैजाने साइत जुराईन्छ । उनीहरूको कुल पुरोहीत पनि चाहिन्छ जसले विभिन्न कुरा भन्दै फलाक्छन् । लाशलाई लामाले बिभिन्न बस्तुले मालिस गरी हात जोडी नमस्ते गरेको आसन बनाईकन ठाडो पारी तामाको बाकसमा राखिन्छ । त्यसपछि उसको टाउकोबाट सेतो कपडा( खादा)बाधेर निकालिन्छ । जसलाई मूल लामाले हातले समाएर अघि बढ्छ साथै एक दुई जना लेप्चाहरू हातमा तरवार, अगुल्ठो धुप सल्काउदै लाशलाई जलाउने स्थानमा लैजान्छन् साथै सम्पूर्ण उपस्थित मानिसहरू

पछि पछि लाग्छन्  त्यसको भोलि पल्ट लामाले मृतकको अस्तु नजिकैको खोलामा बगाउँछन् । यिनीहरूको काजकिया आफ्नो गच्छे अनुसार १५ दिन, २२ दिन, ३५ दिन र ४९ दिनमा गर्दछन् । प्रत्येक हप्ता देन्छ्यू ( बत्ती) घरमा विभिन्न गुम्वाहरू बाल्नछ् । मृतकको आत्माको चिरशान्तिको कामना स्वरूप यसो गरिसकेपछि अन्तिम ठूलो काम सम्पन्न गर्दछन् । यिनीहरूमा नुन तेल बार्ने चलन छैन वर्ष/वर्ष दिनमा बर्षी गर्छन् । आमा मरेमा दुध १ वर्ष बाबु मरेमा १ वर्षसम्म दहि भटमास साथै कुनै पनि तीर्थस्थलमा प्रवेश गदैनन् । लामालाई दान दक्षिणा निकै ठूलो परिणाममा दिनु पर्ने हुन्छ । कतै मृतकलाई लामा विधि अनुसार नै विभिन्न कार्य गरिसकेपछि गाड्ने प्रचलन पनि पाइन्छ । यस जातीमा महिलाहरूले आफ्ना पतिको मृत्यु भएमा सेतो लुगा लगाउनु पर्ने चलन छैन ।

**वैयक्तिक अध्ययन ३ : शिर्षक :सस्कारमा परिवर्तन**

*क्षेत्र अध्ययन गर्ने कममा झापाकी २८ वर्षका **सन्चरमित लेप्चा** सगँ लेप्चा उत्थान मञ्च फिक्कलमा भेटको कममा उनको भनाईमा लेप्चाहरु हाल आएर आफुलाई अनुकुलतातिर बदल्दै गएको पाइन्छ । लामाले नै न्वारन गर्दछ तर न्वारनको र वोलाउने नाम फरक रहेको पाइन्छ । पहिला जस्तो नियम वद्ध तरिकाले कुनै पनि सामाजिक संस्कार पालन गरेको पाईदैन । झन नयाँ पुस्ताले त कुनै प्रकारको पनि संस्कारको गर्दैन । यस कारण हाम्रो लेप्चाको संस्कार सगैँ जातिय पहिचान पनि लोप भएर जाने सम्भावना देखिन्छ । त्यस्तै गरी लेप्चा संस्कृतिलाई झल्काउने आफ्नै जातीय नाचँगान, वाद्यवादन, पुराँना ऐतिहासिक हातहतियार, धर्म, संस्कृति भएको जाति हो । लेप्चा जातिमा बौद्ध र हिन्दु धर्मको प्रभावका साथ साथै हाल इशाई धर्मको पनि उत्तिकै प्रभाव परेको देखिन्छ । आधुनिकता, वर्तमान सामाजिक संरचनामा आएको परिवर्तन, विभिन्न धर्म प्रतिको आकर्षण, भारतीय लेप्चाहरुले इशाई धर्म अवलम्बन गर्नुको प्रभाव स्वरुप नेपालका लेप्चाहरुमा पनि सुगौली सन्धि पछि देखि इशाई धर्मको पनि प्रभाव पर्न थाल्यो । त्यसैले हाल केही लेप्चाहरु इशाई धर्मावलम्बी पनि भएका छन् । उनीहरुको चाडपर्व, संस्कार इशाई धर्म अनुरुप नै सम्पन्न गर्छन् । लेप्चाहरुको चाडपर्वमा आफ्नो मौलिकता भन्दा बौद्ध, हिन्दु, इशाइ धर्मको सकृय प्रभाव देखिन्छ । त्यसै भन्न सकिन्छ कि लेप्चा संस्कृतिका पशिचमीकरणको प्रभाव परेको छ साथै आफ्नो मौलिक चाडपर्वहरु मान्नुको साथै बौद्ध र हिन्दु चाडपर्वहरु मान्न थालेकाले संस्कृतिकरणको (Sanskritization) प्रभाव परेको पाइन्छ । आज आएर यी सबै आफ्नो संस्कृति पहिचान गर्ने सबै खालको वस्तुहरु, धर्म संस्कृति लेप्चाहरु सगँ पाइदैन । सबै संरक्षणको अभावमा लोप भएर गएको पाइन्छ ।*

## ५.४ सामाजिक पक्षहरु

### ५.४.१ शैक्षिक जनचेतनाको कमी

शिक्षाको विकास भएमा मात्र देश विकास हुन्छ । नेपालमा विविध भौगोलिक बनौटको कठिनाई, राज्य स्तरवाट स्पष्ट योजनाको कार्यान्वयन, गरीवि जनता जस्ता कारणवाट नेपालमा शैक्षिक स्थितीमा प्रगति गर्न सकिरहेको छैन । अझ त्यसमा पनि ग्रामीण भेगमा शिक्षाको स्तर न्युन छ । त्यसमा पनि आदिवासी जनजातिहरुको स्तर तल्लो छ । झन अन्य जातिहरुको भन्दा लेप्चा जातिको स्थिती त झनै कमजोर छ । सबै जातजातिहरुमा बरावरी हक स्थापित गर्न शिक्षाको स्तर साच्चै माथि उठाउँनु पर्ने हुन्छ । लेप्चा जातिको शैक्षिक पक्षलाई कम महत्व दिएको पाइन्छ । आफ्ना छोरा छोरी स्कुल पठाउँनु पर्छ भन्ने बताएता पनि शिक्षा आजको आवश्यकता र अनिवार्य रूपमा ग्रहण गर्न पठाउँन पर्छ भन्ने धारणाको त्यति राम्रो विकाश भएको पाईदैन । प्राथमिक तहसम्म सवैले विद्यालय पठाएको देखिन्छ तर क्रमश तह बढ्दै गएपछि शिक्षा लिने क्रम क्रमश घट्दै गएको देखिन्छ ।

**तालिका न.४**

शैक्षिक स्थितिको आधारमा उत्तरदाताको विवरण

| सिं.नं. | शैक्षिक स्थिति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ५ | ८.१४ |
| २ | साधरण लेखपढ गर्न सक्ने साक्षर | १५ | २४.१९ |
| ३ | प्राथमिक | २० | ३२.२६ |
| ४ | माध्यमिक | १२ | १९.३५ |
| ५ | एस.एल.सी भन्दा माथि | १० | १६.१३ |
| जम्मा | | ६२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका अनुसार उत्तरदाताको शेक्षिक स्थिति यस प्रकारले पाउँन सकिन्छ । निरक्षर ८.१४ प्रतिशत र साक्षर  २४.१९ प्रतिशत रहेको छ । प्राथमिक शिक्षा पढेको संख्या ३२.२६ प्रतिशत र माध्यमिक शिक्षा पढेको १९.३५ प्रतिशत पाइन्छ भने एस.एल.सी भन्दा मथि शिक्षा लिनेको संख्या१६.१३ प्रतिशत देखिएको छ ।  यसवाट के थाहा पाउँन सकिन्छ भने साधरण लेखपढ गर्ने संख्या बढि पाइन्छ । त्यसपछि माध्यमिक शिक्षा दोस्रो स्थानमा देखिएको छ तेस्रो स्थानमा प्राथमिक शिक्षालाई लिने  निरक्षर (साधारण लेखपढ गर्न नसकने) सख्या देखिन्छ भने एस.एल.सी भन्दा माथि पढ्ने को संख्या सवैभन्दा कम ६.६६ प्रतिशत देखाउँछ । तर हाल लेप्चाहरूमा मानसिकता परिवर्तन हुदै आएको पनि शिक्षा क्षेत्रमा चाही धेरै कम भएको पाइन्छ । यसरी शिक्षा क्षेत्रमा कमजोर भएपछि आफ्नो संस्कृति, भाषा, धर्म, संस्कार, रीतिरिवाज आदिको

महत्व के हो, यसको लागि हामीले के गर्नु पर्छ भन्ने जस्ता कुराहरुको ज्ञान नभएको कारणले गर्दा लेप्चा जातिले आफ्नो सम्पूर्ण जातीय कुराहरु गुमाएकोले गर्दा पनि यो जाति लोप हुने अवस्थामा परेको देखिन्छ ।

### ५.४.२ सामाजिक बहिष्कार

न्यून सामाजिक सचेतनाको कारण लेप्चाहरुको जीवनमा गुणस्तरमा सुधार हुन नसकेको हो । लेप्चाहरु जंगली अवस्थामा जंगली कन्दमुल, भ्याकुर, गुदुरगाना लगायत जनवारको शिकार गरी जीवयापन गर्थे । त्यस बेला लेप्चाहरुले खाने कुराको अभावमा मरेको जनावारको मासु खाने गर्थे । त्यो जनावार कहिले मरेको हुन्थ्यो केही मात्रामा सडेको भएकोले त्यसलाई अन्य जातिहरुले सिनो भन्ने गर्थे । समयको अन्तरालमा लेप्चाहरु गाँउघरमा बस्न शुरु गरेपछि पनि त्यस्तो खालको जनावारको मासु कसै कसैले खाएको पाईन्छ । यसकारणले गर्दा लेप्चा जातिलाई सिनो खाने, गाधे भनेर अन्यले भन्ने गर्थे । यसले गर्दा यस्तो खालको व्यवहारले गर्दा लेप्चाहरु सामाजिक बहिस्कार भएर पनि अन्यत्र गएको पनि हो । यसै गरी उनीहरु मानसिक रुपमा आफैले पनि आफूलाई सामान्य र तल्लो स्तरको मान्ने प्रविधीले गर्दा समाजमा लेप्चाहरुले प्रगति गर्न नसकेको हो (बुद्ध काजी लेप्चा २०६८, अन्तरवार्ता ।

### ५.४.३ बेरोजगारी

**वैयक्तिक अध्ययन ४ : शिर्षक :रोजगार सम्बन्धी**

*डोमा लेप्चा (वर्ष ३४ कन्याम) लेप्चाहरु कृषिमा बढी लागेको देखिन्छ । लेप्चाहरुले अन्य कुनै प्रकारको पनि व्यवसाय गर्न आँट गरेको देखिदैन । किन कि लेप्चा जाति सोझा, सिधा भएको कारणले गर्दा पनि हो । अलिक कोही कोहीमा आफ्नो घमण्डको कारणले अन्य काम गर्दा आफू डोमिनेट भएको ठान्ने, हेपिएको महसुस गर्ने र गर्दा पनि अन्य जातिहरु सँग प्रतिस्पर्धा गर्न नसकेको कारणले गर्दा लेप्चाहरुले कृषिलाई अपनाएको हो र त्यसबाट उत्पादन गरेको वस्तुबाट जीवन यापन गर्न नपुगे पछि रोजगारीको खोजीमा भुटान, सिक्किम, कालेङ्गपुङ र दार्जेलिङ्ग आदि ठाँउमा काम गर्न पसेको र उतै बसोबास गर्न थालेको कारणले गर्दा इलाममा भएको लेप्चाहरुको संख्या घटेको हो ।*

### ५.४.४ सामाजिक मान्यता र प्रचलन

लेप्चाहरुले परम्परागत मुल्य मान्यतालाई परिवर्तन गर्न सकेका छैनन् । आफ्नो चाडपर्वमा बढी रुपमा माधक पर्दाथ प्रयोग गर्ने, शिक्षा लिँनु नहुने, अन्य जातिहरु भन्दा हामी तल्लो स्तरको हो भन्ने मानसिकता महशुश गर्ने, विवाह नगरी बस्ने, गरे पनि ढिलो विवाह गर्ने जस्ता लेप्चाहरुमा पूर्खा देखि नै

भएको छ । लेप्चा जाति विरामी हुदाँ सरकारी औषधी प्रयोग नगर्ने, डाक्टरहरु सगँ परामर्शमा नजाने, धामीझँक्रीमा भूतप्रतमा विश्वास गर्ने, विरामी पर्दा जंगलको जडीबुटी मात्र प्रयोग गर्ने गरेको पाइन्छ । खास गरी लेप्चाहरु विगतमा जंगली बासिन्दा भएकोले पनि आधूनिक किसिमका वस्तुहरु प्रयोग नगरेको हो । बिषेश गरी कुकुर तरुल, गाईखुरेको, चिराइतो, निम्पता, पाखनबेत आदि जस्ता जंगली जडीबुटी प्रयोग गरेको देखिन्छ । यो जडीबुटी बढी प्रयोग गर्दा मानिसमा सन्तान उत्पादन गर्ने क्षमतामा ह्रास आउँछ । यसको प्रयोगबाट सेक्स चाहानामा पनि धेरै कमि हुन्छ । उनीहरुलाई कसरी बिरामी पर्दा उचार गर्ने, कहाँ गर्ने हो, आफूले प्रयोग गर्ने गरेको जंगली औषधी बढी मात्रामा प्रयोग गर्दा कस्तो असर गर्छ, मानिसको जीवनमा स्वास्थ्यको महत्व कस्तो छ भन्ने जस्ता आधारभुत स्वास्थ्य सम्बन्धि ज्ञानको कमीको कारणहरुले गर्दा यस्तो किसिमको सामाजिक मान्यता र प्रचलनहरु अपनाएको हो । यसले गर्दा पनि लेप्चाहरु अन्य जातिहरु भन्दा पछि परेको हो (क्षेत्र अध्ययनको बेला लेप्चा उत्थान मञ्चमा भेट हुने क्रममा झापा दमकका डम्बर लेप्चा सगँ२०६८ मा लिएका अन्तरवार्ता) ।

## ५.५ राजनीतिक कारण

मानिसको जीवनमा राजनितिक चेतना आजको आवश्यकता हो । एउटा सवल र सक्षम राष्ट्र बन्न हरेक नागरिकमा राजनीतिक चेतना हुन जरूरी छ । यो मौलिक अधिकार पनि हो । प्रत्येक जातिहरुको संस्कृतिको विकास गर्दै लैजाने क्रममा राजनीतिलाई पनि विकास गरेको पाइन्छ । जुन सुकै युगमा पनि मानिसको व्यवाहारलाई नियन्त्रण र निर्देशन गर्ने एउटा नेतृत्वको आवश्यकता पर्दछ । यसलाई पूरा गर्न राजनीतिको विकास भएको पाइन्छ । पहिला जो शक्तिशाली थियो उसकै हातमा सत्ता हात पर्दथ्यो भने हाल यो बलको भरमा चल्ने नेतृत्व शक्तिमा परिवर्तन आई सैद्धान्तिक पक्षको बोलबोला रहेको पाइन्छ । कुनै पनि राष्ट्रलाई संचालन गर्ने व्यवस्थालाई राजनीति भनिन्छ । तर सवै समुदायमा समानरूपले चेतना भने छैन । त्यस्तै लेप्चा जातिमा पनि राजनैतिक चेतना भएका साह्रै थोर छन् । यस क्षेत्रमा बसोबास गर्ने लेप्चा जातिको अवस्थाको विश्लेषण गर्दा अशिक्षा, गरीवि र चेतनाको कमिको कारणले त्यति यस क्षेत्रमा सबल बन्न सकेको छैन । प्राय उनीहरूलाई राजनीति प्रति त्यति चासो भएको देखिदैन । राजनीति भनेको भोट माग्ने र दिने मात्र सम्झन्छन् । आफ्ना हकहित र अधिकारको विषयमा सङ्गठित हुने क्षमता यिनीहरूमा ज्यादै न्यून छ । लेप्चा जातिहरुमा राजनीतिक चेतना ज्यादै कम छ । उनीहरूको विचारमा राजनीति भनेको ठुला वडा टाठावाठाले गर्ने हो हामी गाउँका वस्नेले के गर्ने भन्ने विचार भएको पाइन्छ । लेप्चा जाति ज्यादै सोझो र लजालु भएको कारणबाट पनि खुलेर बोल्न सक्दैनन् तसर्थ उनीहरूले मौका पनि पाएका थिएन् तर हाल आएर सविंधान सभाको निर्वाचनमा इलामबाट दुई जना सभासद छन् तर गाँउ लेभलमा कुनै पनि निकायमा प्रतिनिधि लेप्चाको पाइन्दैन । यसले गर्दा पनि लेप्चा जाति पछि परेको अध्ययनको क्रममा देखिन्छ ।

# अध्याय छ

## लेप्चा जाति लोपोन्मूख अवस्थामा (Indengeredness of Lepcha)

नेपालमा बसोबास गर्ने जातजातिहरु मध्ये लेप्चा जाति पनि एउटा हो । जो जाति नेपालको पूर्वको जिल्ला इलाममा बढी र झापा जिल्लामा एक दुई घर बसोबास भएको पाइन्छ । तर झापामा बसोबास गर्ने लेप्चा जाति इलामबाट नै बसाई सरी गएको हो । यो जातिको आफ्नै छुट्टै, सास्कृतिक, सस्कार, धर्म, भाषा, वा मौलिक पहिचान,  भएको जाति हो । तर यो जाति हालको अवस्थामा लोप हुदै गएको वा पहिलाको अवस्था भन्दा जनसख्या घटदै गएको छ । तर यो जातिको जानसंख्या घटदो अवस्थामा किन छ वा  लोपोन्मूख अवस्थामा के कारणले भएको हो ? यसको पहिचान कसरी गर्ने ? यस निम्ति लेप्चा जातिको विभिन्न पक्षहरुको अध्ययन गर्न आवश्यक हुन्छ । लेप्चा जाति इलामबाट मात्र होइन कि नेपालबाट नै किन लोप हुदै गइरहेका छन् वा कि लोपोन्मूख अवस्था छन् भन्ने कुरा पत्ता लगाँउनको लागि यस जातिको सामाजिक, आर्थिक, सास्कृतिक, भाषिक, राजनितिक, शैक्षिक आदि पक्षहरुको अध्ययन गर्नु पर्ने हुन्छ । यस शोध पत्रमा लेप्चा जाति के कारणहरुले आफ्नो पहिचान बिर्सन गइ आफु पनि मासिदै गएको वा लोप हुदै गएको भन्ने सम्बन्धमा प्रकाश पार्ने प्रयास गरिएको छ

### ६.१ लेप्चा जाति लोपोन्मूख हुनको कारण

इलाम जिल्लामा यूगौ देखि बसोबास गर्ने लेप्चा जाति आज आएर लोप हुदै गएको  देखिन्छ । आफ्नै किसिमको जीवनशैली भएको यो जाति इलाममा मात्र होइन नेपालबाट नै लोपहुने अवस्थामा रहेका छन् । यो जातिको किन यसरी जनसंख्या घट्दै गएको हो । आज भन्दा २०-२५ वर्ष अगाडि वा ३८ सालको जनगणनामा पनि १०,००० (लेप्चा उत्थान मञ्च फिक्कल) को हाराहारीमा रहेको लेप्चा जाति के कारणले घट्दै गएको हो ? यसको कारणहरु के हुन सक्छन् ? कस्तो किसिमको कारणहरु हुन सक्छ भन्ने कुरा यसमा अध्ययन गरिएको छ । लेप्चा जाति लोप हुने विभिन्न कारणहरु यसरी प्रस्तुत गरिएको छ ।

#### ६.१.१ आर्थिक कारण

हाम्रो जस्तो ग्रामीण कृषि अर्थ व्यवस्था भएको मुलुकमा रोजगारीका अवसरहरू कम छन् । त्यसमा पनि परम्परागत कृषि प्रणाली अपनाउने लेप्चा जातिको आर्थिक अवस्था अति कमजोर देखिन्छ  । यस अध्ययनमा श्रीअन्तु , फिक्कल र कन्याम गा.वि.स.को लेप्चा जातिको आर्थिक अवस्था कस्तो रहेको छ र आर्थिक कारण यो जाति कसरी पछि पर्न पुगे भन्ने कुरा विभिन्न यी कुराहरुबाट थाहा पाउन सकिन्छ ।

### ६.१.१.१ जग्गाको स्वामित्व घट्दै जानु

नेपाल एक कृषि प्रधान देश हो । यस देशको ८० प्रतिशत भन्दा बढी नेपाली जनता कृषि पेशामा निर्भर रहेको पाईन्छ । समाजमा रहँदा उसको स्वामित्वमा जग्गा के कति छ भन्ने कुराले पनि आर्थिक स्थितिलाई पहिचान गर्न सकिन्छ । जसले गर्दा जग्गा जमीन बढी हुनलाई आर्थिक दृष्टिले मजवुत मानिन्छ । यसले यस अध्ययन क्षेत्रमा यी लेप्चा जातिहरू परापूर्व काल देखि नै वसोवास गर्दै आएको भएता पनि उनीहरूमा बिगत देखि रहदै आएको भू-स्वामित्व क्रमश घट्दै गएको देखिन्छ । इतिहासमा यस भेगमा उनीहरूले राज्यको महत्वपूर्ण स्थान ओगटेको साथै राज्यवाट विभिन्न सेवा सुविधा ग्रहण गरेका थिए तर वर्तमान अवस्था उनीहरूको भु-स्वामित्व पहिले जस्तो नभएको पाईयो । उनीहरुको यो पुर्खौली सम्पति अन्य जातजातिहरुको आगमन सँगै उनीहरुले गुमाउदै गएको देखिन्छ ।

**वैयक्तिक अध्ययन ५ : शिर्षक : भूमिको स्वामित्व**

*वर्ष २५, श्रीअन्तु, गा.वि.स., पेमा लेप्चाको भनाईमा  लेप्चा जाति सोझा, सरल, इमानदार स्वाभावका भएको कारणले गर्दा यसको फाईदा उठाएर अन्य केही टाठा बाठा व्यक्तिहरुले आफ्नो स्वार्थको कारणले केही सामान्य कुराको लोभ देखाएर लेप्चाहरुको जग्गा जमिन हडपेको पाइन्छ । आफुसगँ धेरै जमिन भएकोले टाठा बाठाले केही पैशा, सुन जस्ता बहुमुल्य सामान देखाएर, विभिन्न जालझेल गरी लेप्चाहरुको सम्पति हडप्न थाले र बिस्तारै बिस्तारै लेप्चा जाति भूमि हीन भई आफ्नो जीविकोपार्जन गर्न नसके पछि आफ्नो ठाँउ छाँडी भारत, भुटानको विभिन्न ठाँउमा बसाई सरिएको पाईन्छ  । तर विगतमा जे भए पनि अब हामी लेप्चाहरु सचेत भई आफ्नो भूमिलाई सुरुक्षा गर्नु पर्छ अन्य सघंसस्थाहरुले पनि सहयोग गर्नु पर्छ ।*

### ६.१.१.२ अन्य जातिहरुसगँ प्रतिस्पर्दा गर्न नसक्नु

परापूर्वकाल देखि इलाम जिल्लामा बसोबास गर्दै आएको लेप्चा जाति विभिन्न कारणले अन्य जातिहरु सँग पतिस्पर्धा गर्न नसक्नुले पनि यीनिहरु पलायन भएर गएको भनाई पाइन्छ । केही सिमित व्यक्तिहरुले बिस्तारै बिस्तारै लेप्चा समुदायको जग्गा जमिन आफ्नो नाममा पारे पछि उनीहरुको आर्थिक स्थिति कमजोड हुदै गयो र लेप्चा जातिलाई शोषण गर्न थाले, लेप्चा जाति अन्य जातिहरु सँग केही कुरामा पनि पतिस्पर्दा गर्न सकेन्न र त्यस ठाँउमा रहन उनीहरुलाई गाह्रो भएको कारणले धेरैले आफ्नो जग्गा भूमि बिक्री गरी यस ठाँउहरुबाट अन्य ठाँउमा बाहिरिन बाध्य भएको क्षेत्रगत अध्ययनको क्रममा देखिन्छ ।

### ६.१.१.३ परामपरागत कृषि प्रणालीलाई निरन्तता

यस अध्ययन गा.वि.स.मा बसोबास गर्ने लेप्चा जातिको प्रमुख पेशा कृषि हो । उनीहरु आफ्नो जीवन कृषि पेशाबाट नै बढी भन्दा बढी बिताउने गर्छन । लेप्चा जातिमा कृषि देखि बाहेक अन्य पेशा गर्ने खासै भेटिदैन । उनीहरुमा अझै पनि जंगली अवस्थाको केही अशं रहेको कारणले पनि व्यापार व्यवसाय, नोकरी, वैदेशिक रोजगार आदिमा ध्यान दिएको पाईदैन । सोझो स्वाभावको कारणले शिक्षाको कमीले, जनचेतनाको कमी आदिले गर्दा यीनिहरु घरबाट टाढा नजाने, नयाँ कुराहरु सिक्न नचाहाने, अरु सँग घुलमिल हुन नरुचाउने, कसैले वा अन्य व्यक्तिले राम्रो कुराको सल-सल्ला दिदाँ वा कुनै राम्रो काम गर्ने सुझाव दिदाँ आफुलाई डोमिनेट गरेको मान्ने लेप्चाहरु आफ्नै कारणले पनि पछि परेको देखिन्छ भने अन्य विभिन्न प्रकारको कार्यक्रम तिर सहभागी हुन नचाहाने किसिमको कारणले पनि आफ्नो कृषि पेशालाई आधुनिकीकरण गर्न नसकेको देखिन्छ । यो कारणले गर्दा उनीहरुले उत्पादन गरेको खाद्यय वस्तुले ३ देखि ४ महिना मात्र धान्ने भएकोले आफ्नो जीवनगुजरा गर्न धौ-धौ पर्ने भएकोले आफ्नो पूर्खौली स्थानलाई छाडेर अन्य ठाँउमा गएको पाईन्छ भने लेप्चा जातिले विगतमा अपनाएको मुख्य पेशा माछा मार्ने, मौरी पालन थियो । आफ्नो व्यवसायलाई व्यवसाहिक बनाउनको सट्टा यो व्यवसाय बिस्तारै छोडेर अन्य काम गर्न थालेको कारणले पनि आर्थिक अवस्था कमजोर भएको हो । (अम्विर लेप्चा अन्तरवार्ता २०६८ फिक्कल )

### ६.१.१.४ राज्यको भूमिका

लेप्चा जाति एउटा ऐतिहासिक जाति हो । यो जाति केही वर्ष अगाडि इलाम जिल्लामा राज्य संचालन गरी बसेको पाइन्छ । तर उनीहरुको यो आफ्नो हातबाट गुम्न गयो साथै आफ्ना सम्पति पनि गुमाउदै गए र लेप्चा जाति बिस्तारै पलायन हुदै जाँन थाले । यस्तो अवस्थामा राज्यबाट कुनै प्रकारको लेप्चा जातिको आर्थिक अवस्थालाई टेवा पुचाउने कार्यक्रम संचालन गरेको पाईदैन । लेप्चा जातिको जीवन स्तर माथि उकास्न सीप मूलक कार्यक्रम,जनचेतनाका कार्यक्रम ल्याउन राज्यबाट कुनै प्रकारको पहल नगरेको पाइन्छ । यदि कार्यक्रम ल्याए पनि केही टाठा बाठाहरुले विभिन्न शीर्षक गरी आफ्ना परिवारले मात्र उपयोग गरेको कारणले लेप्चा जाति ओझेलमा परेको पाईन्छ । यसै सन्दर्भमा एक दुई लेप्चा भन्छन् ।

**वैयक्तिक अध्ययन ६ : शिर्षक : राज्यको दाहित्व**

*वर्ष ६७, श्रीअन्तु गा.वि.स., पासङ्ग लेप्चाको शब्दमा केही वर्ष यता त हाम्रो लागि विभिन्न कार्यक्रम आएको हो तर त्यो कार्यक्रम हाम्रो हातमा नपरेको अन्य जातिबाट नै विभिन्न तरिकाले उपयोग गरेकोले हामी लेप्चा जाति सामाजिक, आर्थिक तथा राजनीतिक हिसाबले पनि पछि परेको कारण पनि बिस्तारै यो ठाँउबाट अन्य ठाँउमा सरेको हो । अब राज्यबाट लेप्चा जातिलाई आएका कार्यकम सही रुपमा हाम्रो जातीय संस्थालाई नै संचालन गर्न दिएर वा सरकारबाट नै संचालन गरेर केही गर्न प्रोत्साहन दिनु पर्छ ।*

### ६.१.१.५ मनोरञ्जनमा अत्याधिक रुपमा आर्थिक खर्च गर्नु

लेप्चा जातिको आफ्नै भाषा, संस्कार, संस्कृति पक्षहरु छन् । उनीहरुले आफ्नो संस्कृति सम्पन्न गर्न धेरै खर्च गर्छन । सामान्य प्रकारको रीतिरविाज वा चालचलन गर्दा पनि ढर्रा बढी गर्छन । उनीहरु आफ्नो संस्कृतिलाई मनोरञ्जनमा परिणत गरी घाँटी हेरेर हाड निल्नु भन्ने उखानलाई बिर्सेर हाड ठूलो निल्छन् अनि हाड गएर घाँटीमा अड्काए पछि मात्र थाहा पाउँछन ज्यान गुमाउन पुग्छन् । त्यसै गरी संस्कृतिलाई ढर्रामा परिणत गरेपछि धेरै खर्च हुन्छ अनि त्यो खर्च नभएपछि साँहुमाजन सगँ ऋण लिन्छन । ऋण लिए पछि तीर्न नसकेर उनीहरुले आफ्नो जायजेथा साँहुमाजनलाई सुम्पिएर आर्थिक पक्षबाट कंगाल भएर गाँस, बाँस र कपासको लागि कुँटुकुम्लो बोकेर अन्य ठाँउ तिर गएको पाँइन्छ । यसरी लेप्चा जातिले खर्च गर्न नजानेर पलायन भएको हो भनी श्रीअन्तु गा.वि.स.का राजविर लेप्चाको भनाई छ ।

### ६.१.१.६ बसोबासको स्थान खेती योग्य नहुनु

लेप्चा जाति पहाडी इलाकामा पनि भिरालो जग्गामा झुरुप्प भएर एउटै गाँउमा बसोबास गर्छन् । भिरालो जग्गामा काम गर्न सजिलो हुने एवं ढाड पनि नदुख्ने भएकाले उनीहरु त्यस्ता ठाँउमा बस्न रुचाउँछन् । तर यस्तो भिरालो पहाडी क्षेत्रमा खेतीपाती कम मात्रामा उत्पादन हुन्छ । यर्थाथमा लेप्चाहरु ज्यादै सरल, सोझा र इमानदार भएका कारणले अन्य जातिहरु सगँ प्रतिस्पर्धा गर्न नसकेर भीरपाखामा सिमित भएर बस्ने गरेको पाइन्छ । वर्ष ४३, कन्याम गा.वि.स.का प्रेम ब.लेप्चाको अनुसार राम्रो जग्गा जमीन, उत्पादन योग्य जमीनमा अन्य जातिहरुले पकड जमाएका र भिरपाखा, ढुङ्गे पहाड आदि ठाँउ जहाँ वर्ष भरि काम गर्दा पनि चार पाँच महिना खान पुग्ने अन्न उत्पादन नहुने हुनाले लेप्चाहरु आफ्नो जीवन गुजरा गर्न अन्य ठाँउमा कामको खोजीमा बाहिरीने क्रम बढेको हो ।

### ६.१.१.७ विगतमा लेप्चाहरुको राजा काजीको व्यवहार

करीव २५० वर्षभन्दा अगाडि इलाममा लेप्चा जातिको आफ्नै राजकीय हैसियत रहेको थियो । लेप्चाहरुको राजालाई काजी भनिन्थ्यो । अझै पनि राजदरवारको भग्नावषेश पूर्वी इलामको फिक्कल-पशुपतिनगर सडक खण्डको सुन्दरेपानीमा पाउन सकिन्छ । लेप्चा राजाले आफ्ना जनतालाई रैती मान्दथे । आफ्नै शाशकबाट लेप्चा जाति पिडित भएको पाइन्छ । अझै पनि पहिलाको शाशक वर्गलाई देख्दा लेप्चाहरु शिर झुकाउने, बाटो तल गएर नमस्कार गर्ने, महिलाहरुले शिर ढाक्ने, बोल्न डराउने, ढोग्ने गरेको पाइन्छ । आफ्नो शाशकहरुलाई  वर्ष भरी उत्पादन गरेको वस्तुको ४० देखि ५० प्रतिशत बुझाउनु पर्थ्यो । यसरी आफुले नबुझाएको खण्डमा कडा ढण्ड दिने गरिन्थ्यो । यस्तो खालको स्वाभावबाट आफुलाई नै ४ देखि ५ महिना खान पुग्ने अन्न आधा भन्दा बढी लगे पछि लेप्चाहरु बाँच्न गाह्रो भएर आफ्नै शाशकको अन्याय अत्याचार सहन नसकेर अन्य ठाँउमा गएको हो  (सुमन लेप्चासँग अन्तरवार्ता, २०६८ फिक्कल) ।

### ६.१.२  अन्य कारणहरु

### ६.१.२.१ ढिलो विवाह गर्ने प्रचलन

लेप्चा जातिमा धेरै जसो ढिलो विवाह गर्ने प्रचलन पाइन्छ । सारै सोझा, सरल, लजालु स्वाभाव भएर होला खासै केटीहरुसगँ नवोल्ने, केटीहरु सगँ संगत नगर्ने, अन्य जातिहरु जस्तो खुलेर कुरा नगर्ने खालको स्वाभाव भएको पाइन्छ । त्यसले गर्दा पनि लेप्चाहरु विवाह गर्न ढिलो गर्छन् । वास्तवमा लेप्चा जाति सारै कम्ति जनसंख्या भएको, सन्तान जन्मने क्रममा पनि बढी मात्रामा छोरीको जन्म हुने र छोरीले पनि अन्तरजातीय विवाह गर्ने भएकोले लेप्चा केटाहरुले आफ्नै जातको केटीको अभावको कारण ढिलो विवाह गरेको हो । ढिलो विवाह गर्दा सेक्स पावर र कम्ति हुने भएकोले सन्तान उत्पादनमा असर पर्ने, सेक्स पावर नभए पछि खासै सेक्समा मन नदिने भएकोले सन्तान उत्पादन नहुने भएकोले पनि लेप्चा जाति लोप हुदै गएको हा जस्तो लाग्छ (राजवीर लेप्चा अन्तरवार्ता २०६८ श्रीअन्तु ) ।

### ६.१.२.२  विवाह नै नगरी बस्ने

लेप्चा जातिमा विवाह नगरी बस्नेको संख्या पनि बढी देखिन्छ । यता तिर लोप हुने क्रममा बढदो अवस्थामा रहेको बेला, जन्मने क्रममा छोराको संख्या कम हुने त्यसमा पनि विवाह नगरी बसी दिने भएकोले यो जातिको जनसंख्यामा कम हुदै गएको हो । आज भन्दा दश एघार वर्ष अगाडि सम्म आफ्नो घर परिवारमा आफ्नै जातको विवाह गर्नु पर्ने वाध्यताले पनि लेप्चा केटी विवाहको लागि पाँउदैनथिए । उनीहरुको सम्पर्क अन्य जातिहरु सगँ सारै कम भएको देखिन्छ । अन्य जातिको केटीहरु अलिक बढी शिक्षीत भएकोले लेप्चा

जातिको केटाहरु सगँ विवाह नगर्ने भएकोले र उनीहरुले विवाह गर्नको लागि आफ्नो जातको केटी खोज्न धेरै टाडा जानु पर्ने भएकोले यस्तो झन्झट नगर्ने कारणले यो जातिमा विवाह नगरी बस्ने गरेको हो । यसले पनि लेप्चा जातिको जनसंख्या कम भएको हो (सन्तोस लेप्चा अन्तरवार्ता २०६८ फिक्कल ) ।

### ६.१.२.३ जडीबुटी प्रयोगका कारण

लेप्चा जातिहरु वास्तवमा प्रकृति प्रति विश्वास गर्न अन्य जाति भन्दा बढी देखिन्छन् । सात आठ वर्ष अगाडि सम्म पनि लेप्चाहरु विरामी हुदाँ सरकारी औषधी प्रयोग गर्दैनथे । खास भन्ने हो लेप्चा जाति जंगलमा बस्ने भएकोले पनि सरकारी औषधीलाई प्रयोगमा नल्याएको हो । लेप्चाहरु विरामी पर्दा जंगलको जडीबुटी नै प्रयोग गर्ने गर्थे । बिषेश गरी कुकुर तरुल,गाईखुरेको, चिराइतो, निम्पता, पाखनबेत, बूढो ओखती, हाडजोडा आदि जस्ता जंगली जडीबुटी प्रयोग गरेको देखिन्छ । अझै पनि लगभग ६० प्रतिशत लेप्चाहरुले जडीबुटी नै प्रयोग गरेको पाइन्छ । यो जडीबुटी बढी प्रयोग गर्दा मानिसमा सन्तान उत्पादन गर्ने क्षमतामा ह्रास आउँछ । यसको प्रयोगबाट सेक्स चाहानामा पनि धेरै कमि हुन्छ । विषेश गरी कुकुर तरुल र गाईखुरेको बढी प्रयोग गरेको खण्डमा सन्तान उत्पादन गर्ने क्षमतामा धेरै कमि आउँने, कसैमा त सन्तान नै नहुने जस्ता असर देखिन्छ । त्यसैले लेप्चा जातिहरुले जडीबुटी मात्र बढी प्रयोग गरेको कारणले यो जातिको जनसंख्या घटदै गएको पनि हुन सक्छ (विर ब. लेप्चा फिक्कल अन्तरवार्ता २०६८) ।

### ६.१.२.४ बिफर रोगबाट बढी मृत्यू

लेप्चा जातिको जनसंख्या कम हुनुमा मृत्यू पनि हो । यो जाति धामी झाँक्रीमा विश्वास बढी गरेको पाइन्छ । त्यस्तै गरी जडीबुटी मात्र प्रयोग गरेको पाइन्छ । जस्तो सुकै विरामी पर्दा पनि धाँमीझाँक्री लगाउने, डाक्टरको सलसल्ला नलिने, प्रथम त हस्पिटल नै नजाने, अस्पतालको औषधी प्रयोग नगर्ने, खाली जडीबुटी मात्रबाट विरामीको उपचार गर्ने प्रचलनले वि.स.१९९० देखि १९९५ सम्म र २०२० को बिफर रोग लागेर लगभग ४५०० देखि ५००० को हाराहारीमा लेप्चाहरुको मृत्यू भएको र यो रोगबाट बाँच्नको लागि अन्य ठाँउ तीर बसाई सरी गएको कारणले लेप्चा जातिको जनसंख्या घटेको हो भन्ने कुरा अध्ययनको क्रममा पाउन सकिन्छ (सन्चरमित लेप्चा ) ।

### ६.१.२.५ सरकारी संरक्षणको अभाव

जनचेतनाको कमिको, अन्दविशवासको कारण, रोग लाग्दा डाक्टरी औषधीबाट टाडा रहने भएको, खाली जंगली जडीबुटीबाट मात्र उपचार गर्ने भएको कारणले यो जातिको लोप हुदै गएको पाइन्छ । यस्ता कुराहरुबाट बचाउँनको लागि सरकारी नीतिको आवश्यक पर्दछ । तर यस्ता कुराहरुमा सरकारको ध्यान नपुगेको देखिन्छ र लेप्चा जातिको संरक्षणको लागि पनि केही पनि पारदर्शी नीति नल्याएको कारणले पनि लेप्चाहरु लोप हुदै गएको देखिन्छ । तर केही वर्ष यता संरक्षणको लागि मासिक भत्ताको नीति ल्याए पनि पारदर्शी हुन सकेका छैन (मुना लेप्चा फिक्कल अन्तरवार्ता २०६८) ।

### ६.१.२.६ अन्तरजातीय विवाह

लेप्चा परिवारमा जन्म लिएको छोरा होस वा छोरी होस हाल आएर अन्तरजातिय विवाह गर्ने गरेको पाईन्छ । समाजमा लेप्चा छोरीहरुले पहिला देखि नै अन्य जातिको केटाहरु सगँ विवाह गर्ने भएकोले लेप्चा केटाहरुले आफ्नो जातिको केटी नपाएको हुनाले अन्य जातको विवाह गरेको देखिन्छ । यसरी अन्तरजातीय विवाहले गर्दा आफ्नो सस्कृति हराउदै जाने गरेको देखिन्छ । अन्य जातिको केटी विवाह गरेपछि त्यो घरमा बुहारी भएर आउने महिलाले आफ्नो माइतीको सस्कृतिलाई अपनाउने भएकोले श्रीमानको घरमा अपनाउने भाषा, सस्कृति, संस्कार आदि कुरा हराउदै गएको हो र हाम्रो जातिय पहिचान झल्काउने भाषा, सस्कृति, संस्कार नै लोप हुनु भनेको हामी नै लोप हुनु हो (एलिजा लेप्चा श्रीअन्तु नाम परिर्वतन अन्तरवार्ता २०६८) ।

### ६.१.२.७ संस्कृतिकरण (Sanskritization)

संस्कृतिकरण भनेको तल्लोजातका मानिसहरुले अथवा जनजातिहरुले बाह्मणहरुको अथवा माथिल्लो जातका संस्कृतिलाई अवल्वन गरी हैसियतमा ठारै माथि उक्लने प्रकृया नै संस्कृतिकरण हो (भट्टचन २००५) । त्यसै गरी इलाम जिल्लाका लेप्चा पनि संस्कृतिकरणका प्रक्रियाबाट अलग रहन सकेका छैन ।

**वैयक्तिक अध्ययन ७ : शिर्षक : लेप्चा सस्कृति लोप**

*श्रीअन्तुकी, वर्ष १९, को मेलिना लेप्चाको भनाईमा लेप्चा जाति विभिन्न ठाँउमा छरिएर बसोबास गरेको पाईन्छ । लेप्चाहरु आफ्नै जात मात्र एक ठाँउमा बसेको पाइदैन । अन्य जातिहरु सगँ छरिएर बसेपछि आफुले मान्दै गरेको संस्कृतिमा बिस्तारै अन्य सस्कृतिको प्रभाव परेको देखिन्छ । बौद्ध र हिन्दु धर्मको प्रभावका साथ साथै हाल इशाई धर्मको पनि उत्तिकै प्रभाव परेको छ । आधुनिकता, वर्तमान सामाजिक संरचनामा आएको परिवर्तन, विभिन्न धर्म प्रतिको आकर्षण, भारतीय लेप्चाहरुले इशाई धर्म अवलम्बन गर्नुको प्रभाव स्वरुप नेपालका लेप्चाहरुमा पनि सुगौली सन्धीपछि इशाई धर्मको प्रभाव पर्न थाल्यो । १८ महिनादेखि ३ वर्ष सम्म ससुरालीमा बसेर मात्र बेहुली भित्राउने विवाह संस्कार आज हिन्दु सरह सम्पन्न हुन थालेको छ । त्यसैले हाल केही लेप्चाहरु इशाई धर्मावलम्बी पनि भएका छन् । ती लेप्चाहरुको चाडपर्व, संस्कार इशाई धर्म अनुरुप नै सम्पन्न गरिन्छ ।*

*तर हाल आएर लेप्चाहरुको चाडपर्वमा आफ्नो मौलिकता भन्दा बौद्ध, हिन्दु, इशाइ धर्मको सक्रिय प्रभाव देखिन्छ । त्यसै भन्न सकिन्छ कि लेप्चा संस्कृतिमा पश्चिमीकरणको प्रभाव परेको छ । साथै आफ्नो मौलिक चाडपर्वहरु मान्नुको साथै बौद्ध र हिन्दु चाडपर्वहरु पनि मान्न थालेकाले संस्कृतिकरणको (Sanskritization) प्रभाव परेको पाइन्छ । यसै कारणले पनि लेप्चा जाति लोप हुदै गएका हुन सक्छ ।*

# अध्याय सात

## लेप्चा जातिको जीवन शैलीमा भएको परिवर्तन

आफ्नै भाषा, सास्कृतिक, संस्कार, धर्म, रितीरिवाज विशिष्टताले भरिपूर्ण लेप्चा जाति नेपालको पूर्वमा अल्पसंख्यक रुपमा बसोबास गर्छन् । कालान्तरमा ओडारमा बसी विभिन्न जंगली जनावारहरुको शिकार गरी, बनजंगलको कन्दमुल खोजी गरी आफ्नो जिवीकार्पाजन गर्ने लेप्चा जातिमा हाल आएर धेरै परिर्वतन आएको देखिन्छ । यो जातिमा सास्कृतिक, सामाजिक, आर्थिक आदि पक्षमा परिवर्तन भएको पाइन्छ । समयको गति सगैँ यो जातिमा अन्तरसास्कृतिक,वाह्य सम्पर्कको प्रभाव,आधुनिकता, शिक्षा आदिको प्रभावको कारण विभिन्न कुराहरुमा आएको परिर्वतनले लेप्चा जातिको जीवन शैलीमा पूर्ण रुपमा प्रभाव परेको पाइन्छ ।

### ७.१ बसोबास र घरको बनावट

कुनै पनि मानिसहरूको रहनसहन र घरको वनोट त्यस ठाउँको हावापानी, उपलव्ध साधन स्रोत र व्यक्तिको आर्थिक अवस्थाले ठूलो प्रभाव पारेको हुन्छ । त्यसैले इलाम जिल्लामा बसोबास गर्ने लेप्चा वस्तीहरूमा पनि यहि कुराले प्रभाव पारेको छ । विगतमा जंगलको ओडारमा बस्ने लेप्चा जातिका मानिसहरू केही समय यता विशेषगरि भिरालो अलि ठाँडो जमिन भएका स्थानमा मात्र वसोवास गर्छन् । काम गर्न खनजोत गर्न ढाँड नदुख्ने, काम गर्न सजिलो हुनाले यस्ता स्थानमा वसेको हुन ।

**वैयक्तिक अध्ययन ८ : शिर्षक :घर र बसोबास**

*सुकविर लेप्चा, वर्ष ४१, हामी लेप्चाहरुको घरको बनावट पनि आफ्नै किसिमको छ । काँठ, बाँस र माटोबाट घर बनाई छाना खरको प्रयोग गरेको पाइन्छ । लेप्चा जाति घर बनाउँदा बाँसको प्रयोग बढी गर्छन् । पहिलाको घरहरु प्राय दुई तलाको भएको देखिन्छ । माथिलो तलामा मान्छे बस्ने र भुईतलामा सामानहरु राख्ने र गाईवस्तु राख्ने गर्दछन् । बाँसको इग्रा गरी माटो लगाएको चार कोठाको घर निर्माण गरेको पाइन्छ । त्यो कोठाहरुलाई देयाङ, के,वो र फू भनिन्छ । पूजा कोठालाई "वो", फो नामक कोठामा दमपतिलाई सुवागरात मनाउन राखिन्छ । देयाङ र के नामक कोठामा भान्सा र परिवार सुत्नको लागि प्रयोग गरिन्छ ।*

क्षेत्रगत अध्ययनको क्रममा हाल आएर लेप्चाहरुको बसोबास र घरको बनावटमा धेरै परिवर्तन भएको पाइन्छ । यी जातिको घर परिवार अन्य जात जातिहरूसँग मिलीजुली मिसिएर वसेका पाईन्छ । स्थलगत सर्वेक्षण अनुसार लेप्चा समुदायको घरको किसिम परम्परागत जातीय शैलीमा वनेको कतै पाईदैन ।

प्रत्येक लेप्चाहरूको घर आधुनिक किसिमले व्यवस्थित टिनको छानो साथै प्राय जसोले सिमेन्ट गरेको पाइन्छ । कतिपयको घर तल्लो तलामुनि गाईवस्तु राखी माथि आफ्नो परिवार वसोवासको लागि वनाएको हुन्छ । विभिन्न अवश्यकता अनुसार घरको कोठा पनि विभिन्न प्रयोजनका निम्ति बनाईएको हुन्छ । हाल आएर भान्सा घर पनि अलग्गै बनाउने प्रचलन बढ्दो देखिन्छ । घर पनि आफ्नो आफ्नो औकात अनुसार बनाएको पाइन्छ । घरमा कोठाहरु, टेलिभिजन, सोफा, कार्पेट, राम्रा-राम्रा सोकेशहरुबाट सजाइएको पाइन्छ । समयको परिवर्तन सगँ सगैं समथर, बाटो छेउछाउ सरेर बस्नुका साथै वजार क्षेत्रमा पनि यिनीहरूको वसोवास धेरै पाइन्छ । आफ्नै जातिसँग मात्र नभएर छरिएर अन्य जातजातिसँग घुलमिल हुदै वसोवास गर्न थालेको पाइन्छ । यसरी लेप्चा जातिमा बसोबास गर्ने र घर बनाउने चलनमा परिवर्तन भएको कारणले उनीहरुको जीवनशैलीमा पनि परिवर्तन आएको देखिन्छ ।

## ७.२ खानपिन र भाँडावर्तन

खानपानको कुरा गर्दा भौगोलिक हावापानी, उत्पादन प्रणाली आर्थिक अवस्था जातिगत परम्पराले प्रभावित पारेको हुन्छ । साधारणयत सम्पूर्ण नेपालीको मुख्य खाना दाल, भात, तरकारी नै हो । परापूर्वकालमा कन्दमुल, गिट्ठा, भ्याकुर, विभिन्न किसिमका तरुणहरु,बाँसको ताँमा, सिस्नो, साग,निगुर, गुर्बो, कोदो, मकै, फापर, जुनेलो, गहुँ, कागुली, धैया,जंगली जनावारको शिकार आदि नै यस जातिको प्रमुख खाद्यपर्दाथ थियो । साथै जाँड, रक्सी, मासु पनि यस जातिको प्रमुख खानपिन हो । त्यस्तै गरी भाँडावर्तनहरु बाँसबाट बनेको बढी प्रयोग गरिन्थ्यो । त्यस्ता बाँसबाट बनेको भाँडावर्तनहरु अझै पनि लेप्चा संग्रहालय फिक्कल र श्रीअन्तुमा पाउन सकिन्छ (पछाडी फोटोमा समाबेस गरिएको छ ) । साथै काँस र पित्तलबाट बनेको केही फरक खालको वर्तनहरु प्रयोग गर्दछन् ।

हाल आएर लेप्चा जातिको खानपिनमा परिवर्तन आएको देखिन्छ । दाल, भात,तरकारीका साथै आधुनिक थुक्पा, म.म जस्ता खाद्यपदार्थ पनि खाने गरेको पाइन्छ । विवाह चार्डपर्व पुजाआजामा सामुहिक रूपमा भेला भई अन्य जातिहरुसगँ निकट सम्बन्ध भएकाले उनीहरुलाई पनि निमन्त्रणा गरिन्छ र सगैं बसेर खाने पिउने गर्दछन् । सबै जातिहरुसगँ खान मिल्ने चिउरा, दही, अचार, मिठाई, रोटी,माछा, मासु, मादक पदार्थ आदि जस्ता चलाउदछन् । भाँडाकुडाँमा पनि आधुनिक प्लेट, गिलास,कप,थाल,बोटुका, विधुतीय प्रयोग सामान, सिल्भर, स्टिलका सामान प्रयोग गर्न थालेको देखिन्छ भने खाना पकाउनका लागि दाउरा नै प्रयोग गर्ने लेप्चाहरु हाल आएर खाना पकाउनको लागि विधुतीय उपकरण, ग्याँस प्रयोग गर्ने गरेको पाइन्छ ।

यसरी लेप्चा जातिले प्रयोग गर्ने भाँडाकुडाँ र खानपिनमा भएको परिवर्तनले उनीहरुको जीवनमा पूर्ण रुपमा परिवर्तन आएको पाइन्छ भने लेप्चाहरुको जीवन शैलीलाई नै एक खालको अन्धकारबाट बाहिर निकाली नयाँ ठाँउ तिर लगेको देखिन्छ ।

## ७.३ शैक्षिक कारण

शिक्षा आजको आवश्यकता हो । समाज विकासमा शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । विगतमा जंगली अवस्थामा रहेको लेप्चा जाति शैक्षिक क्षेत्रमा अन्य जातिको तुलनामा अत्यन्त कमजोर रहेको पाइन्छ । तर तुलनात्मक रुपमा बिस्तारै उनीहरुमा प्रगती हुदै आएको देखिन्छ । भूमिसुधार ऐन लागु हुनु भन्दा अगाडि लेप्चाहरुको शाशन गर्ने काजी सुब्बा थिए । यीनिहरुले शक्तिमा हुदाँ आफ्नै जातिलाई दबाएर बसेका थिए । यी शाशकहरुले आफ्नै भलाईको लागि मात्रै काम गर्दथे तर आफ्ना जातिको लागि प्रगति मुलक काम र विकासको कार्य केही पनि गरेनन् । काजी सुब्बाहरु चाहि केही शिक्षित, टाठाबाठा थिए तर उनीहरुले आफ्ना जातिलाई शिक्षित बनाउनु पर्छ, शिक्षा दिएर हामी जस्तै बनाउनु पर्छ भन्ने कुरा कहीले पनि सोचेनन् । त्यस कारणले पनि लेप्चाहरु काजी सुब्बाहरुको व्यवाहारको कारणबाट पछी परेको हो ।(बैद्य,जेफरी र शान्ति २०००:१४)जब भूमिसुधार ऐन लागु भयो यो काजी सुब्बा प्रथा हट्दै गयो । त्यसपछि लेप्चा जातिको शिक्षा क्षेत्रमा अगाडि बढदै गएको देखिन्छ । अझ वि.स २०५० पछि लेप्चाहरुको शैक्षिक अवस्थामा धेरै प्रगति आयो । आज लेप्चाहरुले शिक्षा प्रति निक्कै रुचि देखाउन थालेका छन् । शिक्षित लेप्चाहरुको सङ्ख्यामा वृद्धि हुदै गएको पाइन्छ । त्यसबाट लेप्चाहरुको चेतनामा विकास भएको छ । शिक्षाको प्रति लगाव, शिक्षाको विकासको कारणले यी जातिको पूर्णरुपमा जीवन शैलीको हरेक पक्षमा आमुल परिवर्तन हुदै आएको छ,(सचेन लेप्चा फिक्कल२०६८,अन्तरवार्ता)

## ७.४ आधुनिकीकरण

लेप्चा जातिको जीवनको परिवर्तन हुनुको अर्को कारक तत्व भनेको आधुनिकता पनि हो । आधुनिकताको कारणले लेप्चाहरुको जीवनको हरेक पक्षमा परिवर्तन भएको छ । व्यवसाय गर्ने परम्परागत प्रणालीलाई छाडेर आधुनिक प्रणाली अपनाउन थालेको पाइन्छ । उनीहरुको प्रमुख पेशा कृषि हो । विगत २५/२७ वर्षसम्म कोदो, मकै, गँहु, धान, आलु आदि प्रमुख बाली थियो । तर हाल आएर यी खाद्यान्न बालीहरु लगायत अन्य अदुवा,चिया, अम्लिसो, अलैची,फलफूल, तरकारी आदि जस्ता नगदे बाली प्रति पनि उन्मुख देखिन्छन् । उनीहरुले खेतीमा रासायनिक मल, तथा औसधीहरुको प्रयोग, आधुनिक मेसिनहरुको प्रयोग गरी अत्यधुनिक किसिमले खेती गर्न थालेपछि त्यसबाट उनीहरुको राम्रो आम्दानी हुन थालेको छ । जसबाट

उनीहरुको आर्थिक जीवन स्तरमा धेरै सुधार हाएको छ । उनीहरुको आर्थिक जीवन स्तरमा सुधार आएपछि उनीहरुको शिक्षामा सुधार आएको छ, घरको बनावट शैली, पहिरन, खानपिन लगायत सम्पूर्ण जीवन स्तरमा परिवर्तन भएको छ । नगदेबालीको उत्पादनमा वृद्धि भएकै कारणले लेप्चा जाति कृषिका साथै व्यापार व्यवसाय तिर पनि लाग्न थालेका छन् । (राधिका राई कन्याम २०६८ अन्तरवार्ता)

यसरी आधुनिकताको कारणले लेप्चा जातिको चेतनामा बृद्धि भई नयाँ-नयाँ सोचको विकास गर्न थाले पछि उनीहरुको जीवनमा परिवर्तन आएको पाइन्छ ।

## ७.५ सरकारी तथा गैरसरकारी प्रयास

नेपालमा सूचिंकृत ५९ आदिवासी जनजातिहरु मध्ये १० आदिवासी जनजातिहरुको जनसंख्या धेरै कम भएको हुनाले लोपोन्मूख जातिको रुपमा परेको हो । यी लोपोन्मूख जातिहरु मध्ये इलाममा बसोबास गर्ने लेप्चा जाति एक लोपोन्मूख जाति हो । लेप्चा जातिको अध्ययन अनुसन्धानमा सरकारी तथा गैरसरकारी सस्थाहरुले पूर्ण रुपमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

**वैयक्तिक अध्ययन ९ : शिर्षक :संस्थाहरुको भूमिका**

*३७ वर्षका उमेश लेप्चा (श्रीअन्तु) केही वर्ष यता नेपाल सरकारबाट लेप्चा जातिको जीवन उकासनको लागि मासिक रुपमा रु ५०० को दरले दिने गरेको छ । त्यस्तै गरी अन्य शिपमुलक कार्यको लागि पनि सरकारले विभिन्न कार्यक्रम आयोजना गरेको छ । उनीहरुलाई सक्षंम, सवल र कार्यमुखी बनाउनको लागि गैरसकारी संस्थाहरु पनि विभिन्न कार्यक्रमहरु संचालन गरेका छन् । लेप्चा जातिको शिक्षाको लागि गैरसरकारी सस्थाहरुले नि-शुल्क रुपमा पढाउने प्रावधान गरेको, कक्षा अनुसार छात्र वृति दिने गरेको, कक्षा अनुसार ५ देखि १० कक्षालाई रु ५००० देखि १०,००० सम्म र एस.एल.सी देखि एम.ए सम्मलाई रु रु १५,००० देखि ३०,००० सम्म पनि दिने गरेको छ । यस्ता कार्यक्रमहरुले लेप्चा जातिको जीवनमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । यसरी विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले खेलेको भूमिकाले लेप्चा जातिको जीवन शैलीमा परिवर्तन ल्याउने महत्वपूर्ण कुरा मानिन्छ ।*

## ७.६ अन्तरजातीय सम्बन्धको प्रभाव

लेप्चा जातिको जीवन शैलीमा परिवर्तन आउनको कारण एउटा मुख्य कारण अन्तरजातीय सम्बन्धको प्रभाव पनि हो । लेप्चा जाति इलामको आदिबासी जाति हो । तर यीनिहरु अल्पसंख्यक रुपमा रहेकाले, एकै ठाँउमा मात्र लेप्चाहरु नबस्ने गरेकोले अन्य जातिहरु सगँ प्रत्यक्ष घोलमेल भएर बसेको पाईन्छ । यो जाति अन्य जातिको तुलनामा अत्यन्तै न्यून रहेको कारणले लेप्चा जातिको चालचलन भन्दा अन्य

जातिहरुको चालचलन त्यस ठाँउमा बढी मजबुत छ । लेप्चा जाति अन्य जातिहरु सगँ नै समाजमा बढी घोलमिल भएकोले सस्कृति लेप्चा संस्कृति हराउदै गरेको र अन्य जातिहरुको संस्कृति मजबुत भएको पाइन्छ । अन्य जातिहरुको सम्पर्कले गर्दा नेपाली भाषाको प्रयोग गर्ने, विचार विनिमयको भाषा नै नेपाली भाषालाई मान्ने गरेको, जातीय भेषभूषा छाडेर अन्य जातिहरुले जस्तै आधुनिक भेषभूषा लगाँउन थालेको,आफ्नो झ( न्झटिलो र असुविधाजनक संकारहरु क्रमश अन्य जातिको सरह सरल र सहज तरिकाले सम्पन्न गर्न थालेका, जन्म, विवाह, मृत्यू आदि जस्ता चालचलन हिन्दू सस्कृति जस्तै कम खर्चीलो तरिकाले सम्पन्न गर्न थालेका छन् । अन्तरजातीय सम्बन्धको कारणले नै  सामाजिक, आर्थिक, सास्कृतिक, राजनितिक, धामीर्क, शैक्षिक आदि पक्षहरुमा परिवर्तन भएको छ । अन्तरजातीय सम्बन्धको कारणले गर्दा अन्तरजनतीय  विवाह गर्ने गरेको पाइन्छ । यो अन्तरजनतीय विवाहले गर्दा अरुको संस्कृति, व्यवारहरु सिक्ने र आफ्नो सस्कृति लोप भए पनि जीवन शैलीमा चाहिँ परिवर्तन भएको छ । यसरी लेप्चा जातिको जीवन परिवर्तन हुनुमा यो पनि एउटा कारण हो । (पेमा लेप्चा कन्याम २०६८, अन्तरवार्ता)

**७.७ बाह्रय सम्पर्कको प्रभाव**

लेप्चाहरु परिवर्तन हुने अर्को कारण वाह्य सम्पर्कको प्रभाव पनि हो । इलामका लेप्चाहरुको छिमेकी राष्ट्र भारतको सिक्किम,दार्जिलिङ्ग आदि ठाउँहरुसँग निकटको सम्बन्ध रहेको छ । लेप्चाहरुको बसोबास बढी मात्रामा त्यस क्षेत्रहरुमा भएको कारणले गर्दा निकट सम्बन्ध गासिएको छ । सिक्किमे लेप्चाहरुकै प्रभावमा इलामका लेप्चाहरुले वौद्ध धर्म अवलम्बन गरेका छन् । दार्जिलिङ्गबाट त झन इलामका लेप्चाहरुले अत्यन्तै बढी प्रभाव ग्रहण गरेका छन् । अध्ययन क्षेत्रहरु दार्जिलिङ्गको अत्यन्तै निकटमा रहेका छन । इलामका लेप्चाहरु आफूले उत्पादन गरेका वस्तुहरु बिक्री गर्न र आवश्यक सामान खरीद गर्न दार्जिलिङ्गको मिरिक, सिलिगुडी, कर्सङ आदि बजारहरु नै जाने गर्दछ । त्यस ठाउँका लेप्चाहरुलाई नेपालको व्यपारिक केन्द्र(बाजर) पुग्नभन्दा भारतका दार्जिलिङ्गको मिरिक, सिलिगुडी, कर्सङ आदि बजारहरु पुग्न लगभग ४ घण्टा नै कम समय लाग्ने भएकाले भारतीय बजार जान सजिलो पर्छ । त्यसकारण दार्जिलिङ्गको बासिन्दाहरुसँग उनीहरुको निकट सम्बन्ध छ । दार्जिलिङ्गको प्रभावले गर्दा इलामका लेप्चाहरुको पहिरन, बोलीचाली, खानपिन, रहनसहन आदिमा प्रत्यक्ष परिवर्तन भएको छ (मान ब.लेप्चा कन्याम २०६८ अन्तरवार्ता) ।

लेप्चा जातिको संस्कृतिको धेरै पक्षहरुमा दार्जिलिङ्गको संस्कृतिको प्रभाप परेको छ । यी क्षेत्रका लेप्चाहरुको नातेदारी सम्बन्ध पनि भारतीय लेप्चाहरुसँग गाँसिएको छ । त्यस्तै गरी इलाममा हाल लेप्चाहरुको धार्मिक कार्य सम्पन्न गर्ने जान्ने बुङथिङ विजुवाहरु छैनन् त्यसैले उनीहरुलाई आफनो जातको जान्ने पुरोहित चाहिएमा पनि भारत वाटै झिकाउँनु पर्ने हुन्छ । भारतीय क्षेत्रहरुमा भने उनीहरुको जान्ने बुङथिङ विजुवाहरु

हालसम्म केही मात्रामा पाइन्छ । यी कारणहरुले गर्दा पनि इलामका लेप्चाहरुको भारतीय नागरीकहरुसँग निकट सम्बन्ध छ । त्यसैले भारतीय संस्कृतिको प्रभाव यो क्षेत्रका लेप्चाहरुमा परेको छ। त्यस्तै कतिपय लेप्चाहरु भारतीय प्रभावमा क्रिश्चियन धर्ममा पनि विश्वास गर्न थालेका छन् । कतिपय लेप्चाहरु रोजगारीको लागि अन्यत्र ठाउँमा गएका छन् , त्यहाबाट पनि उनीहरुले प्रभाव ग्रहण गरेका छन् । यसरी बाह्य सम्पर्कको प्रभावले गर्दा लेप्चा जातिको जीवन शैलीमा परिवर्तन आएको छ (सनममित लेप्चा २०६८ अन्तरवार्ता ) ।

### ७.८ स्वास्थ्य सम्बन्धी कार्यकमहरुको प्रभाव

लेप्चा जातिको जीवनमा परिवर्तन आउने अर्को कारक तत्व स्वास्थ्य सम्बन्धी कार्यक्रम हो । नेपाल सरकारले २०३६ सालपछि स्वास्थ्य सम्वन्धी विकेन्द्रीकरणको सिद्धान्त ल्याएपछि ग्रामीण क्षेत्रमा जनताहरु त्यसबाट क्रमशः प्रभावित हुदै आए । इलामका लेप्चाहरु पनि लगभग २०५० सालपछि चाहिँ नेपाल सरकारको स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुबाट धेरै नै प्रभावित हुदै गए । गाउँ-गाउँमा स्वास्थ्य चौकीहरु स्थापना भयो । त्यस्तै भिटामिन ए कार्यक्रम, पोलियो थोपा, दादुरा खोप, वि.सि.जी खोप लगायत प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक आदि जस्ता स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु गाउँ-गाउँमा पुगेपछि लेप्चाहरु पनि क्रमश त्यसबाट प्रभावित हुदै गए । भिटामिन ए खुवाउदा बच्चाबच्ची हुदैन, पखला लाग्दा खुवाउनु हुदैन भन्ने जस्ता गलत विश्वासहरु शुरु शुरुमा लेप्चाहरुमा थियो । हाल त्यस्ता गलत विश्वासहरु हटिसकेका छन् । स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको प्रभावले गर्दा हाल लेप्चाहरुको परम्परागत स्वास्थ्य उपचार पद्यतिमा परिवर्तन भएको छ । कुनै व्यक्ति विरामी भए बुङथिङ, विजुवा अथवा धामी - झाक्रीबाट उपचार गराउने र धामी-झाक्रीले विरामी जाति पार्न नसके अरु उपचारबाट जाति हुँदैन भन्ने विश्वास गर्थे । तर हाल पूर्ण रुपमा धामी-झाक्रीमा मात्र विश्वास गर्न छोडिसकेका छन् । विरामी परे शुरुमा १/२ पठक धामी-झाक्री लगाउने त्यसपछि जाति नभएमा तुरुन्त अस्पताल लान थालेका छन् ।

**वैयक्तिक अध्ययन १० : शिर्षक : स्वास्थ्य**

***लेप्चा बस्तीमा बसोबास गर्ने कन्यामकी, वर्ष २५,को सुनिता राईका अनुसार*** *लेप्चाहरु आज आएर स्वास्थ्य सम्बन्धी कार्यक्रममा पूर्ण रुपमा सहभागी हुन थालेको,यस्ता कार्यक्रममा सहयोग गर्ने, अन्यलाई जनचेतनाको कार्यक्रमशरुलाई आयोजना गरेको पनि हामी देख्न सक्छौ । यसरी यस क्षेत्रको लेप्चाहरुको स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागिता बढ्दै गएको छ र त्यसको प्रभावले परम्परागत उपचार पद्यतिमा परिवर्तन भएको छ । यसले गर्दा पनि उनीहरुको जीवनमा परिवर्तन आएको हो ।*

# अध्याय आठ

## सारांश र निष्कर्ष

### ७.१ सारांश

प्रस्तुत शोधपत्रलाई जम्मा सात अध्ययमा बिभाजन गरि अध्ययन गरिएको छ । अध्यय एकमा परिचय, समस्याको कथन, उद्देश्य र महत्वको बारेमा चर्चा गरिएको छ । अध्यय दुईमा सन्दर्भ साहित्यको पुनरावलोकन गर्ने क्रममा लोपोन्मूख जाति लेप्चाको जनसंख्या घट्दो अवस्थामा कसरी भयो, के कारणले जनसंख्या घटेको हो भन्ने कुरा पत्ता लगाउने र यीनिहरुको जीवन शैलीमा आएको परिवर्तन सगँ मेल खाने खालको सामग्रीहरुको बारेमा चर्चा गरिएको छ । अध्यय तीनमा अनुसन्धान बिधिको बारेमा उल्लेख गरिएको छ । यस अध्ययनमा सुचनाहरू परिणात्मक र गुणात्मक रूपले प्राथमिक र द्वितिय स्रोतवाट संकलन गरिएको छ । जम्मा १५५ घरधुरीमा तीन वटै क्षेत्रको पर्ने गरी ४० प्रतिशत अर्थात ६२ घरधुरीलाई साना कागजका टुक्रामा राखेर एउटा भाँडो भित्र राखी Random Sampling method प्रक्रिया अनुसार एकवटा घर गर्दै ६२ वटा घरधुरी छान्ने काम गरियो । छनौटमा परेका अध्ययन क्षेत्रका घरधूरि संख्या र छनौटमा परेका घरधूरिलाई तालिका प्रस्तुत गरिएको छ ।

यसमा तथ्याङ्क संकलन गर्दा अवलोकन विधि अधिकतम प्रयोग गरिएको छ । यस अध्ययनको स्वरूप खोजमुलक एवंम वर्णात्मक भएको इलामको १५ वटा गा.वि.स.मध्ये कन्याम, श्रीअन्तु र फिक्कल गा.वि.स.मा बसोबास गर्ने लेप्चा जातिको अवस्थाको बारेमा अध्ययन गरिएको छ । अध्यय चारमा अध्ययन क्षेत्रको परिचयमा अध्ययन क्षेत्रको बारेमा र अध्ययन अनुसन्धान गरेर ल्याईएको तथ्य तथ्याङ्कहरु साथै अध्ययनरत लेप्चा जातिको बिभिन्न पक्षहरुको बारेमा ब्याख्या र विश्लेषण गरिएको छ । अध्ययन पाँचमा इलामको लेप्चाहरु किन, के कारणले लोपोन्मूख अवस्थामा छन् ? जनसंख्या घट्दै जानुमा कस्तो कुराहरुले असर पारेको छ भन्ने बारे ब्याख्या र विश्लेषण गरिएको छ । अध्याय छ मा लेप्चा जातिको जीवन शैलीमा कसरी के कारणहरुले परिवर्तन आएको छ भन्ने बारे प्रकाश पारिएको छ। अध्याय सातमा सारांश, निष्कर्ष र सुझावलाई राखिएको छ ।

लेप्चा जाति नेपालका विभिन्न आदिवासी जनजातिहरु मध्ये एक महत्वपूर्ण प्राचिन जनजाति हो । इलाम जिल्लाको माईखोला पुर्व र मेची नदीको वीचमा पर्ने १५ वटा गा.वि.स.हरुमा मात्र वसोवास गर्दै आएका लेप्चा जाति पनि आदिवासी जनजातिमा पर्ने नेपालको १० लोपोन्मूख जातिहरु मध्ये एक हो । यो जातिको

जनसंख्या थोरै भए पनि यीनिहरु आफ्नो छुट्टै मौलिक पहिचान भएको, अन्य जातिहरुको भन्दा फरक किसिमको सामाजिक मूल्य मान्यता, सस्कृति,रीतिरिवाज, चालचलन, जीवन शैली रहेको छ । जसमा इलाम जिल्लामा परापूर्वकाल देखि बसोबास गर्ने लेप्चा जातिको विभिन्न पक्षहरुको सुक्ष्म अध्ययन गरिएको छ । मूख्य रुपमा आज भन्दा २५० वर्ष अघि इलाममा राज्य संचालन गरी बसेका लेप्चाहरु आज आएर किन, कसरी, के कारणहरुबाट लोप हुदै गइरहेका छन् ? र लोपोन्मूख अवस्थामा रहेको लेप्चा जातिको जीवन शैलीमा आएको परिवर्तन के कारणहरुबाट आएको हो भन्ने कुरा पत्ता लगाउने यस शोध पत्रको मूख्य उदेश्य रहेको छ । यी उद्देश्यहरु पुरा गर्नको लागि सिमित स्रोत, साधन र समयलाई मध्यनजर राख्दै यस क्षेत्रमा बसोबास गर्ने लेप्चा जातिलाई राम्रो सगँ बुझ्ने लेप्चा जातिको लामा, लेप्चा उत्थान मञ्चका प्रतिनिधीहरु ११ जना र लेप्चा जातिको बारेमा वा सगै बसोबास गर्ने तथा पूर्णरुपमा जानकार भएका अन्य जातिका व्यक्तिहरु सगँ अर्न्तवार्ता, छलफल र अवलोकन गरी प्राथमिक र द्धितीय दुवै स्रोत प्रयोग गरेर आबश्यक तथ्य, तथ्याङ्कहरु सङ्कलन गरिएको छ ।

लोपोन्मुख लेप्चा जातिलाई पनि हरेक क्षेत्रमा सहभागी गराइ विकासको पथमा परिचालन गर्नु पर्ने सोचका साथ विभिन्न दुई उद्देश्य अनुसार यो जातिको वसोवास ईलाम जिल्लाको ३ वटा गा..वि.स.हरु लिईएको छ । यस गा.वि.स.हरुमा वसोवास गर्ने लेप्चाहरुको समग्रतामा अध्ययन गरिएको छ । इलाम जिल्लाको सबै ठाँउहरु, त्याँहाका डाँडा पाखाको समेत नाँउ लेप्चा भाषाबाट नै राखेको हामी पाँउन सकिन्छ । यसरी हेर्दा लेप्चाहरु इलाममा अन्य जातिहरु भन्दा धेरै संख्यामा रहेको पनि अडकल गर्न सकिन्छ । तर आज यो जातिको जनसंख्या आर्थिक, सामाजिक, धार्मिक, सास्कृतिक, राजनैतिक, शैक्षिक आदि कारणहरुबाट पछि परेका छन् । लेप्चाहरुको विगतमा भएको जग्गा जमिनहरु अन्य जातिहरुको आगमन सँगै गुमाउदै गएको, अन्य जातिहरु सँग प्रतिस्पर्दा गर्न नसकेको, आफ्नो चाड पर्वमा अत्यधिक रुपमा खर्च गर्ने प्रविधी, पराम्परागत कृषि प्रणालीलाई निरन्तता दिएको कारण, लेप्चा जातिको आर्थिक पक्षलाई सुधार गर्नको लागि राज्य भूमिकाको कमि भएको, यीनिहरु बस्ने जग्गा भिरालो भएको कारण खेती योग्य नहुनु , विगतमा लेप्चाहरुको राजा काजीको व्यवहारले आदि कारणहरुले लेप्चा जातिको आर्थिक अवस्था कमजोर भएको कारण यीनिहरु जीविकोर्पाजन गर्न अन्य ठाँउमा गएको देखिन्छ ।

आफ्नै मूल्य मान्यता, भाषा, संस्कृति, चालचलन, रीतिरिवाज, भेषभूषा तथा गरगहना लिपि चाड पर्व सामाजिक संस्कारहरु जन्म, विवाह, मृत्यु आदि जातीय पहिचान बोकेको लेप्चा जाति आज आएर आधूनिकीकरणले, अन्य जातिहरुको प्रभावको कारणले गर्दा आफ्नो पहिचान बिर्सन गई अन्य जातिहरुको सिको

गरी आफ्नो पहिचान झल्कने खालका सबै कुरा विर्सन लागेको पाइन्छ । यो खालको गतिवीधिले गर्दा सबै आफ्ना धार्मिक चाड पर्व तथा संस्कारहरुको ठाँउमा अन्य जातिहरुको पहिचान झल्कने कुराहरुले ओगटेको कारणले गर्दा लेप्चा जातिको जातीय पहिचान लोप हुदै गएको छ । यसले गर्दा पनि यो जाति लोपोन्मूख अवस्थामा भएको पाउन सकिन्छ । राजनैतिक कारणले गर्दा स्थानिय स्तरमा लेप्चा जातिको पहुच नपुगेकोले यीनिहरु अगाडि बढन नसकेको, गरिवीले गर्दा आफूले पढे अनर्थ हुन्छ भन्ने भावनाका कारण शिक्षा क्षेत्रमा कमजोर देखिन्छ । समाजमा अलिक कमजोर अवस्थामा भएको कारण अन्य केही व्यक्तिहरुबाट हेपिएर बसेको, प्रगती गर्न पहुच नभएको कारणले गर्दा लेप्चा जाति लोपोन्मूख अवस्थामा रहेको देखिन्छ ।

परम्परागत जीवन शैलीलाई अपनाउदै आएको लेप्चाहरु आज आएर परिवर्तनशील भएका छन् । उनीहरुको जीवनशैलीमा परिवर्तन आएको छ । लेप्चाहरु आज भन्दा २०/२५ वर्ष अघि सम्म जंगलको आसपासमा स-साना झुप्रा बनाएर अथवा ओडार जस्तो घरको आकार बनाएर भिरालो जमीनमा बसोबास गर्थे तर आज आएर उनीहरुको बसोबास गर्ने तरिका र घरको बनावटमा परिवर्तन भएको छ । आधुनिकीकरणले गर्दा लेप्चाहरुको खानपिन र भाँडावर्तनमा पनि परिवर्तन भएको देखिन्छ । पढन नहुने यदि पढ्यो भने पाप लाग्छ भन्ने अन्धविश्वासमा बाचेका लेप्चाहरु हाल आएर शैक्षिक क्षेत्रमा समावेश भएको पाईन्छ । यसले गर्दा उनीहरुको जीवनशैलीमा प्रत्यक्ष असर परेको छ । सरकारी तथा गैरसरकारी प्रयास, स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको प्रभाव, बाह्रय सम्पर्कको प्रभाव, अन्तरजातीय सम्बन्धको प्रभावहरुका कारणबाट लेप्चाहरुको जीवनमा पुरै परिवर्तन भएको देखिन्छ । उनीहरुको जिउँने प्रत्रियामा परिवर्तन भएको देखिन्छ ।

## ७.२ निष्कर्ष

वौद्व धर्मावालम्वी यो जाति परापूर्वकालमा घुमन्ते शिकारी जीवन विताउने हाल समुदायमा वस्ने यो लेप्चा जाति कञ्चनजंङ्गाको आसपासबाट विस्तार भएको मान्न सकिन्छ तर कतै पनि ठोस प्रमाण भने त उपलव्ध छैन । नेपाल एकीकरण हुनु भन्दा पहिले आफ्नै राज्य व्यवस्था संञ्चालन गर्ने लेप्चा जाति राणा शासन व्यवस्थासम्म उच्च राजकीय सम्मान र हैसियत भएका एतिहासिक प्रमाण पाईएता पनि प्रजातन्त्रको आगमनसँगै यिनिहरूको हैसियत पहुँच गुम्दै गएको देखिन्छ । तर हाल आएर केहि सुधारोन्मुख अवस्थातिर लम्कदै गएको अनुभव गर्न सकिन्छ ।

शिक्षा प्रति अहिले पढाउनु पर्दछ भन्ने भावना जागृत भएको पाइन्छ । तर पनि यो आधुनिक समयमा शिक्षा विनाको जीवन अन्धकार सरह हुन्छ भन्ने जान्दा जान्दै पनि शैक्षिक क्षेत्रमा धेरै पछि परेको

देखिन्छ । नगदेवाली, पशुपालन व्यवसाय गरेता पनि आधुनिक तौर तरिका औजार, प्रविधि मलखाद विवेक सवैले प्रयोग गरेको पाइदैन । विभिन्न जनजातिसँगको अन्तरक्रिया समिश्रणको सामाजिक ढाँचा र आधुनिकिकरणको कारणले गर्दा यस जातिको परम्परागत जीवनशैली र ढाँचामा परिवर्तन आउन थालेको छ । अत्याधिक जाड रक्सी माछा, मासुको प्रयोगको कारण आर्थिक पक्षमा नराम्रो असर परेको देखिन्छ । परम्परागत संयुक्त परिवार भन्दा एकात्मक पारिवारिक ढाँचा अपनाउदै आएका छन् । घरायसी काममा मात्र व्यस्त लेप्चाहरू सोझा, सरल अनि लजालु स्वाभावको कारण सजिलै अन्य समुदाय सँग चाँडै घुलमिल हुन सक्दैनन । तथापी अन्तर जातीय समुदायवाट पनि प्रभावित वन्दैछन् । कृषि पशुपालनमा मात्र होइन अन्य क्षेत्रमा पनि अवसर र विकल्प खोज्नु पर्दछ, आफ्नो अवस्था विश्लेषणको अभावले गर्दा लेप्चाहरू अन्य जातजाति सरह सक्षम हुन सकिरहेका छैनन । राज्यको मुल प्रवाहवाट टाढा रहेको मात्र होइन उनीहरूको अस्तित्व नै संकटमा देखिन्छ ।

लेप्चा जाति कति ठाँउहरुबाट सामाजिक कारणहरुले समाजबाट विभिन्न तौर तरिकाबाट अपहेलना भई बहिष्कार भएर अन्य ठाँउ तिर सर्दै गएकोले पनि यीनिहरुको जनसंख्यामा कमी आएको देखिन्छ भने लेप्चा जातिहरु सामान्य चाँडपर्वमा मनोरञ्जन गरी बढी भन्दा बढी खर्च गर्ने गरेकोले त्यो खर्चको लागि ऋीण लिएर पछि तिर्न नसकेर तिर्नको लागि आफ्नो जग्गा बेचेर ऋीण तिर्दा जग्गाको स्वामित्व घट्दै जानु , अन्य जाति सगँ प्रतिस्पर्दा गर्न नसकेको कारण, परम्परागत खेतिपातीहरुलाई प्रथमिकता दिएको कारण, लेप्चा बसोबास गर्ने स्थान खेती योग्य नभएको, आज भन्दा लगभग २५० वर्ष अगाडी लेप्चा जातिको राजा काजी सुब्बाको अनैतिक व्यवहारको आदि कारणहरुले गर्दा आर्थिक दृष्टिकोणमा रित्तिदै कङगाल भएर इलाममा आफ्नो जीविकार्पाजन गर्न नसकेको कारणले आफ्ना जग्गा जमिनहरु अन्य जाति वा व्यक्तिलाई सस्तो दाममा दिएर त्यो ठाँउलाई छाडेर अन्य त्यहाँबाट बसाई सरेको देखिन्छ । अन्तर जातीय बिबाहको कारण, अन्य जातिको प्रभावमा बढी परेको कारण, आफ्नो सस्कृतिलाई बिर्सेर अन्य जातिको सस्तृतिलाई अवलम्वन गरेकोले लेप्चा जातिको भाषा, लिपि, संस्कार, आफ्नो संस्कृति, पहिचान हराउदै गएकोले पनि लेप्चाहरुको अस्तित्व नै संकटमा परेकोले पनि लेप्चा पहिचान हराउदै गएको हो । ढिलो बिबाह गर्ने, कतिपय बिबाह नै नगरी बस्ने कारणले पनि लेप्चा जातिको जनसंख्यामा असर परेको देखिन्छ भने बिरामी पर्दा डाक्टरको औषधी भन्दा जडीबुटी बढी प्रयोगले गर्दा लेप्चाहरुको सन्तान उत्पादन क्षमता कम भएकोले जनसंख्या घटेको पाईन्छ ।

गरिबी, अशिक्षाको कारणले गर्दा लेप्चा जाति आफ्नो हित अधिकारको लागि अगाडी बढेको देखिदैन । उनीहरु राजनितिकमा त्यती रुची राखेको पाईदैन । राजनिति भनेको उच्च वर्गले मात्र गर्ने हो हामी त अन्य

जाति भन्दा निम्न, गरिब भएको कारण कुनै पनि जिम्मेवारी लिनु हुदैन भन्ने सोचको विकास भएको कारणले कुनै ठाँउहरुमा प्रतिनिधी रहेको देखिदैन । भए पनि एक दुई जना छन् तर तिनीहरु पनि केही गर्न आँठ नभएका अरुले जे भन्यो त्यही गर्ने खालका भएको कारणले लेप्चाहरु पछी परेको देखिन्छ । आफ्नो पहुँच कुनै ठाँउमा पनि नभएकोले आफ्नो जातिको उत्थानको लागि केही पनि गर्न सकेन्न त्यस कारणले गर्दा लेप्चा जाति पछी परेको पाँइन्छ र लोपोन्मूख अवस्थामा पुगेको पनि हो । यसरी यो कारणहरुले गर्दा लेप्चा जाति इलामबाट अन्य ठाँउ तर्फ पलायन हुदै गएको र आफ्नो पहिचान गुमाउदै गएको कारणहरुले लोपोन्मूख अवस्थामा पुगेको देखिन्छ ।

यो जातिको सस्कृति सिङ्गो नेपाली संस्कृतिको अभिन्न अङ्गको रुपमा रहेको तर हाल लेप्चाहरुको संस्कृतिको हरेक पक्षमा अन्तरसास्कृतिक सम्बन्धको कारण, बाह्य प्रभाव, स्वास्थ्य सम्बन्धि कार्यक्रमको प्रभाव, आधुनिकता, शिक्षा आदिको कारणहरुले लेप्चाहरुमा परिवर्तन भएर यस जाति र यस जातिको सस्कृति लोपोन्मूख अवस्थामा पुगेको छ । त्यसैले यस जाति र यस जातिको संस्कृतिलाई सरकारी तथा गैरसरकारी निकायहरुबाट त्यस तर्फ चासो देखाई सम्बन्धित विद्धानहरुबाट व्यापक अनुसन्धान गराई स्थानिय निकायलाई प्रोत्साहनका साथ संरक्षण गरी देशको नै संस्कृति धरोह बचाई राख्न आवश्यक छ ।

# सन्दर्भ सूची (References)


Ahearn, Laura M. (2004), *Invitations to Love, Literacy Love, Letters, and Social Change in Nepal*. The University of Michigan Press.

Bhattachan, Krishna Bahadur (2008), *Minorities and Indigenous People of Nepal, MCARD Nepal.*

Bhattachan, Krishna B (Ed). 1996. *"Emerging Ethnicity and Aspects of Community Adaptation". In Occasional Papers in Sociology and Anthropology.* Central Department of Sociology and Anthropology. Tribhuvan University.

Bhattachan, Krishna B. "*Ethnopolitics and Ethnodevelopment*"; An Emerging Paradigm in Nepal, In Dhruba Kumar, Ed. State, Leadership and Politics in Nepal, Kathmandu: Centre for Nepal and Asian Studies.

Caplan Lionel ( 1970 and 2000) *, Land and social Change in East Nepal* ; Routledge and Kegan paul Limited, london and Himalian Publicetion Nepal .

Chettri, Ram B, Om P. Gurung, 1999. *Anthropology and Sociology of Nepal- Cultures, Societies, Ecology and Development.*

Chhetri, Ram B and Om P Gurung (Ed) 1999, *"Ethnic Identity and Politics of Ethno- Museum in Nepal"* In Anthropology and Sociology of Nepal-cultures, Societies, Ecology and Development. SASON, Nepal.

Ember, Carl R. and Melvin Ember. (1995). *Anthropology.* New Delhi: Prentice-Hall of India Private Limited.

Gorer, Geoffrey. (1996). *The Lepcha of Sikkim.* Delhi:Gyan Publishing House.

Gurung, Harka et all, 2006 *Nepal Atlas of Ethnic and Caste Groups*. NFDIN

Gurung, Harka et all, January 2004, *Development of Nationalities*- A Strategy Paper by Nationalities Development and Coordination Center (NDCC) Kathmandu, Nepal.

Gurung, Harka. Sundar, Malla K. Bhattachan, Krishna B. and Gurung, O. 2004. Development of Nationalities: A Strategv Paper. Nationalities Development and Coordination Center (NDCC) Kathmandu, Nepal.

Jeffrey, Shanti and Juddha. (2000). *The Lapcha of Nepal*. Kathmandu: Udaya Books.

Patton, M.Q. (1990), *Qualitative Evaluation and Research Method, Suga Publication, New Dehli.*

Roy, Rabindra. (2060). *The Real Picture of Lapcha Community in Silam District: Facts and Figer.* An unpublished document. Lalitpur, Nepal: National Foundation for Development of Indigenoud Nationalities (NFDIN) Central office

अर्याल, तिलक (सुजन) (२०६८), *"नेपालका गहना लेप्चा जाति"* अन्तुडाँडा द्वैमासिक पत्रिका अंक २, वर्ष १, पृष्ट २६ (काठमाडौ) ।

आचार्य, मधुसुदन (२०६६) *"सुरेल जातिको उत्पति, धर्म र सस्कृति: एक परिचय"* मकालु पब्लिकेशन

कार्की, रनबहादुर (२०५८), इलाम दर्शन, काठमाडौः श्रीमती डिल्लीकुमारी कार्की ।

खत्री, बिमल (२०६२), *"लेप्चा जातिको सस्कृति, सास्कृतिक विशिष्टता, परिवर्तनको प्रभाव र संरक्षण"* नेपाली इतिहास सस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, कीतिपुर काठमाडौ ।

गुरुङ्ग, ओम (२०६६) नेपालमा जनजाति आन्दोलनका उपलब्धि र चुनौतीहरु, पोरेट, वर्ष १ अकं १, कीर्तिपुर : टियु तमु परिवार

घिमिरे, खगराज (२०५९) "इलामको माइपूर्वका रैथाने लाप्चाहरु पछि परे", *देशानन्तर साप्ताहिक,* वर्ष २०, अङ्क ४१, पृ ४, काठमाडौं ।

घिमिरे, खगराज (२०६०) "बिहे अघि नै छ महिना ससुराली", *राजधानी दैनिक,* बर्ष ३, अङ्क ३३९,पृ ६, काठमाडौं ।

घिमिरे,नन्दकुमार(२०६५)*"मेचे जाति संक्षिप्त परिचय"* झापाः मेचे समाज शिवियारी आफात केन्द्रिय समिति ।

चेम्जोङ्ग,इमानसिंह (२०२६), *लाप्चा-नेपाली-अंग्रेजी शब्दकोश,* काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

छिरीङ्ग, जी (१९७१इ), *लेप्चा जातिको सक्षिंप्त परिचय,* दार्जिलिङ्गः श्याम ब्रदर्श ।

जदअके, (२०६५), *“कुसुन्डा पहिचान र उत्थानको आवश्यक”* ललितपुर, जनजाति तथा दलित अध्ययन केन्द्र ।

जिरेल, टहल (२०६४), *जिरेलको ऐतिहासीक चिनारी,* जिरेल उत्थान समाज ।

जि.सी. गणेश बहादुर (२०५८) *“कुशबाडीया जाति एक छोटो चिनारी”*

तकनीलमु, निमा (१९७८), *लेप्चा जातिको उप्पत्ति औ सृष्टिको एक झल्को,* दार्जिलिङ्गः श्याम ब्रदर्श

नेआजम, (२०४६), *नेपाल आदिबासी जनजाति महासंघको विधान,* काठमाडाः नेपाल अदिबासी जनजाति महासघं ।

पाण्डेय, मधुसुदन (२०६३), *नेपालको जनजातिहरु* (सियार जाति), काठमाडौंः पैरवी प्रकाशन ।

वैद्य, जुद्वप्रसाद (२०४६),“लेप्चा जातिको उत्पत्ति, धर्म र धार्मिक विश्वास,” *अन्तु,* बर्ष १ अङ्क ३ पृ ६६- ७१, नगर प्रतिभा विकाश शाखा, इलाम नगर पंचायत ।

वैद्य, जुद्वप्रसाद (२०६१), “इलामका लाप्चा काजी सुब्बाले पाएको माना-चामल”, *अन्वेषण,* बर्ष १३, पूर्णाङ्क ३, पृ ४-१३, त्रिभुवन विश्वविद्यालय, नेपाल प्रध्यापक संघ, एकाई समिति महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम ।

भट्टचन कृष्ण बहादुर(२००५),आदिवासी जनजातिका सवालमा कानुनी सचेतना,नेतृत्व विकास र जनवकालत ।

भट्टराई, टीका (२०६१), “लेप्चा जाति एवं सस्कृति एक अध्ययन”, *र्मिमिरे* बर्ष ३२,अङ्क १२, पूर्णाङ्क २२३, पृ १०३ -१०६ ।

भट्टराई, देवेन्द्र (२०६०),“एक्लै भए जगतबहादुर”, *नेपाल* बर्ष ३, अङ्क १९, पृ ५ ।

भण्डारी, शंकरप्रसाद (२०५९) *“राजी जाति एक अध्ययन”* ललितपुरः आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

भण्डारी, डा. विश्वनाथ र सीता भण्डारी (२०६१), *झाँगड (उराँव) भाषा र संस्कृतिको एक झलक*

भाण, (२०४५), *लेप्चा जाती तथा गनगाई जातीको सामाजिक, आर्थिक अवस्था एक अध्यायन,* काठमाडौः श्रम तथा समाज कल्याण मन्त्रालय, सिहंदरवार ।

माझी, धनबहादुर (२०६३), *माझी जातिको सस्कार र सस्कृति*

मिश्र, चैतन्य (२०६७), *'बदलिँदो नेपाली समाज' प्रकाशक फाईनप्रिन्ट झम्सिखेल*-३, ललितपुर ।

मोक्तान, धनबहादुर (२०६१), *वनकरिया को हो ?*

रानामगर, संगिता र थापा, गंगा (२०६२), *स्थायी बसोबास गरेका राउटे जातिमा भएको परिर्वतन र अवस्था बारे विश्लेषण*

लिम्बु, सुरेन्द्र कुमार (२०६७ ) *"हायू" आदिवासी जनजातीको एथनोग्राफी २०६७*

लेप्चा,बुद्रकाजी(२०६५),*"इलामका लेप्चा महिलाहरुको सामाजिक,सास्कृतिक तथा आथिर्क पक्षको अध्यायन"* ललितपुर पाटन सयुक्त क्याम्पस पाटन ढोका (एम.ए.शोद्यपत्र) ।

लेप्चा, बिमल (२०५९), *इलाम र आदिबासी लेप्चा सक्षिप्त अवलोकन,* काठमाडौः सरिकार प्रकाशन

लेप्चा, संन्चरमित (२०६६) "एउटा भिन्न जातिको फेहरिस्त" अन्तुडाँडा पत्रिका अंक १, वर्ष १, पृष्ट ४ (इलाम) ।

शर्मा, नगेन्द्र (२०५२), *नेपाली जनजीवन,* ललितपुरः साझा प्रकाशन ।

शर्मा, विष्णुकुमार (२०५०), *"इलाम जिल्लामा लेप्चा जातिको प्रवेश"* इतिहास केन्द्रीय विभाग कीर्तिपुरकाठमाडौ (एम.ए.शोद्यपत्र ) ।

श्रीअन्तु गा.वि.स.,(२०५८) *दिगो विकास योजना,* समालबुङ्ग-श्रीअन्तु गा.वि.स., इलाम ।

सूचना विभाग, (२०१३),*मेचीदेखी महाकाली (भाग एक)* काठमाडौः श्री ५ को सरकार,सूचना विभाग ।

**अनुसूची-१:**

**लेप्चा जातिको अध्ययनको लागि अन्तरवार्तामा सोधिने प्रश्नहरु**

<u>व्यक्तिगत विवरण</u>

नाम :

जिल्ला : गा.वि.स :

उमेर : लिङ्ग : धर्म :

१ **वैवाहिक स्थिती** :

क. विवाहित ख. अविवाहित ग. सम्बन्ध विच्छेद ।

२. **विवाह गर्दाको उमेर** :

क.१०-१५ ख. १५-२० ग. २०-२५ घ. अन्य

३. **विवाहको प्रकार** :

क. प्रेम विवाह ख. मागी विवाह ग. चोरी विवाह घ. जारी विवाह

४. **परिवार संख्या** :

क. २-४ ख. ४-६ ग. ६-८ घ. ८-१० ङ. अन्य च. छोरा छोरी

५. **पारिवारिक संरचना** :

क. एकात्मक परिवार ख. संयुक्त परिवार ग. बृहत परिवार

६.**शैक्षिक स्तर** : साक्षर निरक्षर

क. प्रथमिक ख. माध्यमिक ग. उच्चमकध्यमिक घ. अन्य

७. **मुख्य पेशा :**

क. कृषि ख. नोकरी ग. व्यापार घ. अन्य

८. **सहायक पेशा** :

क. ज्याला ख. मजदुरी ग. दाउरा बेच्ने घ. रोडाको काम ङ. अन्य

**अनुसूची-२:**

**लेप्चा जातिको अध्ययनको लागि सोधिएको प्रश्नावली**

१. लेप्चा जातिको उत्पति र इलाम जिल्लामा यस जातिको आगमन बारे बताईदिनु हुन्छ कि ?

.......................................................................................................................

२. इलामको लेप्चा जाति कहाँबाट आएर बस्न थालेको हो ?

.......................................................................................................................

३.प्रमुख बसोबास रहेको स्थान कँहा कँहा होला भन्न सक्नु हुन्छ ?

.......................................................................................................................

४.कुन मितिमा यस ठाँउमा आउँनु भएको होला ?

.......................................................................................................................

५.लेप्चा जाति लोपोन्मूख अवस्थामा रहेको छ त ? यदि छ भने यसको पछाडि के कारण छ ?

.......................................................................................................................

६. लोपोन्मूख अवस्थामा हुनुमा कसको बढी जिम्मेवारी छ ?

क) सरकारको ख) आफैको ग) जातीय संगठनको

७.लेप्चा जातिको बारेमा केही बताइदिनु होस न ?

.......................................................................................................................

८. तपाँइलाई तपाँईहरुको जाति सरकारबाट सिमांनकृत सुचीमा परेको थाहा छ कि छैन ?

.......................................................................................................................

९. कुन भाषा बोल्नु हुन्छ ?

---

.......................................................................................................................

१०. तपाँई र तपाँईको केटाकेटीले घरमा कुराकानी गर्दा आफ्नो भाषा बोल्छन कि बोल्दैनन ?

.......................................................................................................................

११.तपाँईको कुन जातिसगँ विवाह भएको छ ?

.......................................................................................................................

१२.यदि अन्तर जातीय विवाह भयो भने तपाँईहरुको सस्कृतिमा कस्तो असर पर्छ ?

.......................................................................................................................

१३ं.तपाँईलाई रोङ्ग लिपि लेख्न र पढन आउँछ?

.........................................................................................................................................

१४.लेप्चा जातिको थर गोत्रहरु कतिवटा छन् ?

......................................................................................................................................

१५.लेप्चा जातिको आफ्नो जाति भित्र मात्रै विवाह हुन्छ कि अरु जातिसगँ पनि हुन्छ ?

........................................................................................................................

१६. तपाँईले पढ्नु भए

क) छ ख). छैन

१७. तपाँईको छोरा छोरीले पढेका छन कि छैनन ?

कः छन् खः छैनन्

१८. पहिले र अहिलेको रीतिरिवाजमा के कस्तो परिवर्तन भएको छ ?

.........................................................................................................................

१९. तपाई बिरामी पर्दा कहाँ जानुहुन्छ ?

कः डाक्टर, खः वैद्य गः झाँक्री

२०.लेप्चा जातिको भेषभुषा गरगना के के हुन ?

......................................................................................................................

२१. तपाँईको परिवारमा कति जनाले आफ्नो जातिय भेषभुषा लगाउनुहुन्छ ?

..................................................................................................................

२२. तपाँईको जग्गा छ कि छैन ?

कः छ खः छैन

२३. तपाँईको परिवारबाट पैसा कमाउन देशबाहिर जानुभएको छ कि छैनन ?

कः छन ख : छैनन

२४. तपाँईहरुको मुख्य पेसा के हो ?

क) कृषि ख) पशुपालन ग) व्यापार घ) नोकरी

............................................................................................................................

२५. खेती गर्ने तरिकामा कुनै भिन्नता आएको छ ?

कः छ खः छैन

२६. लेप्चा जातिको नाचहरु के कस्ता छन् ?

..............................................................................................

२७. तपाँई कुन धर्म मान्नुहुन्छ ?

...............................................................................................

२९. जन्म देखि मृत्युसम्मका सस्कारहरु के के हुन ?

...............................................................................................................

३०. लेप्चा जातिको मौलिक चाडपर्वहरु के के हुन ?

...............................................................................................................

३१.लेप्चा जातिको चाडपर्वमा परिर्वतन भएको छ ?

.........................................................................................................

३२. लेप्चा जातिको परम्परागत सस्कृतिमा परिवर्तन भएको छ ?

..............................................................................................................

३३. तपाँईहरुको जातिय उत्थानको निम्ति कस्तो काम गरेको छ ?

...............................................................................................................

३४. लेप्चा सस्कृतिको संरक्षण गर्न कुन कुन निकायले के कस्ता पहल गरेको छ ?

.....................................................................................................................

३४. लेप्चा जातिको संस्कृति लोप भएको कारणले नै त यो जाति लोपोन्मूख अवस्थामा भएको त होइन ?

...............................................................................................................

३५. तपाँईको जातिमा परापूर्व कालदेखि चलिआएको के के कुरा लोप भएको छ ?

...............................................................................................................

३६. लेप्चा जातिको पहिलाको जीवन शैली र अहिलेको जीवन शैलीमा के कस्तो परिवर्तन आएको छ ?

.........................................................................................................

३७. जीवन शैलीमा परिवर्तन हुनका मुख्य मुख्य कारण के के हुन ?

...............................................................................................................

३८. लेप्चा जातिको कुनै व्याक्ति राजनीतिमा समाबेश भएका छन् कि छैन्न ?

.........................................................................................................

३९. यदि लेप्चा जाति र यस जातिको सस्कृतिलाई लोप हुनबाट जोगाँउन राजनीतिको कस्तो भुमिका हुन्छ ?

.........................................................................................................

**सहयोगका लागि हार्दिक धन्यवाद ।**

**अनुसूची -: ३**

**लेप्चा जातिसगँ जानकार व्याक्ति, बुढापाका तथा लेप्चा लामा वा जातिहरु सगँ अन्तरवार्ताको लागि चेकलिष्ट**

१. लेप्चा जातिको उत्पति र आगमन ।

२.जग्गा जमिनमा लेप्चा जातिको पहुँच हराउदै जानु ।

३. जातिय परम्परागत भेषभुषा, भाषा, लिपि,सस्ंकृती र विश्वास ।

४.आधुनिकीकरण, विश्वव्यापीकरण,पश्चिमीकरण आदिको प्रभाव ।

५.यीनिहरुको जीवन शैलीमा आएको परिवर्तन ।

६.विगतको लेप्चा जातिको राजा काजीको भूमिका ।

७.धामिर्क विश्वास ।

८.आर्थिक, राजनैतिक, सामाजिक अवस्था ।

९. चाड पर्व मनाउने र लेप्चा जातिको संस्कार गर्ने तरिका ।

१०. लेप्चा जातिको जीवन शैलीलाई प्रभाव पार्ने तत्वहरु ।

११.समाज राज्यमा यीनिहरुको स्थान र भूमिका ।

१२. लेप्चा जाति लोपोन्मूख हुनका कारणहरु ।

१३. रोजगारी र जीवनयापनको अवस्

## अनुसूची :-४

### लेप्चा जातिका थरहरु :-

१ .देन्छोप

२. वरफमो

३ .लोक्समो

४ .मोरोङमो

५. ल्होमू

६. बर्म्याब्मो

७. तुकन्यात्यो

८. गुर्लिमो

९. लिम्दुङम्रो

१०. सुङदचामो

११. लिङदामो

१२. सदामो

१३. होमो

१४. कुर्मुत्मो

१५ .मङममो

१६ .रोङगोङ

१७. पोङमो

१८. नमच्यूमो

१९. तक्नीलमो

२०. अधेङमो